जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २७ • अंक ३१७ • २०८३ साल बैशाख ३ गते विहीबार (16 April, Thursday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

## जुडशीतल सम्पन्न

टुडे समाचारदाता

जनकपुरधाम । तराई-मधेश-मिथिला क्षेत्रमा मनाइने जुडशीतल पर्वको दोस्रो दिन बुधबार मान्यजनबाट आशीर्वादस्वरुप टाउकोमा जलले जुराएर मनाइएको छ । वैशाख सङ्क्रान्तिसंगै शुरु हुने दुईदिने जुडशीतल पर्वमा शीतलताको प्रतीकस्वरुप मान्यजनबाट शिरमा जलसेचन लिने पुरानो मैथिली परम्परा हो। यसअघि वैशाख सङ्क्रान्तिका दिन जुडशीतल पर्वको पहिलो दिन मैथिलले 'सतुवाइन' विधि मङ्गलबार नै सम्पन्न भएको छ।



बुधबार बढ्दो गर्मीको चापबीच जीवनमा शीतलताको कामना गर्दै 'जुडशीतल' मनाइएको छ । विक्रम संवत् परम्पराको नयाँ वर्ष शुरु भएको अवसरमा पहिलो दिन 'सतुवाइन' विधिबाट शुरु हुने यो पर्वमा दोस्रो दिन घरपरिवारका श्रेष्ठजनले आफूभन्दा सानालाई शिरमा जल सिञ्चित गर्दै आरोग्यता, शीतलता र दीर्घजीवनको आशीर्वाद दिने गर्छन् । पहिलो दिन वैशाख सङ्क्रान्तिमा जौं, चनाको सातु, चिसो पानीमा बनेको सर्वत खाए, पिएर 'सतुवाइन' मनाइएको छ।

नयाँ वर्षले आरोग्य जीवन देओस् भन्ने पर्वको मुख्य सन्देशको रुपमा लिइने गरिन्छ । गर्मी मौसमको यस पर्वमा चना, मुँग र कँगनोसहितको सातु पहिलो दिन इष्टदेवलाई चढाएर खाने चलन छ । यसैगरी दोस्रो दिन बुधबार चना र मुँगकै दाल, यीनको पीठोको बेसनमा काँचो केरा, लौका र परवलको तरुवा, सोहिजन (मुन्गा)को तरकारी, बदामको पीठोबाट बनाइएको बरी र दही मथेर करी (कढी) पकाएर खाने परम्परा छ । यसै परम्पराअनुसार घरघरमा पर्वका लागि विभिन्न परिकार बनाइएको छ।

सहकालको प्रतीक मानिने यस पर्वको दोसो दिन वर्षभरि अनुकूल वर्षाको कामना गर्दै समवयीबीच धुलो माटो र हिलोसमेत खेल्ने परम्परा रहिआएको छ । यस खेलमा किशोर र युवा खेलेका छन् । यसै दिन आफ्ना खेतबारीका रुख बिरुवामा पानी सिञ्चित गरेर कहिल्यै आवश्यक चिस्यानको कमी नहोस् भन्ने कामना गरिन्छ। जुडशीतलका अवसरमा घरमुली आफ्नो बगैंचामा डुल्छन् । यसरी यो पर्वमा आफ्ना बगैंचाका रुख, बिरुवा नजिकबाट नियालेर सहलाउँदा र सिञ्चित गरिँदा कहिल्यै खडेरीको चपेटामा परेर नमर्ने धार्मिक विश्वास रहेको छ।

## दलका पदाधिकारी र कर्मचारीको सम्पत्ति छानबिन हुने
# सरकारद्वारा जाँचबुझ आयोग गठन, सवारीसाधनको विवरण संकलन गर्न निर्देशन

टुडे समाचारदाता

काठमाण्डु । बालेन्द्र साह नेतृत्वको सरकारले मुलुकमा गणतान्त्रिक शासन व्यवस्था स्थापना भएसंगै सरकारमा सहभागी भएका राजनीतिक दलका पदाधिकारी, जनप्रतिनिधि र उच्च पदस्थ कर्मचारीहरुको सम्पत्ति छानबिन गर्ने भएको छ।

सिंहदरबारमा बुधबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बैठकबाट आर्थिक वर्ष २०६२/६३ देखि २०८२/८३ सम्म २० वर्षको अवधिमा सार्वजनिक पद धारण गरेका राजनीतिक दलका पदाधिकारी र उच्च पदस्थ कर्मचारीहरूको सम्पत्ति विवरण संकलन तथा छानबिन गर्ने निर्णय गरिएको छ। यसका लागि छानबिन गर्ने जिम्मेवारीमा यसअघि सम्पत्तिमा कैफियत देखाइएका एकजना न्यायाधीश पनि परेका छन्।



सर्वोच्च अदालतका पूर्वन्यायाधीश राजेन्द्रकुमार भण्डारीको संयोजकत्वमा चार सदस्यीय 'सम्पत्ति जाँचबुझ छानबिन आयोग' गठन गरिएको छ । आयोगका सदस्यहरूमा पूर्वन्यायाधीशद्वय चण्डीराज ढकाल र पुरुषोत्तम पराजुली, पूर्व प्रहरी नायव महानिरीक्षक गणेश केसी र चार्टर्ड एकाउण्टेन्ट प्रकाश लम्साल रहेका छन्।

जसमध्ये पुरुषोत्तम पराजुली २०५९ सालमा सर्वोच्च अदालतका न्यायाधीश भैरवप्रसाद लम्सालको अध्यक्षतामा उदयराज उपाध्याय र ज्ञाइन्द्रबहादुर श्रेष्ठ सदस्य रहेको सम्पत्ति जाँचबुझ आयोगले अकुत सम्पत्ति कमाएको भन्दै कारबाही सिफारिस गरेको थियो। त्यतिबेला जनकपुरधाम या इलाम पुनरावेदन अदालतमा तैनाथ उनलाई केदारनाथ उपाध्याय नेतृत्वको न्यायपरिषद्ले सामान्य सोधपुछ गरेको थियो।

सरकारको उक्त निर्णयप्रति छानबिन समितिका संयोजकजस्ता पात्र चयन गरिएपछि न्याय क्षेत्रमा पनि असन्तुष्टि चुलिएको छ।

सरकार गठन भएलगत्तै गत वर्षको चैत १३ गते १५ दिनभित्र यस्तो समिति गठनको निर्णय गरिएको थियो।

सरकारद्वारा सार्वजनिक गरिएको शासकीय सुधारसम्बन्धी १०० बुँदे कार्यसूचीको ४३औँ बुँदामासमेत यस विषयलाई प्राथमिकतामा राखिएको थियो।

त्यस्तै गत २३ र २४ भदौको घटनाको जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयनलाई अघि बढाउने निर्णय पनि सरकारले गरेको छ।

सुरक्षा संयन्त्रको हकमा अध्ययन गरी सिफारिस गर्न उच्च अदालतका न्यायाधीश प्रेमराज कार्कीको संयोजकत्वमा समिति गठन गरेको छ । समितिमा सशस्त्र प्रहरी बलका पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक सुबोध अधिकारी र नेपाल प्रहरीका पूर्वअतिरिक्त महानिरीक्षक टेकप्रसाद राई सदस्य रहेका छन्।

२०८२ भदौ २३ र २४ गते घटेको घटना जाँचबुझ गर्न गठित पूर्व न्यायाधिश गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगले पेश गरेको प्रतिवेदन कार्यान्वयन गर्न समिति गठन गरिएको छ।

त्यस्तै मन्त्रिपरिषद् बैठकबाट नेपाल र भारतबीच भएको फौजदारी विषयमा पारस्परिक कानुनी सहायता सम्बन्धी सम्झौता स्वीकार गर्दै सोको सूचना जानकारीका लागि प्रतिनिधि सभामा पेश गर्ने निर्णय समेत गरिएको सरकारका प्रवक्ता समेत रहेका शिक्षामन्त्री सस्मित पोखरेलले जानकारी दिए।

यता मन्त्रिपरिषद्को कार्यालयले सम्पूर्ण मन्त्रालयहरूलाई आफ्ना मातहतमा रहेका सवारी साधनहरूको विस्तृत विवरण उपलब्ध गराउन निर्देशन दिएको छ।

सबै मन्त्रालयहरूलाई पत्राचार गर्दै मन्त्रालय, विभाग र मातहतका कार्यालयहरूमा प्रयोगमा रहेका तथा मर्मत कार्य भइरहेका दुई पाङ्ग्रे र चार पाङ्ग्रे सवारी साधनहरूको विवरण माग गरेको छ।

सचिवस्तरीय निर्णयानुसार माग गरिएको पत्रमा उल्लेख भए अनुसार सबै मन्त्रालयले २०८३ वैशाख ३ गते कार्यालय समयभित्रै तोकिएको ढाँचामा विवरण अनिवार्य रूपमा बुझाउनुपर्नेछ।

प्रधानमन्त्री कार्यालयले सवारी साधनको पारदर्शी व्यवस्थापनका लागि सवारीको ब्रान्ड र मोडल, सवारी साधन नम्बर, गियर सिस्टम, इन्धनको प्रकार (डिजेल-पेट्रोल-विद्युतीय), प्रयोगकर्ताको नाम र पद, सवारी साधनको वर्तमान अवस्था (चालु वा मर्मतमा रहेको) विवरण माग गरिएको छ।

सिंहदरबारभित्रका सवारी साधनहरूको वैज्ञानिक व्यवस्थापन र सरकारी स्रोतको उचित प्रयोग भए-नभएको अनुगमन गर्न यो विवरण माग गरिएको बुझिएको छ।

## लाइट जडानको नाममा अनियमितता गरेको भन्दै स्थानीय सक्रिय

टुडे समाचारदाता

सिरहा । सिरहाको एक स्थानीय तहमा लाइट जडानको नाममा अनियमितता गरेको भन्दै स्थानीयहरु सक्रिय भएका छन्। उनीहरुले स्थानीय प्रशासन र अख्तियारलाई समेत गुहारेका छन्।

सिरहाको कल्याणपुर नगरपालिकामा कर्मचारी, जनप्रतिनिधि र व्यवसायीको मिलेमतोमा काम नहुँदै भुक्तानी गरी सरकारी रकम अपचलन गरेको आरोप लगाउँदै स्थानीयले छानबिनका लागि अख्तियार दुरुपयोग आयोग र स्थानीय प्रशासनलाई गुहारेका छन्। नगरपालिका केन्द्रसमेत रहेको कल्याणपुर-११ को मुख्य बजारमा रहेको दुर्गा मन्दिरमा लाइट जडान कार्य सम्पन्न नै नगरी अमित सप्लायर्सलाई सात लाख ९१ हजार ३७४ रुपैयाँ भुक्तानी दिइएको भन्दै स्थानीयले गत २७ चैतमा छानबिनका लागि स्थानीय प्रशासनमा उजुरी गरेका छन्। त्यसअघि नै स्थानीयले अख्तियारमा समेत उजुरी गरेका छन्।




उजुरीमा नगरको आर्थिक वर्ष ०८२/८३ को नगरसभाबाट स्वीकृत दुर्गा मन्दिरमा लाइट जडानका लागि १० लाख रुपैयाँ बजेट योजना नै सञ्चालन नगरी कागजी प्रक्रिया पुऱ्याएर कार्यवाहक प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, लेखा अधिकृत र जिन्सी शाखा प्रमुखले रकम अपचलन गरेको सम्बन्धमा तत्काल छानबिन गरी आवश्यक कारबाहीको माग गरिएको छ। उक्त योजना सञ्चालनका लागि गत २९ असोजमा दिइएको सम्झौता कार्यादेश, १२ कात्तिकको खरिद आदेश र २५ चैतमा प्राप्त भुक्तानीको प्रमाणसहित स्थानीयले दिएको उजुरीमा जिल्ला प्रशासन कार्यालयले नगरको प्रशासन र लेखाका कर्मचारी झिकाएर यथार्थ बुझी विस्तृत प्रतिवेदन बुझाउन भनेको छ।

> उजुरीमा नगरको आर्थिक वर्ष ०८२/८३ को नगरसभाबाट स्वीकृत दुर्गा मन्दिरमा लाइट जडानका लागि १० लाख रुपैयाँ बजेट योजना नै सञ्चालन नगरी कागजी प्रक्रिया पुऱ्याएर कार्यवाहक प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, लेखा अधिकृत र जिन्सी शाखा प्रमुखले रकम अपचलन गरेको सम्बन्धमा तत्काल छानबिन गरी आवश्यक कारबाहीको माग गरिएको छ ।

सप्लायर्सले मन्दिर र परिसर क्षेत्रमा लाइट जडानसँगै फ्लड लाइट, एलइडी बल्ब, एडप्टर, प्रोजेक्टर बत्ती, बिजुलीको तारसहित अन्य नेटवर्किङ सामग्रीलगायत विद्युतीय सामग्री उपलब्ध तथा जडान गराउने जिम्मा लिए पनि सामान मात्र खरिद गरी त्यसको भुक्तानी लिएर अन्य काम नगरेको स्थानीयको आरोप छ। स्थानीय विजयकुमार साह भन्छन्, 'काम नै नगरी रकम भुक्तानी दिनु भ्रष्टाचार हो, त्यसमा संलग्न जोसुकै भए पनि कारबाहीको दायरामा ल्याइनुपर्छ।' कार्यादेशअनुसारको काम नै सम्पन्न नगरी सम्झौता भएको १५ दिनमै भुक्तानी दिनुले पनि कमिसनको खेल भएको पुष्टि हुने उनले दाबी गरेका छन्।

नगरपालिकाले मन्दिरमा लाइट जडानसम्बन्धी योजना बजेटको र कामको विषयमा सूचनाको हकसम्बन्धी अधिकार प्रयोग गरी कागजात माग गरेपछि आफूहरूले काम नै नगरी भुक्तानी दिएको जानकारी पाएको स्थानीय शीतल साहले बताए। 'कामै नगरी भुक्तानी गरिएको सूचना पाएपछि पुष्टिका लागि अर्को सूचना माग गऱ्यौं,' उनले भने, 'त्यसपछि मात्र कार्य सम्पन्न नगरी रकम भुक्तानी गरिएको यकिन भएको हो।' सरकारी रकम अपचलनमा संलग्न सबैमाथि कारबाही हुनुपर्ने उनको माग छ।

कल्याणपुर नगरपालिका- ११ का अध्यक्ष परमेश्वर साहले नगरस्तरीय योजना भएकाले वडाबाट कार्य सम्पन्नताको सिफारिस आवश्यकता नभएको र भुक्तानी प्रक्रियाको विषयमा आफूलाई थाहा नभएको बताए। उनले भने, 'सप्लायर्सले खरिद गरेको सामान स्टोरमा दाखिला भएको र मन्दिर व्यवस्थापन समितिले गरिरहेको कामको कारणले लाइट जडान नभएको भन्ने सुनेको छु, त्यसबाहेक के-के भयो भन्न सक्दिनँ।'

योजनाको सम्झौता, कार्यादेश खरिद भुक्तानीमा जोडिएका तत्कालीन प्रशासकीय अधिकृत श्रीदेव यादवले आफ्नै कार्यकालमा कोटेसेनमार्फत काम भएको बताए। सम्झौतापछि कार्यादेशबमोजिम काम गर्न ठेकेदार गएको, तर मन्दिर निर्माण भएपछि मात्र लाइट जडान गर्न अनुरोध गरेपछि काम रोकिएको उनले बताए। योजना सम्पन्न नगरी भुक्तानी दिन मिल्छ भन्ने प्रश्नमा उनले सामग्री खरिदको बिलबापतको मात्र भुक्तानी दिइएको अन्य भुक्तानी नदिइएको बताए।

भौतिक पूर्वाधार विकास शाखाका प्रमुख इञ्जिनियर सुधीरकुमार यादवले फाइल अध्ययन गरिरहेको बताए। नगरका जिन्सी शाखा प्रमुख परशुराम कार्कीले भने प्रशासकीय अधिकृत सरुवा भएर अन्यत्र जाने भएकाले हतारमा भुक्तानी गरिएको बताए।

अमित सप्लायर्सका प्रतिनिधि हरेराम साहले आफूले जिम्मा लिएको सबै काम सम्पन्न गरिसकेको दाबी गरे। साहले भने, 'हामीले काम गरे-नगरेको विषयमा मन्दिरमै गएर हेर्नुस्, स्थानीयको अवरोधका कारणले नोक्सानी व्यहोरेर पनि सम्झौताबमोजिमको काम सम्पन्न गरेका छौं।'




# रोयल इनफिल्ड (बुलेट) को 'गोवन क्लासिक ३५०' सार्वजनिक



**टुडे समाचारदाता**

वीरगञ्ज । मिड-साइज मोटरसाइकल सेग्मेन्टमा अग्रणी ब्रान्ड रोयल इनफिल्ड(बुलेट) ले नेपालमा २०२६ एडिसन 'गोवन क्लासिक ३५०' सार्वजनिक गरेको छ। बोबर-इन्स्पायर्ड डिजाइनमा आधारित यो नयाँ मोडललाई कम्पनीले राइडर-केन्द्रित आधुनिक सुविधासहित बजारमा ल्याएको जनाएको छ। जसले नेपाली बजारमा प्रिमियम मोटरसाइकलप्रेमीको ध्यान आकर्षित गर्ने अपेक्षा गरिएको छ।

नयाँ 'गोवन क्लासिक ३५०' मा ३४९ सीसी क्षमताको एयर-अयल कूल्ड सिंगल सिलिन्डर इन्जिन जडान गरिएको छ। उक्त इन्जिनले ६,१०० आरपीएममा २०.२ बीएचपी पावर र ४,००० आरपीएममा २७ एनएम टर्क उत्पादन गर्छ । ५-स्पिड गियरबक्ससहित उपलब्ध यो मोटरसाइकलले सहरको व्यस्त सडकदेखि लामो राजमार्गसम्म सहज, सन्तुलित र आरामदायी राइडिङ अनुभव दिने कम्पनीको दाबी छ।

प्रविधिगत रूपमा पनि यो मोडललाई आधुनिक बनाइएको छ। यसमा असिस्ट-एन्ड-स्लिपर क्लच, ग्क्ष्य टाइप- सी चार्जिङ पोर्ट तथा डाउनशिफ्ट गर्दा थप नियन्त्रण दिने प्रणाली जस्ता विशेषता समावेश गरिएका छन् । यी सुविधाले राइडिङलाई अझ सुरक्षित, सहज र प्रयोगमैत्री बनाउने विश्वास गरिएको छ।

डिजाइनतर्फ 'गोवन क्लासिक ३५०' ले विशेष पहिचान बनाउने देखिन्छ। सिंगल-सिट बबर स्टाइलिङ, फ्लोटिंग राइडर सिट, ह्वाइटवाल ट्युबलेस स्पोक ह्वील, हेलिकप्टर-स्टाइल फेन्डर, स्ल्याश-कट एक्जस्ट र मिड-एप ह्यान्डलबार जस्ता विशेषताले यसलाई प्रिमियम तथा स्टाइलिस लुक प्रदान गरेका छन्। क्लासिक डिजाइन र आधुनिक टचको संयोजनले युवादेखि अनुभवी राइडरहरूसम्मलाई लक्षित गरेको कम्पनीको भनाइ छ।

लन्च कार्यक्रममा अल्फा अटोमोटिभ प्रा.लि. का निर्देशक मेघराज पौडेलले 'गोवन क्लासिक ३५०' नेपाली बजारका लागि आकर्षक विकल्प बन्ने विश्वास व्यक्त गरे । उनका अनुसार स्वतन्त्र जीवनशैली रुचाउने तथा फरक पहिचान खोज्ने राइडरहरूका लागि यो मोटरसाइकल उपयुक्त हुने छ।

कम्पनीका अनुसार यो मोडल नेपालभरका आधिकारिक शोरुमहरूमा उपलब्ध हुनेछ। यसको एक्स-शोरुम मूल्य ह्याक ब्ल्याक एण्ड पर्पल हेज भेरियन्टका लागि ५ लाख ९८ हजार रुपैयाँ तथा ट्रिप टिल एण्ड रेभ रेड भेरियन्टका लागि ६ लाख २ हजार रुपैयाँ निर्धारण गरिएको छ।

सन् १९०१ मा स्थापना भएको रोयल इनफिल्ड(बुलेट) विश्वकै सबैभन्दा पुराना मोटरसाइकल ब्रान्डमध्ये एक हो।

# टिभिएसको मोटरसाइकल खरीद गर्दा सुनको सिक्का उपहार




**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको नगराईन नगरपालिका ८ का मिन्टु कुमार यादवले सुनको सिक्का उपहार पाएका छन् ।

गत फाल्गुन ३ गत्ते मिन्टुले जनकपुरधामको टिभिएस मोटरसाईकल सोरुमबाट २ लाख ९९ हजारमा राईडर मोटरसाईकल खरील गरेका थिए। सो बेला टिभिएसको विभिन्न लक्कि ड्र अफरहरु जारी रहेको थियो। ती अफरहरुमध्ये एक जना लक्कि विजेताले सुनको सिक्का पाउने भनिएकोमा सो उपहार खिरखिरीयाका २१ वर्षिय मिन्टुले प्राप्त गरेका छन् ।

सोरुमका सञ्चालक रामबालक महत्तो -संजिव)ले बुधबार जनकपुरधामको बाह्रविघा मैदानमा जारी टिभिएसको स्मार्ट एक्सचेन्ज मेलामा सुनको सिक्का मिन्टुलाई दिएका छन् । मिन्टुले आफूलाई सुनको सिक्का जितेको विश्वासनै नलागेको बताए। उनले आफूले खरीद गरेको टिभिएसको मोटरसाईकल अन्य मोटरसाईकल भन्दा धेरै राम्रो र बढी माइलेज दिने गरेको सुनाए।

बाह्र विघा मैदानमा जारी एक्सचेन्ज मेलामा मंगलबार अपाचे मोडलको मोटरसाईकल खरीद गरेका जनकपुरधाम उपमहानगरपालिका २४ बसहियाका त्रीचन्दन सहनीले रु २५ हजार उपहार जितेको आर एन अटोमोबाईल्सका संचालक महत्तोले जानकारी दिए। उनले टिभिएसले धनुषासहित मधेश प्रदेशका जिल्लाहरुमा गुणस्तरीय सेवाका साथै विभिन्न स्किम र उपहारहरु दिने गरेको बताए।

# राष्ट्रिय आर्थिक गणना शुरु



काठमाण्डु । देशको समग्र आर्थिक अवस्थाबारे बुझ्न तथा विकास योजना तर्जुमा गर्न आवश्यक पर्ने विस्तृत विवरण सङ्कलनका निम्ति दोस्रो राष्ट्रिय आर्थिक गणना शुरु भएको छ।

देशभर ८४ वटा जिल्ला आर्थिक गणना कार्यालय स्थापना गरेर तथ्याङ्क सङ्कलन थालेको राष्ट्रिय तथ्याङ्क कार्यालयले जनाएको छ।

उक्त कार्यालयले आज यहाँ पत्रकार सम्मेलन गरेर चार हजार ४३३ जना तालिमप्राप्त गणक तथा सुपरीवेक्षक आगामी असार ७ गतेसम्म तथ्याङ्क सङ्कलनमा परिचालन हुने जानकारी दिएको हो।

उक्त कार्यालयका प्रवक्ता ढुण्डीराज लामिछानेका अनुसार उद्योग, व्यापार, सेवा, निजी व्यवसाय, सहकारी तथा सार्वजनिक संस्थानहरूको सङ्ख्या, वितरण, रोजगारी, उत्पादन तथा सेवा प्रवाहसम्बन्धी विस्तृत विवरण सङ्कलन गरिने छ।

अन्तरराष्ट्रिय औद्योगिक वर्गीकरणअनुसार अर्थतन्त्रका २१ मध्ये १८ क्षेत्रमा आधारित आर्थिक क्रियाकलापलाई गणनामा समेटिएको छ । गणनामा दर्ता भएका तथा नभएका साना-ठूला व्यवसाय, गैरसरकारी संस्था, विद्यालय, अस्पताललगायत आर्थिक गतिविधिमा संलग्न एकाइहरूमा समावेश छन् भने कूटनीतिक नियोग, सुरक्षा निकाय तथा घरायसी क्रियाकलापलाई गणनामा समावेश गरिएको छैन।

"गणनालाई सफल बनाउन केन्द्रदेखि स्थानीय तहसम्म समन्वय समितिहरू गठन गरिएका छन् । साथै, स्थानीय तह र वडा कार्यालयसँग सहकार्य, उद्योग व्यवसायसँग सम्झौता तथा सञ्चारमाध्यममार्फत प्रचारप्रसार गरिएको कार्यालयले जनाएको छ।

रेडियो, टेलिभिजन तथा डिजिटल माध्यमबाट जनचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालनमा छन्", प्रवक्ता लामिछानेले भन्नुभयो, "प्राविधिक रूपमा गणनालाई सुदृढ बनाउन अनलाइन 'इ-सेन्सस' प्लेटफर्म सञ्चालनमा ल्याइएको छ भने भौगोलिक सूचना प्रणाली (जिआइएस) मार्फत गणना क्षेत्र पहिचान गरिएको छ।"

साथै उहाँले उद्यमी, व्यवसायी, सेवा प्रदायक तथा सङ्घसंस्थालाई सत्य, पूर्ण र विश्वसनीय विवरण उपलब्ध गराउन आग्रह गर्नुभयो।

सङ्कलित सबै विवरण तथ्याङ्क ऐन, २०७९ अनुसार गोप्य राखिने छ। रासस

# हिमाली क्षेत्र विकास प्राधिकरण स्थापना डा रोकायको माग

काठमाण्डु । नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का केन्द्रीय सदस्य डा दीपेन्द्र रोकायले हुम्ला जिल्लाको समग्र विकासलाई राष्ट्रिय प्राथमिकताको सूचीमा राख्न आग्रह गर्दै सरकारलाई ६४ बुँदे ज्ञापनपत्र बुझाउनुभएको छ।

हुम्ला कुनै समय राज्यको केन्द्रमा रहेको ऐतिहासिक तथ्य स्मरण गराउँदै निरन्तर उपेक्षाका कारण आज दुर्गमताको प्रतीक बनेको उहाँले गर्नुभएको छ। उहाँले भन्नुभयो, "अब सामाजिक न्यायको आधारमा सबभन्दा पछाडि रहेको हुम्लालाई पहिलो प्राथमिकतामा राख्नुपर्छ।"

नेता डा रोकायले आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा हुम्लाको ठोस र परिणाममुखी सम्बोधन हुनुपर्ने भन्दै प्रधानमन्त्री कार्यालय र अर्थ मन्त्रालयमा आफ्नो पत्र बुझाउनुभएको हो। उक्त प्रस्तावमा कर्णाली करिडोरका पिलु-तुम्च, तुम्च-छार्या, छार्या-सिमकोट, सिमकोट-हिल्सा खण्डको स्तरोन्नति, प्रत्येक गाउँसम्म राष्ट्रिय प्रसारण लाइन विस्तार र सबै पालिका केन्द्र हुँदै सीमावर्ती हिल्सासम्म अप्टिकल फाइबर पुर्‍याउनुपर्नेमा जोड दिइएको छ।

हिमाली क्षेत्र विकास प्राधिकरण स्थापना, हिल्सामा क्वारेन्टाइन तथा यारीमा सुक्खा बन्दरगाह निर्माणजस्ता रणनीतिक पहलमार्फत हुम्लालाई क्षेत्रीय व्यापार र आवागमनको केन्द्र बनाउने दृष्टि प्रस्तुत गरिएको छ।

हुम्ला कर्णाली-१ र २ जस्ता ठूला जलविद्युत् आयोजनामा सहजीकरण, साना आयोजना राष्ट्रिय ग्रिडमा जोड्ने तथा सिमकोटलाई सौर्य ऊर्जामार्फत लोडसेडिङमुक्त बनाउने छ ।रासस

# तनहुँका दुई पालिकामा केन्द्रीय निर्देशनअगावै पठनपाठन हुने



डुम्रे । सङ्घीय सरकारले शैक्षिक सत्र २०८३ को पठनपाठन वैशाख २१ गतेबाट सुरु गर्न निर्देशन दिएको पनि तनहुँका दुई स्थानीय तहले त्यसअघि नै पठनपाठन सुरु गर्ने भएका छन् ।

आबुँखैरेनी गाउँपालिकाले बुधबार अर्थात् आजदेखि र बन्दीपुर गाउँपालिकाले वैशाख ९ गतेदेखि पठनपाठन शुरु गर्ने भएका छन् । दुवै पालिकाले सोमबार सूचना प्रकाशित गरी पठनपाठन सुरु हुने मिति ताकिसकेका छन् ।

"सङ्घीय सरकारले वैशाख २१ देखि पठनपाठन सुरु गर्ने निर्णय गरे पनि नेपालको संविधान तथा प्रचलित कानुनअनुसार आधारभूत तथा माध्यमिक तहसम्म शिक्षाको व्यवस्थापनसम्बन्धी अधिकार स्थानीय तहको भएबमोजिम स्थानीय आवश्यकतालाई मध्यनजर गरी यो निर्णग गरिएको हो। गाउँ कार्यपालिकाको चैत ३० गतेकोनिर्णयअनुसारगाउँपालिकाको शैक्षिक क्यालेन्डरबमोजिम अन्तर्गतका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयले वैशाख २ गतेदेखि विद्यार्थी भर्ना अभियान तथा पठनपाठन गर्न गराउन सूचना प्रकाशित गरिएको छ", आबुँखैरेनी गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले भन्नुभएको छ।

यसैगरी बन्दीपुर गाउँपालिकाले गाउँ शिक्षा समितिको निर्णयअनुसार आजदेखि ८ गतेसम्म भर्ना अभियान सञ्चालन गर्ने, शैक्षिक सत्र २०८३ को कार्ययोजना र वार्षिक कार्यतालिका निर्माण, विद्यार्थीको सिकाइ उपलब्धि सुधारसम्बन्धी योजना र वैशाख ९ गतेबाट नियमित पठनपाठन सुरु गर्ने निमित्त प्रमुख प्रशासकीय अधिकृत भीमप्रसाद लामिछानेले जारी गरेको सूचनामा उल्लेख छ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रले चैत २६ गते देशभरका सबै स्थानीय तहलाई पत्र पठाउँदै शैक्षिक सत्र २०८३ को भर्ना अभियान वैशाख १५ र पठनपाठन २१ गतेबाट मात्र सुरु गर्नलगायत निर्देशन दिएको छ । रासस

# चौथो गोरखा-जितगढी पदयात्रा पुग्यो पाल्पा



**टुडे समाचारदाता**

पाल्पा । चौथो गोरखा-जितगढी पदयात्रामा सहभागी नेपाली सेनाको टोली पाल्पा आइपुगेको छ। सो टोली गोरखा, तनहुँ, स्याङ्जा हुँदै बुधबार पाल्पा आइपुगेको छ।

ट ा े ल ी ल े चैत २७ गतेदेखि पदयात्रा सुरु गरेको थियो। पदयात्रामा आएको फौजले पाल्पामा तैनाथ फौजलाई पाल्पा र स्याङ्जाको सिमाना केलादीघाटमा झण्डा हस्तान्तरण गरेको छ । उक्त टोलीलाई आज बिहान भव्य स्वागत गरिएको छ।

स्वागतमा तनहुँबाट आएको सेनाको टोलीले पाल्पाको रामपुर नगरपालिकाका नगरप्रमुख रमणबहादुर थापालाई झण्डा हस्तान्तरण र २ नम्बर राज दल गणका प्रमुख सेनानी अनुप थापाले २२ नम्वर गणका बाहिनी पति विमलराज शर्मालाई बलेको दियो टर्च हस्तान्तरण गर्नुभएको थियो । टोलीलाई पाल्पास्थित नेपाली सेनाको दि फेमस महिन्द्र दल गणले केलादीमा स्वागत गरेको हो।

ऐतिहासिक महत्व बोकेका गढी, किल्ला, युद्धस्थल, पदमार्गलगायतका धरोहरको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्ने तथा सैनिक इतिहासको जगेर्ना गर्ने उद्देश्यले सेनाले पदयात्रा गरिरहेको छ। उक्त पदयात्राका क्रममा सेनाको टोली अहिले पाल्पा आइपुगेको हो।

यात्राले ऐतिहासिक गढी, किल्ला, दरबार तथा एकीकरणको क्रममा प्रयोग भएका मार्गहरू पहिचान गरी, संरक्षण, सम्वर्द्धन र विकास गर्न सघाउ पुग्ने प्रमुख जिल्ला अधिकारी विनु बज्राचार्य कुँवरले विश्वास व्यक्त गरे । नेपाली सेनाको आयोजना र स्थानीय तहहरूको सहयोगमा सेना पदयात्रामा निस्किएको हो ।

उक्त टोलीको प्रतिनिधिमण्डल र पाल्पास्थित 'दि फेमस महिन्द्र दल गण'ले पाल्पाको गढी तथा किल्लासम्मको यात्रा गर्ने छन् । उक्त टोलीले पहिलो दिन केलादीघाट हुँदै विरकोट, पूर्वखोला ३५ किलोमिटर यात्रा गर्दै छ । वैशाख ३ गते विरकोट, पूर्वखोलादेखि गोठादी, माथागढी, ३९ किलोमिटर टोलीले पदयात्रा गर्ने पाल्पास्थित 'दि फेमस महिन्द्र दल गण' कार्यवाहक सेनानी डिलबहादुर राना मगरले जानकारी दिए। उनका अनुसार वैशाख ४ गते गोठादी, माथागढीदेखि प्रभास, तानसेन ३५ किलोमिटर यात्रा गर्ने छ।

वैशाख ५ गते प्रभास-तानसेन काजीपौवा हुँदै प्रभास १७ किलोमिटर यात्रा गर्ने छ । वैशाख ६ गते प्रभासदेखि दोभान ३२ किलोमिटर यात्रा हुने छ। वैशाख ७ गते नेपाली सेनाले अङ्ग्रेज सेनालाई पराजित गरी विजय उत्सव गरेको दिन पदयात्रा टोलीले दोभान नुवाकोटगढी देउरालीमा पुगी बुटवलको टोलीलाई झण्डा हस्तान्तरण गरी जितगढी विजय उत्सवमा सहभागी हुने कार्यक्रम रहेको छ।

तत्कालीन समयमा राज्य एकीकरणको क्रममा प्रयोग भएका सम्पदा गढी, किल्ला, मार्ग देखि नेपाल-अङ्ग्रेज युद्ध र नेपाली सेनाको विरासतसँग जोडिएका ऐतिहासिक दस्ताबेज, महिमालाई नयाँ पुस्तामाझ पुनर्ताजगी गराउन पदयात्राले सहयोग गर्ने विश्वास लिइएको छ।

# पोखरा महानगरमा सबै वडामा विपद् प्रतिकार्यकर्ता तयार

कास्की । पोखरा महानगरपालिकाले विपद् तथा जोखिम न्यूनीकरण केन्द्र (डिआरआरसी) सञ्चालनमा ल्याएको छ।

पोखरा-९ शान्तिवनस्थित दमकल कार्यालयमा परिसरमा केन्द्र रहेको छ। महानगरले रु पाँच करोड २१ लाख लागतमा महानगर प्रहरी कार्यालय र केन्द्रको भवन निर्माण गरेको हो। केन्द्र नयाँ वर्षको दिन मङ्गलबारदेखि सञ्चालनमा ल्याइएको हो ।

पोखरामा प्राकृतिक विपद्का घटना बढ्दै गएको सन्दर्भमा विपद् तथा जोखिम न्यूनीकरण केन्द्र स्थापना गरिएको हो। केन्द्रले विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउने तथा बाढी, पहिरो, डढेलोलगायत सम्भावित विपद्का घटनामा पूर्वतयारी, उद्धार तथा राहत व्यवस्थापनमा समन्वयकारी भूमिका निर्वाह गर्नेछ । पोखरासमेत विपद्जन्य घटनाको उच्च जोखिममा रहेको क्षेत्र हो।

प्रहरी तथा डिआरआरसी एकै स्थानमा रहेकाले महागनरमा विपद् व्यवस्थापन तथा शान्ति सुरक्षा कायम गर्न तथा विपद् सामग्रीको भण्डारण गर्न सहयोग पुग्ने महागनर प्रमुख धनराज आचार्यले बताउनुभयो । उहाँका अनुसार केन्द्रमा प्रविधि जडान गरी जोखिमयुक्त क्षेत्रहरूको निगरानी, सूचना सङ्कलन र विश्लेषण गरिने छ।

पोखरा महानगर विपद्का हिसाबले जोखिम क्षेत्र रहेको छ । यहाँका तालतलैया, गुफा, सेती नदीलगायत नदीहरूमा बर्सेनि प्राकृतिक विपद्का घटना हुने गरेका छन् । महानगर प्रमुख आचार्यले प्राकृतिक र गैरप्राकृतिक विपद्बाट हुने जनधनको



क्षति कम गर्न महानगरले योजनाबद्ध हिसाबले काम गरेको बताउनुभयो।

"विपद्जन्य घटनामा प्रभावकारी उद्धार र परिचालनका लागि केन्द्रले एकै ठाउँबाट काम गर्नेछ। विपद् उद्धारका लागि आवश्यक दमकल, एम्बुलेन्स, उद्धार टोली र राहत सामग्रीको समन्वय अब एउटै केन्द्रबाट हुनेछ", आचार्यले भन्नुभयो।

महानगरका अनुसार ३३ वटै वडामा वडास्तरीय विपद् व्यवस्थापन समिति गठन गरेर स्थानीय समुदायलाई पहिलो प्रतिकार्यकर्ताका रूपमा तयार पारिएको छ।

प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले पोखरा विपद् जोखिमका हिसाबले संवेदनशील रहेको बताउनुभयो ।रासस


## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | आजको दिन समग्र रुपमा अनुकुल र प्रगतिशील रहने संकेत देखिन्छ। |
| वृष : | विगतमा रोकिएका आर्थिक लेनदेन वा बक्यौता रकम प्राप्त हुने संकेत देखिन्छ। |
| मिथुन : | निर्णय गर्दा हतार नगरी विवेक प्रयोग गर्नु लाभदायक हुनेछ। |
| कर्कट : | आज केही चुनौतीपूर्ण परिस्थिति पुनः देखा पर्न सक्ने संकेत छन् । |
| सिंह : | आर्थिक लाभका नयाँ अवसरहरु देखा पर्ने सम्भावना बलियो छ। |
| कन्या : | नयाँ योजना तथा कार्यहरु कार्यान्वयन तर्फ उन्मुख हुने देखिन्छ। |
| तुला : | आजको दिन सामान्य तर सन्तुलित रहनेछ। |
| वृश्चिक : | धार्मिक तथा सदाचारयुक्त गतिविधि प्रति रुचि बढ्नेछ। |
| धनु : | स्वास्थयमा सुधार आउनेछ। |
| मकर : | आज अध्ययन, अनुसन्धान तथा बौद्धिक कार्यप्रति विशेष ध्यान केन्द्रित हुने देखिन्छ। |
| कुम्भः | आजको दिन विशेष रुपमा सकारात्मक र उत्साहजनक रहने संकेत छन् । |
| मीनः | सावधानी अपनाउनुपर्ने देखिन्छ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी

9812005378


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे

दिउँसो :- ११:४५ बजे

बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे

दिउँसो :- १३:४५ बजे

बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# वैशाख १ गते : खुसीपूर्वक मनाइयो नयाँ वर्ष २०८३ को प्रथम दिन



काठमाण्डु । बुधबार विक्रम संवत् २०८३ वैशाख १ गते नयाँ वर्षको पहिलो दिन नेपालभर एकापसमा शुभकामना आदानप्रदान गरी मनाइएको छ ।

बुधबार सूर्यले मीन राशिको भोग समाप्त गरी मेष राशिबाट भोग सुरु गर्ने वैशाख सङ्क्रान्ति अर्थात् मेष सङ्क्रान्ति तथा वर्षको जेठो दिनका रूपमा मनाउने प्राचीन कालदेखिको परम्परा छ ।

हरेक व्यक्तिले आज गत वर्ष गरेका कामको सफलता/असफलता मूल्याङ्कन गरी असफलता दोहोरिन नदिन सङ्कल्प र सफलता प्राप्त गर्न योजना निर्माण गर्ने गर्छन् । आज बिहानै नुहाएर घरकोठा-आँगन सफा गर्ने, मीठोमीठो खाने, साथीसङ्गाती तथा इष्टमित्रसँग सामाजिक सञ्जाल वा फोन सम्पर्कबाट भेटघाट गरी एकापसमा शुभकामना व्यक्त गरी नयाँ वर्ष मनाइएको छ ।

विश्वका जुनसुकै कुनामा बस्ने नेपालीले आजको दिनलाई नयाँ वर्षका रूपमा मनाएका छन् । यहाँ यहाँ काठमाडौँमा साथीभाई एवं इष्टमित्रसँग भेटघाट गरेर मनाउनेको लर्को सडकमा देखिन्थ्यो । मठ मन्दिर, उद्यान, स्मारक जस्ता स्थलमा सामूहिक वनभोज गरी नयाँ वर्ष मनाएको दृश्य पनि देखिन्थे ।

सूर्यको गतिसँग चल्ने भएकाले विक्रम संवत् शाश्वत भएको राष्ट्रिय धर्मसभाका अध्यक्ष प्रा डा माधव भट्टराई बताउनुहुन्छ । सूर्य मेष राशिमा प्रवेश गर्दा सुरु भएर मीन राशि छोड्दा यो संवत्को पुरानो वर्ष सकिएर नयाँ वर्ष सुरु हुने भएकाले वैज्ञानिक रहेको उहाँको भनाइ छ ।

सौरमान र चान्द्रमानको समन्वय पनि विक्रम संवत्मा भएको र कलियुग सुरु भएको तीन हजार ४४ वर्षपछि विक्रम संवत् आरम्भ भएको मानिन्छ ।

नयाँ वर्षका अवसरमा आज राष्ट्रपति रामचन्द्र पौडेल, उपराष्ट्रपति रामसहायप्रसादयादव,प्रधानमन्त्री वालेन्द्र शाह, सभामुख डोलप्रसाद अर्याललगायतले सन्देश जारी गरी शुभकामना प्रदान गर्नुभएको छ । यस्तै, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने, नेपाली कांग्रेसका सभापति गगनकुमार थापा, नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओली, नेपाली कम्युनिष्ट पार्टीका अध्यक्ष पुष्पकमल दाहाललगायतले पनि शुभकामना सन्देश जारी गर्नुभएको थियो । रासस

# पाँच वर्षमा स्वास्थ्यमा आठ प्रतिशत बजेट पुर्‍याउने सरकारको प्रतिबद्धता

काठमाण्डु । सरकारले स्वास्थ्य क्षेत्रको बजेट हिस्सा विसं २०८८ सम्म आठ प्रतिशत पुर्‍याइने प्रतिबद्धता जनाएको छ ।

सरकारले बुधबार सार्वजनिक गरेको राष्ट्रिय प्रतिबद्धतामा पाँच वर्षमा स्वास्थ्य क्षेत्रमा आठ प्रतिशत बजेट पुर्‍याउने उल्लेख गरेको हो । विश्व स्वास्थ्य सङ्गठनको मापदण्डअनुसार कुल बजेटको १० प्रतिशत बजेट स्वास्थ्य क्षेत्रमा विनियोजन गर्नुपर्ने हुन्छ ।

प्रतिबद्धतामा स्वास्थ्य बिमा कार्यक्रमलाई थप सुदृढ मोडलमा गुणस्तरीय तथा प्रत्येक नागरिकको पहुँच पुग्ने गरी विस्तार गरिने उल्लेख छ । 'एक नागरिक एक डिजिटल स्वास्थ्य प्रोफाइल' लागू गरिनाका साथै छरिएर रहेका स्वास्थ्यसम्बन्धी सुविधा र सहुलितयलाई सामाजिक सुरक्षा कार्यक्रमलाई एकीकृत गरिने पनि उल्लेख गरिएको छ ।

यसैगरी प्रत्येक प्रदेशमा एक अत्याधुनिक अपाङ्गता पुनःस्थापना विशिष्टीकृत स्रोत केन्द्र स्थापना गरी एकीकृत स्वास्थ्य सेवा सुनिश्चित गरिने उल्लेख छ ।



### जलन पीडितलाई निःशुल्क उपचार

सरकारले जलन पीडितलाई निःशुल्क र गुणस्तरीय उपचार तथा मानसिक स्वास्थ्य सेवालाई नागरिकको पहुँचमा पुर्‍याइने जनाइएको छ । प्रतिबद्धतामा ज्येष्ठ नागरिक तथा अशक्त नागरिकको घरदैलोमा आधारभूत स्वास्थ्य सेवा पुर्‍याइने, समग्र स्वास्थ्य प्रणाली सुधारका लागि आधारभूत स्वास्थ्यमा न्यूनतम मापदण्ड तयार गरी एकीकृत मोडल लागू गरिने, सङ्घ, प्रदेश र स्थानीय तहका स्वास्थ्य संरचनाको पुनःसंरचना गरी स्वास्थ्यकर्मी, उपकरण, भवन तथा सेवाको वर्गीकरण गुणस्तर निर्धारण गरिने उल्लेख छ । ग्रामीण र दुर्गम क्षेत्रमा स्वास्थ्य सेवा पहुँच विशेष प्राथमिकताका साथ सञ्चालन गरिने छ ।

### प्राथमिक स्वास्थ्य केन्द्रमा चिकित्सक

प्रतिबद्धतामा प्राथमिक स्वास्थ्य सेवा केन्द्रमा कम्तीमा एक जना चिकित्सा शिक्षामा स्नातकोत्तर तह उत्तीर्ण गरेका (एमडिपिजी चिकित्सक, नर्स, प्रयोगशाला र फार्मेसी सेवा उपलब्ध गराइने बताइएको छ ।

यस्तै, गरिब, मजदुर, किसान, अपाङ्गता भएका व्यक्तिको बिमा वा निःशुल्क उपचार तथा अनिवार्य श्रम गर्नेलाई निःशुल्क स्वास्थ्य सेवाको नीति लागू गरिने प्रतिबद्धतामा उल्लेख छ ।

रोग लागेपछि उपचार होइन रोग नै लाग्न नदिने अवस्था सृजना, स्वस्थ हावापानी, वातावरण र सक्रिय जीवनशैली प्रोत्साहन गरी 'म स्वस्थ मेरो परिवार स्वस्थ्य' भन्ने महाअभियान सञ्चालन गरिने प्रतिबद्धतामा उल्लेख छ ।

स्वास्थ्य सेवामा आयुर्वेद, प्राकृतिक उपचार र योगध्यानलाई जोडी प्रमुख पर्यटकीय क्षेत्रहरूमा 'वेलनेस जोन' र योग प्रयोगशाला निर्माण गरिनाका साथै पाठ्यक्रममा योग, ध्यान र आयोग्य पर्यटन समावेश गरिने प्रतिबद्धतामा उल्लेख छ ।

उक्त प्रतिबद्धतालाई आगामी आर्थिक वर्ष २०८३/८४ को र त्यसपछिका वार्षिक नीति तथा कार्यक्रम, बजेट र सुधार 'एजेन्डा'मा आबद्ध गरिने जनाइएको छ । रासस

# शिक्षामन्त्री पोखरेलसँग बेलायतका राजदूतको शिष्टाचार भेट

काठमाण्डु । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखलेलसँग नेपालका लागि संयुक्त अधिराज्यका राजदूत रब फेनले शिष्टाचार भेटवार्ता गर्नुभएको छ ।

मन्त्री पोखरेलको कार्यकक्षमा बुधबार भएको भेटमा उहाँहरूबीच नेपाल-बेलायत सम्बन्धका साथै आपसी सहयोग र सहकार्यका विविध विषयमा छलफल भएको थियो ।

नेपालको शैक्षिक उन्ननयनका निम्ति बेलायत सरकारबाट प्राप्त सहयोगका लागि हार्दिक आभार व्यक्त



गर्दै मन्त्री पोखरेलले सातवटै प्रदेशमा सञ्चालन हुन लागेको 'अटिजम' स्कुललाई सघाउन आग्रह गर्नुभएको थियो ।

मन्त्री पोखरेलको निजी सचिवालयका अनुसार उक्त विद्यालयलाई स्रोत र जनशक्ति विकासमा सहयोग गर्न उहाँले राजदूतसमक्ष अनुरोध गर्नुभएको थियो । रासस

# यसरी मनाइयो भक्तपुरमा सुथसिया जात्रा

भक्तपुर । मानिसको भीड, भीडमा सबैको टाउको अनुहार, शरीर सबै फुङ्गो अबिरैअबिरले राताम्मे । अगाडि हातहातमा धपक्क बलेको चिरागका समूह, त्यसपछि धिमे र मुस्या बाजा बजाउने अर्को समूह, त्यसपछि आआफ्ना टोलका देवीदेवतालाई विराजमान गराइएका खट बोकेर टोलटोल घुम्दै बालबालिका, युवायुवतीदेखि ज्येष्ठ नागरिकसमेत बिहानै जात्राको भीडमा सिन्दुर खेल्दै रमाउँदै आज भव्य रूपमा मध्यपुरथिमिका बासिन्दाले सुथसिया अर्थात् बिहानीको जात्रा मनाएका छन् ।



बिस्केट जात्राको अवसरमा मध्यपुरथिमिका बासिन्दाले आज बिहानैदेखि टोलटोलका देवता विराजमान खट जात्रा गरी टोलटोल घुमेर बालकुमारी मन्दिर प्राङ्गण २६ देवीदेवता विराजमान खटलाई ल्याएर बालकुमारीको परिक्रमा गराई धिमे, मुस्या बाजाको तालमा झुम्दै, नाच्दै र अबिर छर्कँदै हर्षोल्लासका साथ सिन्दुर खेलेर सुथसिया जात्रा मनाएका हुन् ।

थिमिमा मात्र मनाइने यो जात्रामा एकअर्कामा सिन्दुर दलेर धिमेलगायत स्थानीय बाजामा तालमा नाच्दै हातहातमा चिराग बालेर खट बोकी बालकुमारीमा ३२ खट ल्याएर भव्य रूपमा मनाउने परम्परा छ । तर केही वर्षयता भने २६ खटमात्रै जात्रामा सहभागी हुने गरेका छन् ।

यो जात्रामा बुधबार बिहानै बालकुमारी र कालिका अर्थात् बालाखुको खट बालकुमारी मन्दिरबाट बाहिर निकालेको थियो । हिजोदेखि विष्णुवीर र दक्षिण बाराहीको खटसमेत मन्दिरमा राखिएको थियो । बिहानै सिद्धिकालीको खट ल्याएर आफ्ना गणहरूसहित बालकुमारी प्रवेश गराएपछि यो जात्रा सुरु भएको थियो ।

जात्रा सुरु भएपछि पमाहरू हातहातमा चिराग अर्थात् बत्ती लिएर नाइके प्रधानको अनुमतिमा बालकुमारीको खट उचालेपछि जात्रालाई दिगुटोलस्थित देवता घर परिक्रमा गराइएको थियो । यसैगरी विष्णुवीर, सिद्धिकालीलगायतका देवीदेवताहरूको खट ल्याएर यो जात्रा मनाइएको छ ।

थिमिमा ३२ देवीदेवताका खट सहभागी रथ बोकेर टोलटोल परिक्रमा गराई परम्परागत रूपमा मनाउँदै आएको यो जात्रा अहिले थिमि क्षेत्रमाा २३ वटा, नगदेशमा एक, बोडेमा सात, टिगनीमा एक छुटाछुटै स्थानमा खटजात्राका साथ सिन्दुर जात्रा मनाइने गरेको छ । यसमा थिमिको बालकुमारी, दक्षिणबाराही, विष्णुवीर, सिद्धिकाली, नगदेशको सिद्धिगणेश, बोडेको महालक्ष्मी र टिगनीको नीलबाराही मन्दिरका देवताका नेतृत्वमा खट बोकेर जात्रा गरी टोलटोलमा सिन्दुर खेल्दै मनाइन्छ ।

जात्रा प्रत्येक चोक, चौबाटो, घर र टोलमा पुग्दा घरका झ्याल, कौसी र छतबाट सिन्दुर छर्ने, फूल बर्साएर स्वागत गर्ने प्रचलन छ । जात्रामा काँया बाजा, भुस्या बाजा, धिमेबाजा बजाएर देवताका खटलाई घुमाउँदै एकअर्कालाई सिन्दुर दल्ने, आपसमा सिन्दुर खेली स्थानीय जात्रालुहरू रमाइलो गर्ने भएकाले पनि यसलाई केही वर्षयता सिन्दुर जात्रा पनि भन्न थालिएको छ ।

बालकुमारीबाट परम्परागत रूपमा सिद्धिगणेश, सिद्धिकाली र त्यसका गणहरूसहित क्वाछें द्यो, हिचो द्यों, अजिमा द्यों, विष्णुवीर र अन्य देवगणहरुको खट उचालेपछि बालकुमारीको जात्रा सुरु गरिएको छ ।

परम्पराअनुसार नै देवता लायकू दरबारभित्र पस्न नपाउन् भनेर लायकू प्रवेशद्धारमा पेंखा मुस्या, बालकुमारी, बालखुचा द्यों, सिद्धिकाली र अरु देवताका गणहरु बाटो छेकेर बस्ने परम्परा रहेको छ । खट जात्रा अगाडि बढाउँदै ल्याउने बालकुमारीलाई भैलः द्यों परिक्रमा गरी क्रमैसँग सुगां द्यों, क्वाछे द्योंमा पनि सिन्दुर खेल्दै परिक्रमा गराइन्छ । बालकुमारीलाई विभिन्न क्षेत्रको परिक्रमा गराइ भव्य एवं उमङ्ग र उत्साहका साथ थिमिका बासिन्दाले सिन्दुर खेल्दै यो जात्रा मनाइएको छ ।

बिहानै सुरु भएको यो जात्रा मध्याह्नसम्म चल्नेछ भने त्यसपछि बोडेमा जिब्रो छेड्ने जात्राको तयारी गरेर दिउँसो २:०० बजे बोडेमा जिब्रो छेडेर जात्रा मनाउने गरिन्छ । रासस

# 'विपद् आउँदा समुदाय नै अगाडि आउनुपर्छ'

मध्यविन्दु । नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को विनयी त्रिवेणी गाउँपालिकामा विपद् जोखिम न्यूनीकरण गर्नका लागि २५ जना स्वयंसेवक तयार गरिएको छ । विपद् प्रतिकार्यका लागि समुदायको तयारीलाई सुदृढ बनाउने उद्देश्यले गाउँपालिकामा समुदाय विपद् स्वयंसेवक तयार गरिएको हो ।

सशस्त्र प्रहरी बल नेपाल नं ३१ गुल्म हेडक्वार्टर पूर्वी नवलपरासीसँगको सहकार्यमा विनयी त्रिवेणी गाउँपालिकाले विपद् स्वयंसेवक तालिम सञ्चालन गरी स्वयंसेवक तयार गरिएको गाउँपालिका अध्यक्ष घनश्याम गिरीले बताउनुभयो ।

"विपद् आउँदा सबैभन्दा पहिले समुदाय नै अगाडि आउनुपर्छ", उहाँले भन्नुभयो, "विपद्का समयमा समुदाय नै पहिलो उद्धारकर्ता बन्ने भएकाले तालिममार्फत गाउँस्तरसम्मको स्वयंसेवक तयार गरिएको हो ।"

विनयी त्रिवेणी गाउँपालिका विभिन्न प्रकारका विपद्को जोखिम क्षेत्रमा रहेकाले त्यसको पूर्वतयारीस्वरूप २५ जना स्वयंसेवक तयार गरिएको अध्यक्ष गिरीले जानकारी दिनुभयो । यस आर्थिक वर्षमा विनयी त्रिवेणी गाउँपालिकाका सातवटा वडामध्य चारवटा वडामा मात्र स्वयंसेवक तयार गरिएको छ । नेपाल-भारत सीमा क्षेत्रसँग



जोडिएको संवेदनशील भौगोलिक अवस्थालाई मध्यनजर गर्दै विपद् स्वयंसेवक तालिममार्फत स्वयंसेवक तयार गरिएको सशस्त्र प्रहरी बल नेपाल नं ३१ गुल्म हेडक्वार्टर पूर्वीनवलपरासीका गुल्मपति सशस्त्र प्रहरी नायब उपरीक्षक लक्ष्मण बरालले बताउनुभयो ।

"तालिमले स्थानीय स्वयंसेवकहरूको क्षमता अभिवृद्धि गरी विपद् व्यवस्थापन, उद्धार तथा सहजीकरणमा प्रभावकारी भूमिका खेल्नेछ", उहाँले भन्नुभयो, "सुरक्षा निकायमात्र पर्याप्त हुँदैन, प्रशिक्षित समुदाय भएमा विपद्को क्षति न्यून गर्न सकिन्छ ।"

विनयी त्रिवेणी गाउँपालिकाभित्रका २५ जना युवालाई १८ दिनसम्म विपद् प्रतिकार्यसम्बन्धी तालिम सञ्चालन गरेर स्वयंसेवक तयार गरिएको हो । विपद् व्यवस्थापनमा सुरक्षा निकाय र समुदायबीचको सहकार्य अपरिहार्य रहेकाले समुदायसँग सहकार्य गर्नेगरी प्रशिक्षित स्वयंसेवक तयार गरिएको सशस्त्र प्रहरी नायब उपरीक्षक बरालले बताउनुभयो ।

"प्रशिक्षित स्वयंसेवक तयार पार्नुको उद्देश्य विपद् प्रकोपको अवस्थामा समुदायलाई तत्काल सहयोग पुर्‍याउन सक्ने जनशक्ति तयार गर्नु, आपत्कालीन सतर्कता, प्राथमिक उपचार, उद्धार सीप तथा स्थानीय तहमा विपद् पूर्वतयारी योजना निर्माणमा सहयोग पुर्‍याउनु रहेको छ", उहाँले भन्नुभयो ।

स्वयंसेवकहरूलाई सैद्धान्तिक ज्ञानसँगै व्यावहारिक अभ्यासमार्फत प्राथमिक उद्धार, प्राथमिक उपचार, आपत्कालीन सतर्कता र विपद्को समयमा आफू सुरक्षित रहने तथा अरूलाई सुरक्षित बनाउने सीप प्रदान गरी प्रशिक्षित गरिएको सशस्त्र प्रहरी निरीक्षक गोरख भण्डारीले जानकारी दिनुभयो । रासस

# लागूऔषधसहित विभिन्न स्थानबाट १३ जना पक्राउ

काठमाण्डु । नियमित गस्तीमा रहेको प्रहरी टोलीले देशका विभिन्न भागबाट लागूऔषधसहित १३ जनालाई पक्राउ गरेको छ ।



काठमाण्डु महानगरपालिका-१६ बालाजु चोकबाट ६४० मिलिग्राम खैरो हेरोइनसहित नुवाकोटका २२ वर्षीय सुदिप कालेकोटेलाई पक्राउ गरिएको हो ।

त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको टनेल गेटबाट तीन किलो ३२० ग्राम गाँजासहित ३१ वर्षीय भारतीय नागरिक अजय सिंहलाई पक्राउ गरिएको छ । क्याथे प्यासेफिकको उडानद्वारा हङकङबाट आएका निजलाई त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल सुरक्षा कार्यालय र लागूऔषध नियन्त्रण ब्युरोको टोलीले पक्राउ गरेको हो ।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार झापाको दमक नगरपालिका-४ चियादोकानबाट खैरो हेरोइन र नगदरू१३ हजारसहित सोही नगरपालिका-९ का मनिष श्रेष्ठ, सोही नगरपालिका-९ चियाबगान माछाखाँडीका ३० वर्षीय पपे भन्ने राजु सुनुवार, सुनसरीको धरान उपमहानगरपालिका-१५ बगरकोटबाट चिकित्सकको सिफारिसमा मात्र खरिद गर्न पाइने १०८ थान ट्रामाडोल ट्याब्लेटसहित विधित विश्वकर्मालाई पक्राउ गरिएको हो ।

यसैगरी, धरानउपमहानगरपालिका-२ भानुचोकबाट दुई, सोही उपमहानगरपालिकाको वडा-७बाटएक,इटहरी उपमहानगरपालिका-६ बाट एक, नवलपरासी पर्शचिमको रामग्राम नगरपालिका-८ कुनवार चोकबाट दुई, ललितपुर महानगरपालिका-५ थसीखेलबाट दुई जनालाई खैरो हेरोइन, डिजिटल तराजु, नगद रु आठ हजार तथा विदेशी मुद्रासहित दुई जनालाई पक्राउ गरिएको जनाइएको छ । उनीहरू सोमबार र मङ्गलबार पक्राउ परेका हुन् । रासस

# विद्यार्थीले तयार गरेका बाँसका सामग्री अतिथिलाई उपहार

गण्डकी । विभिन्न औपचारिक समारोहमा आमन्त्रित पाहुनालाई सम्झनास्वरुप बजारबाट आयातित सामग्री उपहार दिने परम्परा सामान्यजस्तै बनेको छ । तर पोखरा महानगरपालिका-१७ मा हालै आयोजित एक कार्यक्रमले यो परम्परालाई फरक ढङ्गले प्रस्तुत गरिएको छ ।

नवनिर्मित वडा कार्यालय भवनको उद्घाटन समारोहमा सहभागी अतिथिहरूलाई स्थानीय विद्यार्थीका सिर्जनात्मक हातबाट बनेका बासका सामग्री उपहार प्रदान गरिएको थियो । जानकी माध्यमिक विद्यालय पोखरा- १७ महतगौडामा कक्षा ५ देखि ८ मा अध्ययनरत विद्यार्थीले निर्माण गरेका सामग्री वितरण गरिएको हो ।

विद्यार्थीले तयार पारेका बाँसका पेन होल्डर, ढकियालगायतका सामाग्री वडाध्यक्ष राधिका शाही योगीले नगरप्रमुख धनराज आचार्य, उपप्रमुख मञ्जुदेवी गुरुङ र प्रमुख प्रशासकीय अधिकृत मुक्तिराज



अर्याललाई हस्तान्तरण गर्नुभयो । उक्त सामग्री केवल उपहारमात्र नभई विद्यार्थीको सीप, मेहनत र सिर्जनशीलताको प्रतीक बनेको थियो ।


कार्यक्रममा उपस्थित अधिकांश सहभागीहरूले परम्परागत उपहारभन्दा फरक, स्थानीय स्रोत र श्रमको प्रयोगबाट बनेका सामग्रीले गहिरो प्रभाव पारेको प्रतिक्रिया दिएका थिए । बजारमा सजिलै पाइने वस्तुभन्दा आफ्नै गाउँ समुदायका बालबालिकाले बनाएका सामग्रीले आत्मीयता र मौलिकताको अनुभूति गराएको उनीहरूको सामुहिक भनाई थियो ।

गण्डकी प्रदेश सामाजिक विकास मन्त्रालय शिक्षा विकास निर्देशनालयको आर्थिक सहयोगमा विद्यार्थीका लागि सिक्दै कमाउँदै, कमाउँदै सिक्दै कार्यक्रम अन्तर्गतको एक लाख ५० हजार रुपैयाले तालिम सञ्चालन गरिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरिप्रसाद बास्तोलाले जानकारी दिनुभयो ।

विद्यालय विदाको समयको सदुपयोग गर्दै सञ्चालन गरिएको उक्त तालिमले विद्यार्थीलाई सीपमूलक शिक्षासंग जोड्नुका साथै उनीहरुमा आत्मनिर्भरता र सृजनशीलता विकास गर्न मद्दत पुगेको उहाँको भनाइ छ । बाँसका सामान बिक्रीबाट भएको रकम विद्यार्थी र विद्यालयको आयआर्जनसँग जोडिने गरेको विद्यालयका प्रधानाध्यापक अर्जुन कँडेलले जानकारी दिनुभयो ।

स्थानीय स्रोत, सीप र सिर्जनालाई प्राथमिकता दिने यस्तो अभ्यासले एकातिर आयातित वस्तुमा निर्भरता घटाउने सङ्केत दिएको छ भने अर्कातर्फ विद्यार्थीको प्रतिभा उजागर गर्ने अवसरसमेत सिर्जना गरेको प्रशिक्षक कमल आचार्य बताउनुहुन्छ । तालिममा २५ जना विद्यार्थीको सहभागिता रहँदै आएको छ ।

यस घटनाले औपचारिक कार्यक्रममा प्रयोग हुने उपहारको परम्परामा नयाँ सोच र दिशाको सङ्केत गर्दै स्थानीय उत्पादन, स्थानीय सम्मान भन्ने सन्देश प्रवाह गरेको उहाँको भनाइ छ । रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# बिहारमा भाजपाको उदय

भारतको बिहार राज्यमा संघीय सत्तारुढ भारतीय जनता पार्टी( भाजपा) ले पहिलो पटक सरकारको नेतृत्व गर्ने अवसर पाएको छ । यस अघि झण्डै चार कार्यकालमा भाजपा सरकारमा रहे पनि सहयोगीको रुपमा थियो । जनता दल युनाइटेड(जदयु) का अध्यक्ष समेत रहेका नितिश कुमार नेतृत्वको सरकारमा भाजपा सहभागी थियो । बिहारमा पछिल्लो पटक सम्पन्न भएको विधान सभाको चुनावमा भाजपा सबैभन्दा ठूलो दल बन्यो । दोस्रो दलको रुपमा जदयु नै हो । तर पनि जदयुका अध्यक्ष नितिश कुमार नै मुख्यमन्त्री बने । उनले पछिल्लो पटक ६ महिना मात्र सरकारको नेतृत्व गर्न पाए । नितिशलाई भाजपाले राज्य सभाको सदस्य बनाएर बिहार सरकारको नेतृत्व लिएको छ । नितिश कुमार अब राज्य सभाको सदस्यको रुपमा दिल्ली र बिहार आउजाउ गर्ने छन् । बिहारको मुख्यमन्त्री भाजपाका नेता सम्राट चौधरी बनेका छन् । उनी नितिश कुमार नेतृत्वको सरकारमा उपमुख्यमन्त्री थिए । राष्ट्रिय जनता दल(राजद) बाट राजनीति प्रारम्भ गरेका चौधरीका पिता सकुनी चौधरी पनि ६ पटक एमएलए (बिधान सभा सदस्य) बनेका थिए । लालु यादवकी पत्नी राबरी देवी नेतृत्वको सरकारमा चौधरी पहिलो पटक मन्त्री बनेका थिए । एक दशकपछि उनी राजद छाडेर जदयुमा प्रवेश गरे । तर त्यहाँबाट पनि उनी अलग भएर भाजपामा प्रवेश गरे । भाजपाले उनलाई मुख्यमन्त्री बनाउने आश्वासन दिएको थियो । भाजपाले नितिशलाई अब पुनःराज्यको राजनीतिमा नफर्किने गरी पाखा लगाएको विपक्षीहरुले चर्चा गरेका छन् । राजदका केही नेताहरुले जदयु आगामी पाँच वर्ष भित्र समाप्त हुने भविष्यवाणी गर्न थालेका छन् । हुन पनि मुख्यमन्त्रीको भन्दा राज्य सभासदस्य भारतमा मर्यादा क्रममा तल छ । राज्यमा मुख्यमन्त्री अत्यन्त प्रभावशाली मानिन्छ । ती सबै बुझेर पनि नितिश कुमारले राज्य सभाको सदस्य बन्नुको पछाडि अनेक खेल भएको वरिष्ठ पत्रकारहरुको कथन छ । प्रदेशमा अब जदयु कहिल्यै नफर्किने गरी भाजपालाई नेतृत्व हस्तान्तरण गरेको छ । नितिश कुमारले भाजपाको दबाबलाई अस्वीकार गर्न दुई कार्यकालमा सत्ता गठबन्धन फेरेका थिए । उनले दुई पटक भाजपालाई छाडेर राजपासित तालमेल गरी सरकारको नेतृत्व गरेको थियो । तर पछिल्लो पटक बिहारमा राजदको उपस्थिति विधान सभामा कमजोर छ । सबै विपक्षीलाई मिलाएर जदयुले सरकार बनाउन सहज थिएन । भाजपाको संघीय सरकारले अनेक डर त्रास समेत नितिश कुमारलाई देखाएर उनलाई कुर्सी छाड्न बाध्य बनाइएको पनि कतिपयले तर्क गरेका छन् । तर भित्री कुरा जे भए पनि बिहारमा पहिलो पटक भाजपाको नेतृत्वमा सरकार बनेको छ । आगामी चुनावमा अब भाजपाले एकल सरकार बनाउने प्रयास गर्नेछ । अन्य प्रदेशमा पनि भाजपाले प्रादेशिक दललाई यसरी नै सखाप गरेको उदाहरण छ ।

# सलहेश फूलबारी मेलाको अन्तरराष्ट्रियकरणको खाँचो



राजेश विद्रोही

नयाँ वर्षको दिन सिरहाको लहानमा अवस्थित लोकनायक सलहेश फूलबारी मेला लाग्ने गर्दछ । यो मेलाको आफ्नै प्राचीन र ऐतिहासिक महत्व रहेको छ । मिथिलाको धार्मिक-ऐतिहासिक भूमिमा रहेको यो स्थल दलित समुदायअन्तर्गत पर्ने दुसाद (पासवान) जातिको पुर्ख्यौली इतिहाससँग जोडिएको छ । नेपालका महत्वपूर्ण धार्मिक तथा सांस्कृतिक स्थलहरूमध्ये यो पनि एक विशिष्ट पहिचान बोकेको स्थल हो तर दलित समुदायको इतिहाससँग सम्बन्धित भएकै कारण यो स्थल लामो समयसम्म ओझेलमा परेको मात्र छैन्, पछिल्लो समय विभिन्न कारणले विवादमा समेत तानिएको छ ।

यस सन्दर्भमा राज्यले गम्भीर अध्ययन र अनुसन्धान गरी यस स्थललाई यसको मौलिक इतिहाससँग जोडिएको समुदायकै अग्राधिकार सुनिश्चित हुने गरी संरक्षण तथा व्यवस्थापन गर्न आवश्यक देखिन्छ । साथै, नयाँ वर्षको अवसरमा यस मेलाको व्यापक प्रचारप्रसार गरी विदेशी पर्यटक आकर्षित गर्ने उद्देश्यले अन्तरराष्ट्रियकरण गर्नु आजको आवश्यकता हो । यसबाट राज्यको आर्थिक, सामाजिक र ऐतिहासिक विकासमा महत्वपूर्ण योगदान पुग्ने निश्चित छ ।

नेपालको तराई-मधेस भौगोलिक रुपमा मात्र नभई यो इतिहास, लोकविश्वास र सांस्कृतिक स्मृतिहरूको जीवित सङ्ग्रहालय पनि हो । यहाँका प्रत्येक पर्व, मेला र परम्पराले कुनै न कुनै सामाजिक, ऐतिहासिक वा सांस्कृतिक अर्थ बोकेका छन् । यिनै परम्पराहरूको बीचमा गहिरो जनविश्वास, पहिचान र प्रतिरोधको चेतनासँग गाँसिएको एक महत्वपूर्ण सांस्कृतिक अभ्यास हो–राजा सलहेशको कथा र फूलबारी मेला । जुन प्रत्येक नयाँ वर्षको दिन विशेष उत्साहका साथ मनाइन्छ ।

वैशाख १ नेपाली नयाँ वर्षको सुरुवात मात्र होइन्, यो समयको पुनरारम्भ, आशा र नवजीवनको प्रतीक पनि हो । पहाडी क्षेत्रझैं मधेसमा पनि नयाँ वर्षले सामाजिक, धार्मिक र सांस्कृतिक गतिविधिलाई नयाँ ऊर्जा दिन्छ । तर मधेसको विशेषता के हो भने यहाँ नयाँ वर्ष केबल पात्रो परिवर्तनमा सीमित छैन– यो लोकनायकहरूको स्मरण, सामूहिक आस्था र सामाजिक सांस्कृतिक पुनर्जागरणसँग गहिरो रूपमा जोडिएको छ । राजा सलहेशको फूलबारी मेला यसै सन्दर्भमा नयाँ वर्षलाई सामाजिक अर्थ दिने महत्वपूर्ण माध्यम बनेको छ । यहाँ नयाँ वर्षको स्वागत केबल शुभकामना साटासाटबाट मात्र होइन्, सांस्कृतिक भेला, सामूहिक अनुष्ठान र ऐतिहासिक स्मरणमार्फत गरिन्छ ।

राजा सलहेश मधेसी समाजका विशेषगरी दुसाध (पासवान) समुदायका लागि केवल ऐतिहासिक पात्र मात्र होइनन्, उनी सामाजिक न्याय, समानता र प्रतिरोधका प्रतीक पनि हुन् । मौखिक परम्पराअनुसार उनी १३औँ वा १४औँ शताब्दीका वीर, न्यायप्रिय र जनमुखी समाजिक शासक थिए । उनको कथा लिखित इतिहासमा सीमित रूपमा पाइए पनि लोकगीत, नाच, नाटक र सामुदायिक स्मृतिमा गहिरोसँग स्थापित छ । इतिहासशास्त्रीय दृष्टिले हेर्दा सलहेश जस्ता पात्रहरू 'लोकइतिहास' का प्रतिनिधि हुन्–जहाँ औपचारिक दस्तावेजभन्दा जनस्मृति र सांस्कृतिक अभ्यासले इतिहास निर्माण गर्छ । दलित समुदायले भोग्दै आएको ऐतिहासिक विभेद, बहिष्कार र शोषणको सन्दर्भमा सलहेशको कथा आत्मसम्मानको स्रोत बनेको छ । यसले एउटा सन्देश दिन्छ–“हामी पनि इतिहासका निर्माता हौँ ।”

राजा सलहेशसँग सम्बन्धित प्रमुख स्थलका रूपमा महिसौथा गढलाई लिइन्छ । यसलाई उनको दरबार रहेको स्थान मानिन्छ । यस्ता स्थलहरू केवल धार्मिक केन्द्र मात्र होइनन्, यी सांस्कृतिक भूगोलका महत्वपूर्ण अङ्ग हुन् । फूलबारी मेला वरिपरि मानिक दह, पोखरीया गढ, पतारी ऐतिहासिक मेलाहरू पनि लाग्ने गर्छन् । यसले कुनै समुदायको ऐतिहासिक उपस्थिति, सांस्कृतिक निरन्तरता र पहिचानलाई भौगोलिक रूपमा स्थापित गर्छन् तर विडम्बना के छ भने यस्ता स्थलहरूको संरक्षणमा राज्यको ध्यान अझै पुग्न सकेको छैन । यदि महिसौथा गढलगायतका क्षेत्रहरूको वैज्ञानिक अध्ययन, संरक्षण र व्यवस्थित प्रवर्द्धन गरियो भने यसले राष्ट्रिय सम्पदाका रूपमा मान्यता पाउन सक्छ भने अन्तरराष्ट्रिय बजारीकरण पनि गर्न सकिन्छ ।

सिरहाको लहान क्षेत्रमा पर्ने सलहेश फूलबारीमा लाग्ने मेला यस सम्पूर्ण परम्पराको केन्द्र हो । यसको मूल कथा राजा सलहेश र मालिनीबीचको प्रेमसँग जोडिएको छ । जनविश्वासअनुसार हरेक वर्ष वैशाख महिनामा फूलबारीको एक विशेष रुखमा सुनाखरी फूल आफैं फुल्ने गर्दछ, जसलाई सलहेश र मालिनीको प्रतीकात्मक मिलनको रूपमा व्याख्या गरिन्छ । वैज्ञानिक दृष्टिले यो मौसमी जैविक प्रक्रिया हुन सक्छ । तर स्थानीय समुदायका लागि यो दिव्य चमत्कार हो । यही बिन्दुमा विज्ञान र आस्थाबीचको सहअस्तित्व देखिन्छ । समाजशास्त्रीय रूपमा हेर्दा यस्ता विश्वासहरूले समुदायलाई एकताबद्ध बनाउने, सांस्कृतिक निरन्तरता कायम राख्ने र सामूहिक पहिचान निर्माण गर्ने काम गर्छन् ।

फूलबारी मेला नेपालको मात्र होइन्, भारतको बिहार राज्यसँग पनि गहिरो रूपमा जोडिएको छ । हरेक वर्ष हजारौं श्रद्धालु बिहारबाट यहाँ आउने गर्छन् । यसले मधेसको सांस्कृतिक सम्बन्धलाई सीमापार विस्तार गरेको छ । यसलाई 'ट्रान्सनेशनल कल्चर' का रूपमा व्याख्या गर्न सकिन्छ–जहाँ संस्कृति राजनीतिक सीमाभन्दा माथि उठेर समुदायलाई जोड्छ । यो पक्षले नेपाल-भारतबीच सांस्कृतिक कूटनीतिलाई मजबुत बनाउन ठूलो भूमिका खेल्न सक्छ । यदि राज्यले यसलाई सही रूपमा उपयोग गर्न सकेमा यो क्षेत्र सांस्कृतिक सहकार्यको उत्कृष्ट उदाहरण बन्न सक्छ । अघिल्लो वर्ष यो धर्तीलाई थप परिस्कृत तथा अन्तरराष्ट्रियकरण गर्न डा.भीम राव अम्बेडकरको शालिकसहित पार्क बनाउने सुनिश्चित भएको थियो । तर विवादको कारण सफल हुन सकेन ।

फूलबारी मेला केवल सांस्कृतिक कार्यक्रम मात्र होइन्, यो स्थानीय अर्थतन्त्रको महत्वपूर्ण आधार पनि हो । प्रत्येक वर्ष हजारौं मानिसहरूको सहभागिताले बजारमा ठूलो आर्थिक गतिविधि सिर्जना गर्छ । होटल, यातायात, खुद्रा व्यापार, हस्तकला र खाद्य व्यवसायले राम्रो आम्दानी गर्छन् । यसले स्थानीय रोजगारी सिर्जना गर्नुका साथै गरिबी न्यूनीकरणमा योगदान पुऱ्याउँछ ।यदि यसलाई व्यवस्थित पर्यटनसँग जोड्न सकियो भने यो क्षेत्र आर्थिक रूपमा अझ सशक्त बन्न सक्छ तर हालसम्म योजनाबद्ध विकासको अभाव, अस्थायी संरचना र कमजोर व्यवस्थापनले यसको पूर्ण सम्भावना उपयोग हुन सकेको छैन ।

फूलबारी मेलाको सबैभन्दा महत्वपूर्ण पक्ष यसको सामाजिक र राजनीतिक सन्देश हो । दलित समुदायका लागि सलहेश केवल देवता होइनन्, उनी आत्मसम्मान र प्रतिरोधका प्रतीक हुन् । नेपालको ऐतिहासिक रूपमा विभेदपूर्ण सामाजिक संरचनामा सलहेशको कथा वैकल्पिक शक्ति स्रोत बनेको छ । यसले पहिचान, समानता र अधिकारका लागि संघर्ष गर्ने प्रेरणा दिन्छ ।यसलाई 'सांस्कृतिक राजनीति' का रूपमा पनि बुझ्न सकिन्छ–जहाँ सांस्कृतिक अभ्यासहरू सामाजिक परिवर्तनका माध्यम बन्छन् ।

यति महत्वपूर्ण सांस्कृतिक सम्पदा हुँदाहुँदै पनि फूलबारी मेला अझै राष्ट्रिय सीमाभित्रै सीमित छ । यसको अन्तरराष्ट्रियकरण आवश्यक हुनुका प्रमुख कारणहरू स्पष्ट छन् । पहिलो, विश्वव्यापी पहिचानका लागि–मधेसी दलित समुदायको समृद्ध इतिहास र सांस्कृतिक विरासतलाई अन्तरराष्ट्रिय स्तरमा चिनाउन आवश्यक छ । दोस्रो, पर्यटन प्रवर्द्धनका लागि–धार्मिक तथा सांस्कृतिक पर्यटनमार्फत विदेशी पर्यटक आकर्षित गरी देशको पर्यटन क्षेत्रलाई बलियो बनाउन सकिन्छ । तेस्रो, आर्थिक सशक्तीकरणका लागि–मेलासँग जोडिएका स्थानीय व्यवसाय, हस्तकला र सेवा क्षेत्रलाई दिगो रूपमा सुदृढ गर्न अन्तरराष्ट्रिय ध्यान आवश्यक हुन्छ । चौथो, सांस्कृतिक कूटनीतिका लागि–नेपाल, भारतलगायत अन्य देशहरूसँग सांस्कृतिक सम्बन्ध विस्तार गर्दै आपसी समझदारी र सहकार्यलाई अझ मजबुत बनाउन यसको अन्तरराष्ट्रियकरण अपरिहार्य देखिन्छ ।

**अन्तरराष्ट्रियकरणका सम्भावित उपायहरू**

सलहेश फूलबारी मेलाको संरक्षण, प्रवर्द्धन र अन्तरराष्ट्रियकरणका लागि दीर्घकालीन र बहुआयामिक रणनीति आवश्यक छ । सबैभन्दा पहिले, सलहेश परम्परालाई “युनेस्को अमूर्त सांस्कृतिक सम्पदा” सूचीमा सूचीकृत गराउने पहलले यसको अन्तरराष्ट्रिय मान्यता र संरक्षणमा महत्वपूर्ण योगदान पुऱ्याउँछ । त्यसैगरी फूलबारी मेला, महिसौथा गढ, मनिक दह, पोखडीया गढ, पतारी तथा सप्तरीका दिनाभद्री मन्दिरलाई जोडेर “दलित सांस्कृतिक सलहेश सर्किट” निर्माण गर्न सकिन्छ । जसले धार्मिक-सांस्कृतिक पर्यटनलाई बढावा दिन्छ र स्थानीय अर्थतन्त्र सुदृढ बनाउँछ ।

डिजिटल अभिलेखीकरणमार्फत सलहेशसँग सम्बन्धित लोककथा, गीत, नाटक र अनुष्ठानहरू सुरक्षित गर्नुपर्छ, जसले मौखिक परम्परालाई दीर्घकालीन रूपमा जोगाउँछ । साथै अन्तरराष्ट्रिय महोत्सव आयोजना, पूर्वाधार विकास (सडक, होटल, सरसफाइ, सूचना केन्द्र) र शैक्षिक पाठ्यक्रममा समावेशीकरण पनि आवश्यक छन् । तर, पूर्वाधारको अभाव, व्यवस्थापन कमजोरी र संरक्षण चुनौतीहरूलाई समाधान गर्न राज्य, स्थानीय तह, निजी क्षेत्र र समुदायबीच सहकार्य अपरिहार्य छ । समावेशी दृष्टिकोण अपनाएर मात्र दलित समुदायसँग जोडिएको सलहेश परम्पराको दीगो संरक्षण सम्भव हुन्छ ।

अन्त्यमा राजा सलहेश र फूलबारी मेला केवल धार्मिक वा सांस्कृतिक कार्यक्रम मात्र होइन । यो मधेसी दलित समुदायको आत्मा, इतिहास, प्रेम, सङ्घर्ष र पहिचानको सङ्गम हो । तर यसलाई एउटै जातिसँग मात्र जोड्नु हुँदैन्, तर ऐतिहासिकता भने जोड्नुपर्छ । र, सबैको साझा र राष्ट्रकै सम्पत्तिको रुपमा विकास गर्नुपर्छ । यसले नयाँ वर्षलाई समयको परिवर्तनको रुपमा मात्र होइन, सामाजिक चेतनाको पुनर्जागरणका रूपमा स्थापित गर्छ । त्यसैले यसको संरक्षण र प्रवर्द्धन गर्नु केबल स्थानीय समुदायको जिम्मेवारी मात्र होइन, सम्पूर्ण राष्ट्रको कर्तव्य हो । अब नीतिगत प्रतिबद्धता, वैज्ञानिक अध्ययन, सांस्कृतिक सम्मान र दिगो विकासको स्पष्ट दृष्टिकोणको आवश्यक छ । यदि हामीले समयमै यसलाई अन्तरराष्ट्रिय स्तरमा स्थापित गर्न सक्यौं भने वैशाख १ को फूलबारी मेला केबल एउटा परम्परा मात्र नभई नेपालको राष्ट्रिय गौरव र विश्व सांस्कृतिक सम्पदाको उज्यालो प्रतीक बन्न सक्छ ।

> फूलबारी मेलाको सबैभन्दा महत्वपूर्ण पक्ष यसको सामाजिक र राजनीतिक सन्देश हो । दलित समुदायका लागि सलहेश केवल देवता होइनन्, उनी आत्मसम्मान र प्रतिरोधका प्रतीक हुन् । नेपालको ऐतिहासिक रूपमा विभेदपूर्ण सामाजिक संरचनामा सलहेशको कथा वैकल्पिक शक्ति स्रोत बनेको छ । यसले पहिचान, समानता र अधिकारका लागि संघर्ष गर्ने प्रेरणा दिन्छ ।यसलाई “सांस्कृतिक राजनीति” का रूपमा पनि बुझ्न सकिन्छ–जहाँ सांस्कृतिक अभ्यासहरू सामाजिक परिवर्तनका माध्यम बन्छन् ।

# मन, इच्छा र कर्मको समन्वय



तोमनाथ उप्रेती

जीवनमा आन्तरिक शान्ति र सन्तुलन प्राप्त गर्न मन, इच्छा र कर्मको समन्वय अनिवार्य हुन्छ। मन हाम्रो चेतना र अनुभूतिको केन्द्र हो, जसले हाम्रो सोच, भावना र प्रतिक्रिया तय गर्छ। इच्छाले हामीलाई लक्ष्य, प्रेरणा र आकांक्षाको दिशा दिन्छ, तर यदि इच्छामा नियन्त्रण र विवेकको अभाव हुन्छ भने, मन अशान्त र जीवन अनियन्त्रित बन्न सक्छ। कर्म, अर्थात् हाम्रो कार्य र व्यवहार, इच्छाको प्रत्यक्ष अभिव्यक्ति हो। यदि कर्ममा विवेक, नैतिकता र अनुशासनको समावेश हुँदैन भने, व्यक्तिको जीवनमा असन्तुलन, द्वन्द्व र मानसिक अशान्ति उत्पन्न हुन्छ।

मन एक चञ्चल, अस्थिर र प्रभावशाली तत्व हो। जब मन स्थिर हुँदैन, तब मानिसका विचार, भावना र कार्यहरू असंतुलित हुनेछन्। यस कारण मन अशान्त हुँदा मानिस आफ्ना निर्णयहरूमा गल्ती गर्छ र संकटको सामना गर्छ। गीतामा श्री कृष्णले यसलाई स्पष्ट गर्दै, भन्नुभएको छ कि काम, क्रोध, मोह र लोभले मानिसको जीवनलाई अशान्त बनाउँछन् र अन्ततः उसको पतनको कारण बन्न सक्छ। यो समस्याको समाधान बाह्य साधनहरूबाट होइन, आफैंको आन्तरिक यात्रा र आत्म-संयमबाट मात्र सम्भव छ। मन, इच्छा र कर्म एकअर्कामा अविच्छिन्न रूपले जडित छन्। इच्छालाई विवेकसाथ अनुशासित गर्दा मनमा स्थिरता आउँछ र यसले कर्मलाई सकारात्मक दिशा दिन्छ।

मानव मन चञ्चल र अस्थिर हुन्छ, जसका कारण उसका विचार र भावना विचलित हुन्छन्। जबसम्म मानिसले आफ्नो मनलाई नियन्त्रणमा लिन्न सक्छ, तबसम्म उसले आफ्नो लक्ष्य प्राप्त गर्न सक्दैन। मुख्य कारण इच्छाहरू हुन्, जसले विचार र भावनालाई प्रभावित गरि मनलाई स्थिर हुन दिँदैन। त्यसैले, व्यक्तिले पहिले आफ्नी इच्छालाई नियन्त्रणमा लिनका लागि उपायहरू खोज्नु आवश्यक छ।

मन, इच्छाशक्ति र शान्ति मानव जीवनका आधार हुन्। मन निश्चल छैन। यो विचार, भावना र संवेदनाले भरिएको एक बहुल रंगको संसार हो। यदि मन अस्थिर रह्यो भने इच्छाशक्ति कमजोर हुन्छ। इच्छा जीवनको गन्तव्य निर्धारण गर्छ। शान्ति अन्ततः मनको स्थिरता हो।महाभारतमा अर्जुनले युद्धभूमिमा दिव्य दुरुपयोगले भयंकर संकट सामना गर्दा गीता सुन्यो। भगवान् श्रीकृष्णले अर्जुनलाई भने–“मनलाई नियन्त्रणमा राख, इच्छालाई शुद्ध बनाउ। शान्ति प्राप्त हुनेछ।” यसले देखाउँछ कि आत्मविकास बाह्य कर्ममा निर्भर छैन। आन्तरिक मनोबल र इच्छाशक्तिले जीवनलाई मार्गदर्शन गर्छ।

मनले अनेक विषयमा आकर्षण देखाउँछ। रामायणमा भगवान् रामले वनवास स्वीकार गर्दा, मनले अनेक पीडा सह्यो। तर इच्छाशक्ति बलियो थियो। धर्म र सत्यका लागि इच्छा सुसंयमित भयो। यही इच्छाशक्तिले उनलाई विजयी बनायो। जीवनमा इच्छाशक्ति बिना लक्ष्य प्राप्त हुँदैन।शान्ति बाहिरी परिस्थितिमा निर्भर हुँदैन। यो मनको स्वाभाविक स्थिति हो। योगशास्त्रमा भनिन्छ–“शान्ति बाह्य कारणमा होइन, आन्तरिक अनुशासनमा छ।” मन शान्त हुँदा मात्र इच्छाशक्ति सही दिशा लिन्छ। मन अशान्त छ भने, इच्छा व्यर्थ र भ्रमित हुन्छ।

मन, इच्छा र शान्तिको सम्बन्ध त्रिकोणीय छ। मनको स्थिरता इच्छाशक्ति बलियो बनाउँछ। इच्छाशक्ति सुसंयमित हुँदा शान्ति प्राप्त हुन्छ। शान्ति नै जीवनको सच्चा सम्पत्ति हो। भगवद गीता अनुसार, “योगयुक्त मन शान्त हुन्छ। इच्छाशक्ति शुद्ध हुन्छ। कर्म फलेन डरविना सम्पन्न हुन्छ।”मनको अभ्यास सरल छैन। निरन्तर ध्यान, समाधि र आचरणबाट मात्र मनलाई शुद्ध बनाइन्छ। ऋषि-मुनिहरूले ध्यान र तपस्या गरेर इच्छाशक्ति बलियो बनाए। मन शान्त भयो। यसले मानवलाई आत्मविकासको पथमा अघि बढाउँछ।

शान्ति आन्तरिक अनुभव मात्र होइन। यो समाज र परिवारमा पनि प्रकट हुन्छ। जब व्यक्ति आफ्ना इच्छालाई नियन्त्रणमा राख्छ, तब समाजमा शान्ति फैलिन्छ। रामायणमा अयोध्यावासीहरू रामको वापसीमा आनन्दित भए। उनको इच्छाशक्ति र शान्तिले सम्पूर्ण राज्यलाई समृद्ध बनायो।

मन, इच्छा र शान्तिको विकासले मानवलाई सजग बनाउँछ। व्यक्ति बाह्य लक्ष्यमा अडिँदैन। उनले आफ्नो आत्मालाई बुझ्छ। कर्म, धर्म र संयमको मिश्रणले जीवनलाई सार्थक बनाउँछ। यही सिद्धान्तले मानवलाई जीवनका उच्चतम लक्ष्यतर्फ लैजान्छ।मन, इच्छा र शान्ति अलग-अलग छैनन्। यी तीन एकअर्कामा गहिरो सम्बन्ध राख्छन्। हिन्दु मिथक, महाभारत र रामायणका पात्रहरूले देखाएका छन्–मनलाई नियन्त्रण गर्नु, इच्छालाई शुद्ध बनाउनु, शान्ति प्राप्त गर्नु जीवनको परम उद्देश्य हो। यही आत्मविकासको मार्ग हो।शान्ति बाह्य कारणमा निर्भर छैन। यो आन्तरिक अनुशासनमा छ। मन शान्त रह्यो भने मात्र इच्छा सही दिशा लिन्छ। मन अशान्त छ भने इच्छा भ्रमित हुन्छ।

मन, इच्छा र शान्ति सम्बन्धित छन्। मन स्थिर भयो भने इच्छाशक्ति बलियो हुन्छ। इच्छा संयमित भयो भने शान्ति प्राप्त हुन्छ। शान्ति जीवनको सच्चा सम्पत्ति हो। गीता अनुसार–“योगयुक्त मन शान्त हुन्छ। इच्छा शुद्ध हुन्छ। कर्म बिना डर सम्पन्न हुन्छ।”

पाण्डवहरूको जीवन इच्छाशक्तिको उदाहरण हो। द्रौपदीसँग अन्याय भयो। पाण्डवले साहस देखाए। मन भाँचिएन। शान्ति कायम रह्यो। धर्मको विजय भयो। जीवनमा पनि अनुशासन आवश्यक छ।

मन अभ्यास गर्न सजिलो छैन। ध्यान र तपस्या आवश्यक छ। ऋषि-मुनिहरूले यही बाट मन शुद्ध बनाए। इच्छाशक्ति बलियो भयो। शान्ति प्राप्त भयो। यसले मानवलाई आत्मविकासको पथमा लैजान्छ।

मनलाई नियन्त्रण गर्नका लागि हामीले आफैंभित्रको गहिराइमा यात्रा गर्नु आवश्यक छ। यसको अर्थ हो– हामीले आफ्नो मनको प्रवृत्तिहरू, इच्छा र भावनाहरूलाई बुझेर तिनीहरूलाई सम्हाल्नका लागि ध्यान र साधना गर्नु पर्छ। यदि हामी मनलाई बाह्य घटनाहरू र परिस्थितिहरूसँग सम्बन्धित गरेर सोच्न थाल्छौं भने, हामी सँधै बाह्य जगतका कारण प्रभावित हुने छौं। यही कारणले, गीता र अन्य वेदिक शिक्षामा प्रमुख ध्यान आफैंको आन्तरिक अभ्यास र आत्मनिरीक्षणमा राखिएको छ।

जब हामीले आफ्नो मनलाई बाह्य संसारका प्रभावबाट मुक्त गर्ने प्रयास गर्छौं तब मात्र हामी आफ्ना विचार र भावनाहरूलाई नियन्त्रण गर्न सक्षम हुन्छौं। यो काम सधैं सजिलो हुँदैन, र यसका लागि नियमित अभ्यास र आत्म-नियन्त्रणको आवश्यकता पर्छ। शारीरिक व्यायाम, ध्यान, प्राणायाम, योग र मानसिक शान्तिको अभ्यास गरेर हामी आफ्नो मनलाई नियन्त्रण गर्न सक्छौं। यी अभ्यासहरू हाम्रो मनको तरङ्गलाई शान्त पार्ने उद्देश्य राख्छन् र हामीलाई आफ्नो आन्तरिक शान्ति र एकाग्रता प्राप्त गर्नमा मद्दत पुर्याउँछन्।

जब मानिसको मन अशान्त हुन्छ, उसलाई बाह्य संसारमा शान्ति खोज्नका लागि भ्रमण गर्न थाल्न सक्छ। हामी धेरै देख्छौं कि मानिसहरू ज्योतिष, मन्दिर, र अन्य बाह्य स्थानहरूमा शान्ति र समाधानको खोजीमा जान्छन्। तर यी सबै बाह्य साधनहरू अस्थायी समाधान दिन्छन्। वास्तविक शान्ति र स्थिरता आफ्नो मनको नियन्त्रणमा आउनु हो, जसका लागि एकाग्रता र ध्यानको अभ्यास गर्नुपर्छ। गीतामा श्री कृष्णले भनेका छन्, “मनुष्यमानसः शान्तं मनोवाग्म्, आत्मनं नियच्छता।“ अर्थात्, मानिसले आफ्नो मनलाई नियंत्रित गर्न जरुरी छ र यो आत्म-जागरूकता र ध्यानको माध्यमबाट मात्र सम्भव छ।

आध्यात्मिक जीवनको गहिराईमा जाने हो भने, हामी बुझ्न सक्छौं कि हाम्रो वास्तविक ब्रह्माण्ड हाम्रो शरीर र बाह्य संसार भन्दा निकै गहिरो छ। यो हाम्रो मानसिक र आध्यात्मिक अवस्था हो जसमा हामी पूर्ण रूपमा शान्त र संतुष्ट हुने छौं। यसले हामीलाई बाह्य संसारका उतारचढाव र दुखहरूबाट मुक्त बनाउँछ।

मानिसको जीवनमा सबैभन्दा ठूलो शक्ति मनको अवस्था हो। यसलाई बाह्य वातावरणका उतारचढावबाट प्रभावित हुन नदिई, आन्तरिक शान्ति र ध्यानको माध्यमबाट नियन्त्रणमा राख्न आवश्यक छ। जब हामी आफ्नो मनको नियन्त्रण गर्ने क्षमता हासिल गर्छौं, तब मात्र हामी जीवनका वास्तविक अर्थलाई बुझ्न सक्छौं र आन्तरिक शान्ति प्राप्त गर्न सक्षम हुन्छौं।

मन, इच्छा र कर्मको बीच सन्तुलनले मात्र स्थायी शान्ति र व्यक्तिगत प्रगतिको मार्ग खोल्दछ। उदाहरणका लागि, भगवद् गीता दर्शनमा कर्मयोगको अभ्यास मार्फत इच्छालाई नियन्त्रणमा राखेर मनलाई स्थिर राख्न र कार्यलाई निष्काम बनाइ जीवन लक्ष्य प्राप्त गर्न सकिने बताइएको छ। आधुनिक मनोविज्ञानले पनि इच्छाको नियन्त्रण र सकारात्मक कार्यदिशा व्यक्तिको मानसिक स्वास्थ्य, आत्मसम्मान र सामाजिक जीवनमा स्थायित्व ल्याउने देखाउँछ।

*(उप्रेती कोष तथा लेखा नियन्त्रक कार्यालय मोरङमा कार्यरत छन्)*

> मन, इच्छा र शान्तिको विकासले मानवलाई सजग बनाउँछ। व्यक्ति बाह्य लक्ष्यमा अडिँदैन। उनले आफ्नो आत्मालाई बुझ्छ। कर्म, धर्म र संयमको मिश्रणले जीवनलाई सार्थक बनाउँछ। यही सिद्धान्तले मानवलाई जीवनका उच्चतम लक्ष्यतर्फ लैजान्छ ।मन, इच्छा र शान्ति अलग-अलग छैनन्। यी तीन एकअर्कामा गहिरो सम्बन्ध राख्छन्। हिन्दु मिथक, महाभारत र रामायणका पात्रहरुले देखाएका छन्–मनलाई नियन्त्रण गर्नु, इच्छालाई शुद्ध बनाउनु, शान्ति प्राप्त गर्नु जीवनको परम उद्देश्य हो। यही आत्मविकासको मार्ग हो ।शान्ति बाह्य कारणमा निर्भर छैन। यो आन्तरिक अनुशासनमा छ। मन शान्त रहयो भने मात्र इच्छा सही दिशा लिन्छ। मन अशान्त छ भने इच्छा भ्रमित हुन्छ।

# सञ्चार मन्त्रालयमा नयाँ कार्यसंस्कृति लागू




काठमाण्डु । सेवा प्रवाहलाई प्रभावकारी बनाउने उद्देश्यले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले नयाँ आचारसंहिता लागू गरेको छ ।

मन्त्रालय तथा मातहतका सबै निकायमा कार्यरत कर्मचारीका लागि लागू गरिएको नयाँ व्यवस्थाअनुसार अब कुनै पनि काम कर्मचारीको डेस्क वा प्रणालीमा आएपछि सोही दिन, त्यस दिन सम्भव नभएमा अर्को दिन अनिवार्य रूपमा सम्पन्न गर्नुपर्नेछ ।

मन्त्रालयका सहसचिव सुवासचन्द्र शिवाकोटीका अनुसार कर्मचारीलाई सुम्पिएको जिम्मेवारी छिटो र गुणस्तरीय ढङ्गले सम्पन्न गर्न यो व्यवस्थाले जवाफदेही बनाउनेछ ।

नयाँ नीतिअनुसार तोकिएको समयभित्र काम सम्पन्न हुन नसकेको कारण भएमा सम्बन्धित कर्मचारीले तत्काल आफ्नो सुपरिवेक्षकलाई जानकारी गराउनुपर्नेछ ।

यो व्यवस्थालाई प्रभावकारी बनाउन सबै कर्मचारीसँग प्रतिबद्धतापत्रमा हस्ताक्षर गराई सोको सुनिश्चितता गराउने जिम्मेवारी कार्यालय प्रमुखलाई दिइएको छ ।


सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले स्रोतसाधनको प्रयोगमा मितव्ययीता अपनाउन मातहतका निकायलाई निर्देशन दिएको छ । रासस

# भ्रष्टाचार मुद्दामा बहस नोट पेश गर्न आदेश

**नेपालविरुद्ध अख्तियारले १८ करोड ५८ लाख ५० हजार रुपैयाँ बिगो जरिवाना र सजाय मागदाबी गरेको छ । तत्कालीन प्रधानमन्त्रीको हैसियतमा नेपालले पदको दुरुपयोग गर्दै सरकारी सार्वजनिक सम्पत्ति व्यक्तिगत र संस्थागत स्वार्थमा हस्तान्तरण गराएको तथा भ्रष्टाचारजन्य कार्यमा संलग्न भएको आरोप अख्तियारले लगाएको छ ।**

**टुडे समाचारदाता**

काठमाण्डु । विशेष अदालतले पतञ्जली योगपीठ तथा आयुर्वेद कम्पनी नेपालको जग्गा हिनामिना प्रकरणमा पूर्वप्रधानमन्त्री तथा नेपाली कम्युनिस्ट पार्टी(नेकपा) का सह-संयोजक माधव कुमार नेपालसहितको भ्रष्टाचार मुद्दामा बहस नोट पेस गर्न आदेश दिएको छ। यो मुद्दा विशेष अदालतमा अन्तिम सुनुवाइको चरणमा रहेको छ ।




बुधबार विशेष अदालतका न्यायाधीशत्रय नारायणप्रसाद पौडेल र डिल्लीरत्न श्रेष्ठ र उमेश कोइरालाको इजलासले प्रतिवादी बनाइएकाहरूको कानुन व्यवसायीलाई बहस नोट पेस गर्न आदेश दिएको हो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पतञ्जलि जग्गा प्रकरणमा नेपालसहित ९३ जनालाई प्रतिवादी बनाएर विशेष अदालतमा जेठ २२ गते मुद्दा दायर गरेको थियो ।

नेपालविरुद्ध अख्तियारले १८ करोड ५८ लाख ५० हजार रुपैयाँ बिगो जरिवाना र सजाय मागदाबी गरेको छ । तत्कालीन प्रधानमन्त्रीको हैसियतमा नेपालले पदको दुरुपयोग गर्दै सरकारी सार्वजनिक सम्पत्ति व्यक्तिगत र संस्थागत स्वार्थमा हस्तान्तरण गराएको तथा भ्रष्टाचारजन्य कार्यमा संलग्न भएको आरोप अख्तियारले लगाएको छ ।

नेपाल नेतृत्वको तत्कालीन मन्त्रिपरिषद्ले २०६६ फागुन ६ गतेको बैठकबाट पतञ्जलिलाई हदबन्दीभन्दा बढी जग्गा कारोबारको स्वीकृति प्रदान गरेको थियो । नेपालले ठाडो आदेशमा २०६६ माघ १८ गते ठाडो आदेशमा पतञ्जलिलाई हदबन्दीभन्दा बढी जग्गा बिक्री र सट्टापट्टा गर्न दिलाएको अभियोगपत्रमा दाबी गरिएको छ ।

३१४ रोपनी १५ आना २ पैसा १ दाम जग्गा गैरकानुनी रूपमा बिक्री तथा हिनामिना भई भ्रष्टाचार गरेको अभियोगमा ९३ जनाविरुद्ध मुद्दा दायर भएकोमा अख्तियारले १८ करोड ५८ लाख ५० हजार रुपैयाँ बिगो मागदाबी गरेको थियो ।

# फेसबुकमा प्रधानमन्त्रीकै हैसियतमा सुशीला कार्की




**टुडे समाचारदाता**

काठमाण्डु । अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्कीले औपचारिक रूपमा पद हस्तान्तरण गरेको २० दिन भइसकेको छ । तर हालसम्म पनि कार्की फेसबुकमा प्रधानमन्त्रीकै हैसियतमा देखिएकी छन् ।

गत फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा निर्वाचनबाट सहज बहुमत प्राप्त गरेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता बालेन्द्र शाह चैत १३ गते राष्ट्रपति रामचन्द्र पौडेलबाट पद तथा गोपनीयताको शपथ लिएर कार्यभार सुरु गरेका थिए ।

तर, सामाजिक सञ्जाल फेसबुकमा अझै 'पीएम सुशीला कार्की' नै छ । यो समाचार तयार पार्दासम्म त्यो फेसबुक आइडी एक्टिभ नै छ । र हिजो मात्रै पोस्ट पनि गरिएको छ । त्यही आइडीबाट कार्कीले नयाँ वर्ष २०८३ को सबैमा शुभकामना दिएकी छन् ।

कार्की प्रधानमन्त्री हुँदाका प्रेस सल्लाहकार राम रावलले प्रधानमन्त्रीबाट बिदाबारी हुँदाको दिनमा नै आइडीबाट 'पीएम' हटाउन खोजिएको तर मेटा भेरिफाइड भएकाले ६० दिनसम्म हटाउन नसकिएको जानकारी दिए ।

'हामीले प्रधानमन्त्रीबाट बाहिरिँदाको दिन नै आइडीबाट ' पीएम' हटाउन खोजेका थियौं । तर मेटा भेरिफाइड भएकाले तत्काल हटाउन सकिएन । प्रक्रिया त्यसैदिन सुरु गरेका छौं । प्रक्रियामा होला,' रावलले रातोपाटीसँग भने, 'तत्काल हटाउन नमिलेपछि कार्यकाल राखेका छौं । यो आइडी उहाँको व्यक्तिगत जिमेलबाट खोलिएको हो ।' अब मेटाले नै हटाउने रावलले बताए ।

# गण्डकीमा चुपचाप मन्त्रिपरिषद् हेरफेर

**टुडे समाचारदाता**

पोखरा । गण्डकीमा नेपाली कांग्रेस र नेकपा एमालेले पुराना सबै मन्त्री फिर्ता बोलाएर नयाँ मन्त्री पठाएका छन् । कांग्रेसबाट बुधबार ४ र एमालेबाट ४ जना नयाँ मन्त्री नियुक्त भएका छन् । मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले झन्डै २ वर्षपछि मन्त्रिपरिषद् हेरफेर गरेका छन् ।

२०८० भदौमा एमालेका मन्त्री नियुक्त भएपछि स्थिर रूपमा चलेको गण्डकी सरकारका मन्त्रीहरू आज चर्चाबिना परिवर्तन गरिएको हो ।




मुख्यमन्त्री पाण्डेले मन्त्रिपरिषद् हेरफेरबारे निकटस्थहरूलाई समेत सुइँको नदिएर आन्तरिक रूपमा गृहकार्य गरिरहेका थिए । चैत २६ गते नै नयाँ मन्त्री नियुक्त गर्ने तयारी गरिए पनि प्रदेश प्रमुख डिल्लीराज भट्ट मनाङ घुम्न गएका कारण समयमा रोकिएको थियो ।

बुधवार एक्कासी सबै सचिव र सांसद लगायत सरोकारवालालाई गण्डकी प्रदेशका नवनियुक्त मन्त्रीहरूलाई पर्यटन बोर्डको सभा हल ड्यामसाइड पोखरामा पद तथा गोपनीयताको शपथ दिलाउने जानकारी प्रदेश प्रमुखको कार्यालयले गराएको थियो ।

विगतमा हल्लाखल्ला गरेर मन्त्रिपरिषद् परिवर्तन गरिने गण्डकीमा यस पटक असन्तुष्टि बढ्ने भयले शपथको मात्रै निम्तो पाएपछि सांसदहरू रुष्ट बनेका छन् । कांग्रेस सांसद दोर्ण कुँवरले सांसद पदबाटै राजीनामा दिएका छन् । उनले सभामुखलाई ह्वाट्सएप मार्फत राजीनामा पत्र पठाएको जानकारी दिएका छन् ।

मन्त्री हेरफेर गर्ने कुरामा कांग्रेस केन्द्रमा सहमति नभएको पाइएको छ । सहमहामन्त्री योगेन्द्र चौधरीले सबै प्रदेशमा मन्त्री फेरबदलको विषयमा कुराकानी चले पनि गण्डकीमा आजै परिवर्तनबारे पदाधिकारी तहमा कुनै जानकारी नभएको बताए । 'सबै प्रदेशमा मन्त्रीहरू फेरबदल गर्ने कुरा चलेको थियो । गण्डकीमा आजै परिवर्तन गर्ने भन्ने विषय पदाधिकारी तहमा ब्रिफिङ भएको थिएन,' सहमहामन्त्री चौधरीले रातोपाटीसँग भने, 'समन्वय गर्न उपसभापति विश्वप्रकाश शर्मालाई जिम्मेवारी दिएका थियौं । अहिलेसम्म उहाँले हामीलाई ब्रिफिङ गर्नुभएको छैन ।'


नयाँ मन्त्रीहरू अधिकांश संस्थापन पक्षका छन् । ऊर्जा मन्त्री नन्दप्रसाद न्यौपाने गगन समूहमा खुलेर लागेका थिए । सामाजिक मन्त्री रेखा गुरुङ र वन मन्त्री नम्दु गुरुङ पनि गगन निकटकै हुन् । मुस्ताङका सभापति रोमी गौचन निकटका उनीहरूले पाण्डेलाई दलको नेतामा मत दिएका थिए । फरक गुटको भए पनि अहिले मन्त्री बनेका सबै जना पाण्डेलाई मत दिएकाहरू छन् ।

अर्थमन्त्री जित शेरचन कृष्ण सिटौला निकटका हुन् । उनलाई पार्टीका महामन्त्री प्रदीप पौडेलसँग जोडेर हेर्ने गरिन्छ । अहिले मन्त्री बन्ने क्रममा पनि पौडेलले नै दबाब दिएको चर्चा छ । दलको नेताको निर्वाचनमा पाण्डेले १८ मत पाउँदा उनका प्रतिस्पर्धी भोजराज अर्यालले ८ मत पाएका थिए । अर्को एक मत बदर भएको थियो ।

मुख्यमन्त्री पाण्डे निवर्तमान सभापति शेरबहादुर देउवा निकट मानिन्छन् । तर, उनले देउवा समूहका नेतासँग पनि छलफल गरेनन् । आफ्नै समूहको मुख्यमन्त्री भए पनि आफूलाई मन्त्री नबनाएको झोकमा सांसद कुँवरले राजीनामा दिएको देउवा समूहका एक पदाधिकारी तहका नेताले बताए ।

# शुक्रबार संसदीय समितिका सभापतिको निर्वाचन

काठमाण्डुप्रतिनिधिसभाअन्तर्गतका विषयगत समितिको सभापतिको निर्वाचन यही वैशाख ४ गते हुँदैछ । 'मिनी संसद्' का रूपमा रहेका समितिका सभापतिको निर्वाचनका लागि सङ्घीय संसद् सचिवालयले यसअघि नै निर्वाचन कार्यक्रम प्रकाशित गरिसकेको छ ।



निर्वाचन कार्यक्रमअनुसार बिहीबार अपराह्न १ देखि ४ बजेसम्म 'सम्बन्धित समितिको कुनै सदस्यलाई सभापतिमा निर्वाचित गरियोस्' भन्ने प्रस्ताव दर्ता गर्न सकिनेछ । सभापतिको मनोनयनसम्बन्धी प्रस्तावमा सम्बन्धित समितिका एक जना सदस्य प्रस्तावक र सोही समितिका कुनै एक जना सदस्यको समर्थक हुनुपर्ने सङ्घीय संसद् (प्रतिनिधिसभा)का सचिव हर्कराज राईले जानकारी दिनुभयो ।

सोही दिन अपराह्न ४:३० बजेसम्म निर्धारित समयभित्र दर्ता भएका प्रस्तावको दर्ताक्रमानुसारको सूची प्रकाशित हुनेछ । शुक्रबार अपराह्न १ बजे बस्ने सम्बन्धित समितिको बैठकमा प्रस्तावले प्रस्ताव गर्ने, समर्थकले सम्बन्धित प्रस्तावको समर्थन गर्ने र उक्त प्रस्ताव निर्णयार्थ प्रस्तुत गरिनेछ ।

एकभन्दा बढी समितिमा पदेश सदस्य रहनुहुने मन्त्रीले सभापतिको निर्वाचनमा मतदान हुने अवस्था आएमा सोको जानकारी निर्वाचन हुनुभन्दा २४ घन्टा अगावै सम्बन्धित समितिमा लिखितरूपमा गराउन सचिवालयले अनुरोध गरेको छ ।

सङ्घीय संसद्अन्तर्गत प्रतिनिधिसभाका १०, राष्ट्रियसभाका चार र दुई संयुक्त समिति रहेका छन्।प्रतिनिधिसभाअन्तर्गत कानुन, न्याय तथा मानवअधिकार, कृषि, सहकारी तथा प्राकतिक स्रोत, पूर्वाधार विकास, महिला तथा सामाजिक मामिला, राज्यव्वस्था तथा सुशासन, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि, सार्वजनिक लेखा, अर्थ, अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन र उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति रहेका छन् ।

संयुक्त समितिका रूपमा संसदीय सुनुवाइ र राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्क समिति रहेका छन् । रासस

# कांग्रेसद्वारा विभिन्न समिति गठन

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसले इलेक्सन ब्युरो नीति प्रशिक्षण प्रतिष्ठान र क्रियाशील सदस्यता व्यवस्थापन समिति गठन गरेको छ ।

पार्टी केन्द्रीय कार्यालय सानेपामा बुधबार बसेको कार्यसम्पादन समिति बैठकले यी तीन समितिमा दुई उपसभापति र एक महामन्त्रीलाई संयोजकको जिम्मेवारी समेत दिने निर्णय गरेको प्रवक्ता देवराज चालिसेले जानकारी दिए ।




बैठकपछि प्रवक्ता चालिसेले दिएको जानकारी अनुसार नीति तथा प्रशिक्षण प्रतिष्ठानको संयोजकमा उपसभापति विश्वप्रकाश शर्मालाई तोकिएको छ । वरिष्ठ उपसभापतिलाई प्रतिष्ठानको संयोजक तोक्ने कांग्रेसको विधानमा व्यवस्था छ ।

त्यस्तै इलेक्सन ब्युरो गठन गर्दै अर्की उपसभापति पुष्पा भुसाललाई संयोजक तोकिएको छ । महामन्त्री प्रदीप पौडेल क्रियाशील सदस्यता व्यवस्थापन समितिको संयोजक तोकिएका प्रवक्ता चालिसेले जानकारी दिए । यो समितिको सदस्यमा सहमहामन्त्री द्वय योगेन्द्र चौधरी र प्रकाश स्नेही रसाइली सदस्य छन् ।

त्यस्तै बैठकले अर्का महामन्त्री गुरुराज घिमिरेको संयोजकत्वमा सङ्गठन सञ्चालन समिति बनाएको छ । समितिमा सहमहामन्त्री द्वय बहादुर सिंह लामा र मुक्ता यादवलाई सदस्यको जिम्मेवारी दिइएको छ ।

# नेता खड्काको मुद्दामा अनुसन्धान फाइल झिकाउने आदेश

काठमाण्डु । सर्वोच्च अदालतले सम्पत्ति शुद्धीकरणको कसुरमा पक्राउ परेका नेपाली कांग्रेस नेता एवं पूर्वमन्त्री दीपक खड्काको अनुसन्धान फाइल झिकाउने आदेश गरेको छ ।

न्यायाधीशद्वय तिलप्रसाद श्रेष्ठ र शान्तिसिंह थापाको संयुक्त इजलासले आज नेता खड्काकी श्रीमती विनिता थापाले दायर गर्नुभएको बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमाथि सुनुवाइ गर्दै उक्त अनुसन्धान फाइल झिकाउने आदेश गरेको हो ।



अदालतले राजस्व अनुसन्धान विभागलाई बिहीबार १२:०० बजेभित्रमा लिखित जवाफ पेस गर्न र अनुसन्धानको फाइल बुझाउन भनिएको छ । नेता खड्कामाथि पछिल्लो समय राजस्व अनुसन्धान विभागबाट अनुसन्धान चलिरहेको छ ।

नेता खड्कालाई सम्पत्ति शुद्धीकरणको कसुरमा सम्पत्ति शुद्धीकरण विभागले पक्राउ गरे पनि अनुसन्धान गरेर प्रतिवेदनसहित आन्तरिक राजस्व अनुसन्धान विभागमा पठाएको थियो । आन्तरिक राजस्व अनुसन्धान विभागले फेरि फाइल राजस्व अनुसन्धान विभागमा पठाएको छ ।

आदेशमा भनिएको छ, "म्याद थपका लागि राजस्व अनुसन्धान विभागले गरेको अनुरोध र अदालतले म्याद दिँदाका सम्पूर्ण कागजातसहितको मिसिल तथा ललितपुर अदालतबाट म्याद थप हुँदा थप पर्चा खडा गरिएको भए सो पर्चासमेत संलग्न गरी २०८३ वैशाख ३ गते १२:०० बजेभित्रमा प्राप्त हुने गरी राजस्व अनुसन्धान विभाग र ललितपुर जिल्ला अदालतबाट निज निवेदकलाई थुनामा राख्नुको कारणसहितको लिखित जवाफ समेत झिकाइ प्रस्तुत रिट निवेदन २०८३ वैशाख ३ गतेका लागि नियमानुसार पेसी तोक्नु ।"

सोमबार राजस्व अनुसन्धान विभागले नेता खड्कालाई तीन दिन हिरासतमा राख्न अनुमति दिएको थियो । उहाँलाई सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको पत्रपछि केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले गत चैत १५ गते पक्राउ गरेको थियो । रासस

# कक्षा १२ को परीक्षा केन्द्र टाढा हुँदा विद्यार्थीलाई सास्ती

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) की सांसद खुश्बु ओलीले कक्षा १२ को अन्तिम परीक्षाका लागि तोकिएको परीक्षा केन्द्रका कारण विद्यार्थीहरूले भोग्नुपर्ने सास्तीप्रति सरकारको ध्यानाकर्षण गराएकी छन् ।

सामाजिक सञ्जाल फेसबुकमा बुधबार एक भिडियो सार्वजनिक गर्दै उनले जाजरकोट लगायतका दुर्गम क्षेत्रका विद्यार्थीहरूले परीक्षा केन्द्रको अव्यवस्थित छनोटका कारण ठूलो समस्या झेलिरहेको बताएकी हुन् ।



ओलीका अनुसार जाजरकोटको श्री त्रिभुवन माध्यमिक विद्यालयका विद्यार्थीहरूले यसअघि आफ्नै विद्यालय वा सदरमुकामस्थित भेरी ज्ञानोदय क्याम्पसमा परीक्षा दिँदै आएका थिए। तर, यस वर्ष वैशाख १४ गतेदेखि सुरु हुने परीक्षाका लागि उक्त केन्द्रलाई परिवर्तन गरी सदरमुकामबाट करिब ३० किलोमिटर टाढा रहेको श्री दीपेन्द्र माध्यमिक विद्यालय, कालाभुँरामा तोकिएको छ।

३० किलोमिटरको दूरी, कठिन भौगोलिक अवस्था र यातायातको असुविधाका कारण विद्यार्थीहरूलाई आवतजावतमा निकै समस्या हुने सांसद ओलीले बताइन् । यसका साथै, नयाँ तोकिएको परीक्षा केन्द्र वरिपरि पर्याप्त बस्ती नभएकाले विद्यार्थीहरूलाई त्यहाँ बसेर परीक्षा दिन आवास र खानपानको व्यवस्थापन गर्न समेत अत्यन्तै कठिन देखिएको उनको भनाइ छ ।


यस्तो निर्णयले विद्यार्थीहरूको परीक्षा नै छुट्न सक्ने जोखिम रहेको भन्दै विद्यालय व्यवस्थापन समिति र अभिभावकहरूले समेत चिन्ता व्यक्त गरेको उनले जानकारी दिइन् ।

यस विषयमा आफूले चैत २३ गते नै शिक्षा मन्त्रालयमा ज्ञापनपत्र दर्ता गराएको र शिक्षामन्त्री सुमना पोखरेल तथा मन्त्रालयका सचिवसँग भेट गरी ध्यानाकर्षण गराएको ओलीले बताएकी छन् । मन्त्री र सचिवबाट सम्बोधन गर्ने आश्वासन पाए पनि परीक्षा नजिक आइसक्दा समेत ठोस निर्णय हुन नसकेकोमा उनले गुनासो गरेकी छन् ।

सांसद ओलीले यो समस्या जाजरकोटको एउटा विद्यालयको मात्र नभई देशभरका धेरै दुर्गम क्षेत्रका परीक्षा केन्द्रहरूको साझा समस्या भएको उल्लेख गरिन् । उनले परीक्षा केन्द्र तोक्दा भौगोलिक पहुँच, यातायातको सुविधा र विद्यार्थीको सुरक्षालाई अनिवार्य रूपमा प्राथमिकतामा राखेर निर्णय गर्न शिक्षा मन्त्रालय र सम्बन्धित निकायलाई आग्रह गरिन् ।

# आरोग्य दिवस मनाइयो

महेन्द्रनगर । अन्तरराष्ट्रिय आरोग्य दिवसका अवसरमा यहाँस्थित सशस्त्र प्रहरी बल वैद्यनाथ बाहिनीले आज बिहान योगाभ्यास गराइएको छ ।



जीवन विज्ञान प्रतिष्ठानका योग प्रशिक्षकद्वय केदारमान कार्की र विश्वनाथ भट्टराईले योगाभ्यास गराउनुभएको थियो । योगाभ्यासमा दुईसय जना सहभागी थिए ।

त्यस अवसरमा निमित्त बाहिनीपति दिग्विजय सुवेदीले स्वास्थ्यका लागि ध्यान र योग उपयोगी र आवश्यक हुने भएकाले आरोग्यका निम्ति सबैले योगाभ्यास गर्नुपर्नेमा जोड दिनुभयो । रासस

# मध्यपूर्व द्वन्द्व शान्तितर्फ उन्मुख, कूटनीतिक गतिविधि तीव्र



रासस/एएफपी । मध्यपूर्वमा जारी युद्धका बीच पछिल्ला दिनहरूमा कूटनीतिक पहलहरू तीव्र बन्दै गएका छन् र प्रमुख पक्षहरूबीच वार्ता तथा संवादका सङ्केत देखिन थालेका छन् । अमेरिकी नेतृत्वले युद्ध अन्त्यतर्फ उन्मुख रहेको दाबी गरिरहेका बेला क्षेत्रीय र अन्तर्राष्ट्रिय शक्ति केन्द्रहरू सक्रिय रूपमा संलग्न भएका छन् ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँगको युद्ध 'समाप्तिको निकै नजिक' पुगेको बताउनुभएको छ । उहाँका अनुसार अमेरिका-इरानबीचको शान्ति वार्ता यसै साता पुनः सुरु हुन सक्ने सम्भावना रहेको छ । त्यस्तै, इजरायल र लेबनानबीच प्रत्यक्ष संवाद सुरु गर्ने सहमति भएको खबरले पनि क्षेत्रीय तनाव कम गर्ने प्रयासहरूलाई बल दिएको छ ।

यसैबीच, बेइजिङमा चिनियाँ राष्ट्रपति सी जिनपिङ र रुसका वरिष्ठ कूटनीतिज्ञ सर्गेई लावरोभबीच भेटवार्ता भएको छ । चीन र रुसले मध्यपूर्वमा तनाव न्यूनीकरणका लागि संयुक्त रूपमा पहल गर्ने प्रतिबद्धता यसअघि नै जनाइसकेका छन् । यसले कूटनीतिक सन्तुलनमा नयाँ आयाम थपेको छ ।

अमेरिकी उपराष्ट्रपति जेडी भान्सले इरानले आणविक हतियार नबनाउने स्पष्ट प्रतिबद्धता जनाएमा मात्र शान्ति सम्भव हुने बताउनुभएको छ । इरानको आणविक कार्यक्रम नै वर्तमान द्वन्द्वको मुख्य विवादको विषय बनेको छ, यद्यपि तेहरानले आणविक बम विकासको आरोप अस्वीकार गर्दै आएको छ । अमेरिकी पक्षले वार्तालाई निरन्तरता दिने सङ्केत दिएको छ ।

वासिङ्टनमा भएको छलफलपछि इजरायल र लेबनान प्रत्यक्ष वार्तामा बस्न सहमत भएका छन् । अमेरिकी विदेशमन्त्री मार्को रुबियोको मध्यस्थतामा भएको उक्त वार्तालाई 'फलदायी' भनिएको छ, जसले सीमावर्ती तनाव कम हुने अपेक्षा गरिएको छ ।

तर, युद्धको प्रभाव अन्य क्षेत्रहरूमा पनि देखिन थालेको छ । युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले अमेरिकाले इरान युद्धमा बढी ध्यान केन्द्रित गर्दा युक्रेनप्रति चासो घटेको गुनासो गर्नुभएको छ । उहाँले अमेरिकी हतियार आपूर्तिमा समेत अवरोध आएको बताउँदै रुसमाथि पर्याप्त दबाब नपरेको आरोप लगाउनुभयो ।

अमेरिकाले इरानी तेलमाथिको अस्थायी प्रतिबन्ध छुट नवीकरण नगर्ने निर्णय पनि सार्वजनिक गरेको छ । यसले तेहरानमाथि आर्थिक दबाब कायम राख्ने नीति जारी रहने सङ्केत दिएको छ । सोही सन्दर्भमा अमेरिकी नौसेनाले इरानी बन्दरगाहबाट निस्कने केही जहाजहरू रोकेको जनाएको छ, यद्यपि केही जहाजहरू स्ट्रेट अफ होर्मुज हुँदै अघि बढेको तथ्य पनि सार्वजनिक भएको छ ।

उता, लेबनानस्थित हिजबुल्लाहले उत्तरी इजरायलका १३ सहरलाई लक्षित गर्दै रकेट आक्रमण गरेको दाबी गरेको छ, जसले युद्धविराम प्रयासहरूबीच पनि तनाव कायम रहेको देखाउँछ ।

अर्कोतर्फ, अमेरिका र इरानबीच दोस्रो चरणको वार्ता पाकिस्तानमा हुन सक्ने सङ्केत दिइएको छ । यसका लागि पाकिस्तानले मध्यस्थताको प्रयास गरिरहेको जनाइएको छ । वार्ता सफल बनाउन अस्थायी युद्धविराम अवधि लम्ब्याउने प्रयास भइरहेको स्रोतहरूले बताएका छन् ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इटालीकी प्रधानमन्त्री जोर्जिया मेलोनीले युद्धमा अपेक्षित सहयोग नगरेको भन्दै असन्तुष्टि व्यक्त गर्नुभएको छ । यसले पश्चिमी गठबन्धनभित्र पनि मतभेद देखिएको सङ्केत गरेको छ ।

मानवीय पक्षमा, अन्तर्राष्ट्रिय रेड क्रस तथा रेड क्रिसेन्टले इरानमा पहिलोपटक राहत सामग्री पुऱ्याएको जनाएको छ, जसले युद्धपीडितहरूलाई केही राहत मिल्ने अपेक्षा गरिएको छ ।

युद्धको आर्थिक प्रभाव पनि गहिरिँदै गएको छ । अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) ले मध्यपूर्व र उत्तर अफ्रिकाको सन् २०२६ को आर्थिक वृद्धिदर घटाएर १.१ प्रतिशतमा झारेको छ । तेल तथा ग्यास आपूर्ति अवरुद्ध हुँदा इरान, इराक र कतार विशेष रूपमा प्रभावित हुने चेतावनी दिइएको छ । ऊर्जा आपूर्ति सामान्य अवस्थामा फर्किएमा आगामी वर्ष सुधार देखिने अनुमान गरिएको छ ।

# अन्डमान सागरमा डुङ्गा दुर्घटना, २५० बेपत्ता

रासस/एपी । असुरक्षित समुद्री यात्राको जोखिम फेरि एकपटक भयावह रूपमा सतहमा आएको छ । मलेसिया पुग्ने प्रयासमा अन्डमान सागर हुँदै यात्रा गरिरहेका रोहिङ्ग्या शरणार्थी र बङ्गलादेशी नागरिक बोकेको एक डुङ्गा डुब्दा कम्तीमा २५० जना बेपत्ता भएको संयुक्त राष्ट्रसङ्घीय निकायहरूले जनाएका छन् ।

संयुक्त राष्ट्रसंघीय शरणार्थी उच्चायुक्तको कार्यालय (युएनएचसिआर) र अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठन (आइओएम) ले मङ्गलबार जारी गरेको संयुक्त विज्ञप्तिअनुसार कोक्स बजार जिल्लाको टेकनाफ क्षेत्रबाट रोहिङ्ग्या शरणार्थी र बङ्गलादेशी नागरिक बोकेर मलेसियातर्फ गइरहेको डुङ्गा अन्डमान सागरमा पल्टिएको हो । तर यात्रा क्रममा अन्डमान सागरमा डुङ्गा पल्टिएपछि सबै यात्रु बेपत्ता भएको आशङ्का गरिएको छ ।

डुङ्गा कहिले डुबेको हो भन्नेबारे स्पष्ट जानकारी अझै प्राप्त नभएको र बुधबारसम्म खोज तथा उद्धार कार्यको अवस्थाबारे पनि अनिश्चितता रहेको बताइएको छ । एजेन्सीहरूका अनुसार अत्यधिक भीड, तीव्र हावा र उग्र समुद्री अवस्थाका कारण डुङ्गाले सन्तुलन गुमाउँदा दुर्घटना भएको हुन सक्ने प्रारम्भिक अनुमान गरिएको छ ।

उक्त घटनाले रोहिङ्ग्या समुदायको दीर्घकालीन विस्थापन र सुरक्षित तथा दिगो समाधानको अभावलाई पुनः उजागर गरेको संयुक्त राष्ट्रसङ्घीय निकायहरूको भनाइ छ । म्यान्माको राखाइन राज्यमा जारी हिंसा र अस्थिरताका कारण उनीहरूको सुरक्षित स्वदेश फर्किने सम्भावना अझै अनिश्चित रहेको छ ।

त्यसैगरी, बङ्गलादेशस्थित शरणार्थी शिविरहरूमा सीमित मानवीय सहायता, शिक्षा र रोजगारीमा प्रतिबन्धित पहुँचजस्ता समस्याले रोहिङ्ग्याहरूलाई जोखिमपूर्ण समुद्री यात्रा रोज्न बाध्य बनाइरहेको उल्लेख गरिएको छ । यस्तो अवस्था निरन्तर रहँदा मानव तस्करी र समुद्री दुर्घटनाको खतरा थप बढ्दै गएको बताइएको छ ।

हाल बङ्गलादेशले म्यान्माबाट विस्थापित १० लाखभन्दा बढी रोहिङ्ग्या शरणार्थीलाई आश्रय दिँदै आएको छ । युएनएचसिआर र आइओएमले ती शरणार्थीहरूको जीवनरक्षक सहायता सुनिश्चित गर्न अन्तर्राष्ट्रिय समुदायसँग थप आर्थिक सहयोग र ऐक्यबद्धता सुदृढ गर्न आग्रह गरेका छन् ।

अन्डमान सागरको यो दुर्घटनाले केवल एक मानवीय त्रासदी मात्र नभई क्षेत्रीय शरणार्थी सङ्कटको गम्भीरता र अन्तर्राष्ट्रिय उदासीनताको परिणामलाई पनि उजागर गरेको छ । रासस

# चीन-रुस सम्बन्ध 'बहुमूल्य' : सी



रासस/एपी । विश्वव्यापी अस्थिरता र द्वन्द्वले अन्तर्राष्ट्रिय परिदृश्य थप जटिल बनाइरहेका बेला चिनियाँ राष्ट्रपति सी जिनपिङले चीन-रुस सम्बन्धलाई 'विशेष रूपमा बहुमूल्य' भन्दै यसको रणनीतिक महत्त्व अझ बढेको बताउनुभएको छ । विशेषगरी इरानमा जारी युद्ध र त्यसले सिर्जना गरेको अनिश्चितताबीच दुई देशबीचको स्थिर सहकार्यलाई उहाँले महत्त्वपूर्ण आधारका रूपमा प्रस्तुत गर्नुभएको हो ।

बेइजिङमा रुसी विदेशमन्त्री सेर्गेई लाभरोभसँग भएको भेटमा राष्ट्रपति सीले चीन-रुस मैत्री सन्धिको जीवन्तता र यसको उदाहरणीय महत्त्व वर्तमान अन्तर्राष्ट्रिय अवस्थाले अझ स्पष्ट बनाएको उल्लेख गर्नुभयो । उहाँले परिवर्तन, तनाव र अराजकताले भरिएको विश्व परिवेशमा दुई देशबीचको स्थिरता र पारस्परिक विश्वास अत्यन्तै आवश्यक रहेको धारणा राख्नुभयो ।

उहाँले रणनीतिक सञ्चारलाई अझ मजबुत बनाउन र कूटनीतिक समन्वयलाई सुदृढ पार्न दुवै पक्षलाई आह्वान गर्दै आफू र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनबीच भएका सहमतिहरूलाई दुवै देशका विदेश मन्त्रालयले पूर्ण रूपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो । साथै, बेइजिङ र मस्कोबीचको व्यापक रणनीतिक साझेदारीलाई अझ उचाइमा पुऱ्याउँदै स्थिर र सुदृढ ढङ्गले अघि बढाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

इरानमा जारी युद्ध कति लामो समयसम्म चल्नेछ भन्ने अन्योल कायम रहेको अवस्थामा राष्ट्रपति सीले चीन-रुस सम्बन्धको सान्दर्भिकता अझ बढेको उल्लेख गर्नुभयो । यसै सन्दर्भमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले फक्स बिजनेस नेटवर्कसँगको अन्तर्वार्तामा युद्ध 'समाप्तिको नजिक' पुगेको बताउनुभएको क्लिप सार्वजनिक भएको छ । यद्यपि, युद्ध सुरु भएदेखि ट्रम्पले बारम्बार विजयको दाबी गरे पनि स्थलस्थित वास्तविकता अझै जटिल रहेको विश्लेषण गरिएको छ ।

विशेषगरी सन् २०२२ मा रुसले युक्रेनमाथि आक्रमण गरेपछि चीन र रुसबीचको सम्बन्ध उल्लेखनीय रूपमा गहिरिएको छ । युक्रेन युद्धप्रति ट्रम्पको फरक दृष्टिकोणले केही कूटनीतिक उतारचढाव ल्याए पनि दुई देशबीचको आधारभूत साझेदारीमा ठूलो परिवर्तन आएको देखिँदैन ।

गत सेप्टेम्बरमा पुटिन चीन भ्रमणमा आउँदा राष्ट्रपति सीले उहाँलाई 'पुरानो मित्र' भन्दै स्वागत गर्नुभएको थियो भने पुटिनले पनि सीलाई 'प्रिय मित्र' भनेर सम्बोधन गर्नुभएको थियो, जसले दुई नेताबीचको व्यक्तिगत तथा राजनीतिक निकटता झल्काउँछ ।

रुसी विदेशमन्त्री लाभरोभ चिनियाँ विदेशमन्त्री वाङ यीको निमन्त्रणामा दुई दिने औपचारिक भ्रमणका लागि मङ्गलबार बेइजिङ आइपुग्नुभएको हो । यस भ्रमणलाई दुई देशबीचको समन्वय थप मजबुत बनाउने प्रयासका रूपमा हेरिएको छ । रासस

# उत्तर कोरियाको आणविक क्षमता तीव्र वृद्धिः आइएइए



रासस/एएफपी । अन्तर्राष्ट्रिय आणविक निगरानी निकायका प्रमुखले उत्तर कोरियाको आणविक हतियार उत्पादन क्षमतामा 'धेरै गम्भीर वृद्धि' भइरहेको चेतावनी दिएका छन् । पछिल्ला निरीक्षण र मूल्याङ्कनले देशको संवर्धन तथा पुनःप्रशोधन गतिविधि तीव्र रूपमा बढिरहेको देखाएको हो ।

अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आइएइए) का महानिर्देशक राफाएल ग्रोसीले बुधबार सियोलमा पत्रकार सम्मेलन गर्दै उत्तर कोरियाले आणविक हतियार विकासतर्फका प्रमुख संरचनाहरू सक्रिय रूपमा विस्तार गरिरहेको बताउनुभयो । उहाँका अनुसार यो परिवर्तनले देशको रणनीतिक क्षमता उल्लेखनीय रूपमा बढिरहेको सङ्केत गर्छ ।

दक्षिण कोरियाको गुप्तचर निकायका अनुसार कूटनीतिक रूपमा अलग रहेको उत्तर कोरियाले युरेनियम संवर्धनका लागि धेरै सुविधाहरू सञ्चालन गरिरहेको अनुमान गरिएको छ, जुन आणविक हतियार निर्माणको अत्यन्त महत्त्वपूर्ण चरण हो । तीमध्ये योङब्योन परमाणु स्थल पनि समावेश छ, जसलाई प्योङयाङले अघिल्ला वार्तापछि निष्क्रिय बनाएको दाबी गरेको थियो तर सन् २०२१ मा पुनः सक्रिय गरिएको बताइन्छ ।

ग्रोसीका अनुसार आइएइएले आफ्नो आवधिक मूल्याङ्कनका क्रममा योङब्योन रिएक्टरको सञ्चालनमा तीव्र वृद्धि भएको पुष्टि गरेको छ । साथै, पुनःप्रशोधन एकाइ र हल्का पानी रिएक्टरमा पनि गतिविधि बढेको देखिएको छ भने अन्य सम्बन्धित संरचनाहरू समेत सक्रिय अवस्थामा रहेको पाइएको छ ।

उहाँले भन्नुभयो, "यी सबै गतिविधिहरूले उत्तर कोरियाको आणविक हतियार उत्पादन क्षमतामा निकै गम्भीर वृद्धि भएको सङ्केत गर्छ, जसको अनुमानित सङ्ख्या केही दर्जन हतियारसम्म पुग्न सक्छ ।"

उत्तर कोरियाले सन् २००६ मा पहिलो आणविक परीक्षण गरेयता लगातार आफ्नो प्रतिबन्धित आणविक कार्यक्रम विस्तार गर्दै आएको छ । संयुक्त राष्ट्रसङ्घीय प्रतिबन्धहरूका बावजुद प्योङयाङले आफ्नो आणविक हतियार कहिल्यै त्याग्ने छैन भन्ने अडान दोहोऱ्याउँदै आएको छ ।

यसैबीच, उत्तर कोरियाको आणविक विकासमा रूसको सम्भावित भूमिका सम्बन्धी प्रश्नमा ग्रोसीले आइएइएले हालसम्म त्यसबारे कुनै ठोस प्रमाण नदेखेको स्पष्ट पार्नुभयो ।


# फ्रान्समा पक्राउ परेका इरानी नागरिक स्वदेश फिर्ता : मिडिया

रासस/एएफपी । एक वर्ष भन्दा लामो समयदेखि फ्रान्समा बन्दी बनाइएका इरानी नागरिक महदिह एस्फान्डियारी स्वदेश फर्केको इरानको सरकारी टेलिभिजनले बुधबार रिपोर्ट गरेको छ । इरानले दुई फ्रान्सेली नागरिकहरूलाई रिहा गरेको एक हप्ता पछि उहाँलाई रिहा गरेको जनाइएको छ ।

प्यालेस्टिनी अधिकार कर्मीको रुपमा कार्यरत महदिह सिसिल कोहलर र ज्याक पेरिस फ्रान्स रिहा भएको एक हप्ता पछि एस्फान्डियारीको रिहाइ भएको हो ।

यस अघि इरानले एस्फान्डियारीका लागि आदान-प्रदानको रूपमा दम्पतीलाई मुक्त गर्न सकिने सुझाव दिएको थियो ।

गत फेब्रुअरीमा फ्रान्सेली अदालतले उहाँलाई सामाजिक सञ्जालमा गरेको टिप्पणीमा आतङ्कवाद ठहर गरेको आरोपमा एक वर्षको जेल सजाय सुनाएको



एस्फान्डियारी फ्रान्सको जेलबाट रिहा भएपछि इरान फर्केको जनाइएको छ ।

जासुसीको आरोपमा इरानी जेलमा तीन वर्ष भन्दा बढी समय बिताएका फ्रान्सेली नागरिक थियो । कोहलर र पेरिसलाई सन् २०२२ मे मा इरानमा पक्राउ गरी जासुसीको आरोपमा तीन वर्षभन्दा बढी जेलमा राखे पछि गत नोभेम्बरमा रिहा गरिएको थियो ।

# इटहरी गोल्डकप :
# मच्छिन्द्र क्लब सेमिफाइनलमा प्रवेश



धरान । मच्छिन्द्र फुटबल क्लब, काठमाडौं यहाँको इटहरीमा जारी १६औं संस्करणको अन्तरराष्ट्रिय आमन्त्रण रेडबुल इटहरी गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ ।

रात्रिकालीनसमयमासञ्चालन भइरहेको प्रतियोगिताअन्तर्गत आज इटहरीस्थित रङ्गशालामा सम्पन्न खेलमा झापा ११ लाई 'सडनडेथ'मा ८-७ गोल अन्तरले पराजित गर्दै मच्छिन्द्र क्लब सेमिफाइनलमा प्रवेश गरेको हो ।

निर्धारित ९० मिनेटको खेल १-१ को बराबरीमा सकिएपछि पेनाल्टी सुटआउटबाट निर्णय लिइएको थियो । पेनाल्टीमा दुवै टोलीले ५-५ गोल गरेपछि खेल 'सडेनडेथ'मा पुगेको हो । त्यस क्रममा झापाका खेलाडी विशाल मादीको प्रहार बाहिरिएपछि मच्छिन्द्रको जित सुनिश्चित भएको हो ।

मच्छिन्द्रका तर्फबाट देवेन्द्र तामाङ, सनिस श्रेष्ठ, दीपेश गुरुङ, मिलन राई, सौरभ लिम्बू, एलिक श्रेष्ठ, विशाल भण्डारी र रोहित चन्दले गोल गरेका थिए । यस्तै, झापा ११ का लागि प्रसान्त लिम्बू, निशान बस्नेत, बाबा टुण्डे, स्मार्टा मिउटु सलोमन किंग, राजेश दाहाल र किरण सुमारले गोल गरे ।

खेलको ५५औं मिनेटमा बाबा टुण्डेको गोलबाट झापाले अग्रता लिएको थियो । त्यसैगरी ४३औं मिनेटमा मच्छिन्द्रका सनिस श्रेष्ठले गोल गर्दै खेललाई १-१ को बराबरीमा पुऱ्याए ।

बुधबारको खेलको 'प्लेयर अफ द म्याच' मच्छिन्द्र क्लबका सनिस श्रेष्ठ घोषित भए । उनलाई नगद रु १० हजार प्रदान गरिएको प्रतियोगिता संयोजक अनुरोध थापाले जानकारी दिनुभयो ।

यही वैशाख ७ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको विजेता टोलीले रु १० लाख तथा उपविजेताले रु पाँच लाख नगद पुरस्कार प्राप्त गर्नेछन् । सर्वोत्कृष्ट खेलाडीलाई रु एक लाख, सर्वाधिक गोलकर्तालाई रु २५ हजार तथा विभिन्न विधामा उत्कृष्ट खेलाडीलाई जनही रु २० हजार पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ ।

गत वर्षको संस्करणमा मच्छिन्द्र क्लब, काठमाडौंले उपाधि जितेको थियो भने चर्च ब्वाइज युनाइटेड उपविजेता बनेको थियो । रासस

# लुङ्गिनमा 'एक टोल, एक खेलमैदान'



भोजपुर । हतुवागढी गाउँपालिका-२ लुङ्गिनमा खेलमैदान निर्माण गरिएको छ । खेलकुद क्षेत्रको विकास तथा युवाहरूलाई सकारात्मक गतिविधितर्फ अभिप्रेरित गर्ने उद्देश्यले यहाँका १५ टोलमा व्यवस्थित भलिबल मैदान निर्माण गरिएको हो ।

स्थानीय सरकारले 'एक टोल, एक खेलमैदान' भन्ने अवधारणालाई प्राथमिकतामा राख्दै कार्यक्रम अघि बढाएको हो । यस कार्यक्रममार्फत गाउँका हरेक टोलमा खेल पूर्वाधार विस्तार गरिँदा युवाहरूलाई आफ्नै ठाउँमा खेल अभ्यास गर्न सहज वातावरण बनेको छ ।

हतुवागढी-२ वडाध्यक्ष विचारी थापाका अनुसार खेलकुदको विकाससँगै युवाहरूमा स्वस्थ जीवनशैलीको प्रवर्द्धन, लागुपदार्थ दुर्व्यसनबाट टाढा राख्ने तथा सामाजिक एकता अभिवृद्धि गर्ने लक्ष्य राखिएको छ ।

मैदान निर्माणपछि स्थानीय युवाहरूमा उत्साह उल्लेखनीय रूपमा बढेको छ । बिहान-बेलुका नियमित रूपमा भलिबल खेलिने गरेको छ भने विभिन्न टोलबीच मैत्रीपूर्ण प्रतियोगिता पनि सञ्चालन हुन थालेका छन् । यसले गाउँमा आपसी सम्बन्ध सुदृढ बनाउन र सामाजिक सद्भाव कायम गर्न सहयोग पुगेको स्थानीयवासी बताउँछन् ।

यस्तै, खेलमैदान निर्माणसँगै भविष्यमा वडा तथा गाउँपालिकास्तरका प्रतियोगिता आयोजना गर्ने तयारीसमेत गरिएको छ । यसबाट लुकेर रहेका प्रतिभाहरूलाई पहिचान गरी जिल्ला तथा प्रदेशस्तरसम्म पुऱ्याउने लक्ष्य लिइएको वडाले जनाएको छ ।

वडाले आगामी दिनमा खेलकुद सामग्री व्यवस्थापन, मैदान स्तरोन्नति तथा अन्य खेल पूर्वाधार विकासलाई समेत निरन्तरता दिने योजना बनाएको छ । स्थानीयस्तरमै खेलकुदको विकासले समग्र गाउँको सामाजिक तथा शारीरिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने स्थानीयको भनाइ छ । रासस

# विराट गोल्ड कप फुटबल प्रतियोगिताः सम्राट स्पोर्टिङ विजयी



मोरङ । विराट गोल्ड कप फुटबल-२०८२ प्रतियोगिताअन्तर्गत सम्राट स्पोर्टिङ क्लब विराटनगर विजयी भई सेमिफाइनलमा प्रवेश गरेको छ ।

विराट गोल्ड कप फुटबल ट्रष्टद्वारा विराटनगरको सहिद रङ्गशालाको 'फ्लडलाइट'मा (रात्रिकालीन) नकआउट आधारमा मङ्गलबार सम्पन्न खेलमा सम्राटले भारतको झारखण्डस्थित विर्सामुण्डा स्पोर्ट्स एकेडेमीलाई ३-१ गोलअन्तरले पराजित गर्दै समिफाइनलमा प्रवेश गरेको छ ।

विर्सामुण्डाका शङ्कर किस्कुले ४४औं मिनेटमा गोल गरेका थिए भने खेलको ५०औं मिनेटमा सम्राटका मौसम लिम्बू, ८६औं मिनेटमा प्रताप तामाङले गोल गरे । खेलको अतिरिक्त (इन्जुरी) समयमा प्रताप तामाङले पुनः दोस्रो गोल गर्दै टोलीलाई ३-१ को अन्तरले विजयी बनाएका छन् । उत्कृष्ट प्रदर्शन गरेका प्रताप तामाङ प्लेयर अफ द म्याच घोषित भई नगद रु ११ हजार प्राप्त गरेका छन् ।

प्रतियोगिता आगामी २०८३ वैशाख ५ गतेसम्म हुने र नेपाल र भारतका गरी आठवटा टोलीले भाग लिएका छन् । विराटनगर गोल्ड कपको ३८औं संस्करणमा विजेता हुने टिमले रु ११ लाख, उपविजेताले रु पाँच लाख, उत्कृष्ट प्रशिक्षकलाई रु १५ हजार, उत्कष्ट गोलरक्षकलाई रु १५ हजार, सर्वाधिक गोलकर्तालाई रु १५ हजार, सर्वोकृष्ट खेलाडीलाई रु ५१ हजार र दैनिक हुने खेलको उत्कृष्ट खेलाडीलाई नगद रु ११ हजार पुरस्कार प्राप्त गर्ने ट्रष्टका अध्यक्ष किशोरबहादुर शाहीले जानकारी दिनुभयो ।

प्रतियोगिताअन्तर्गत बुधबारको पहिलो सेमिफाइनल खेल विभागीय टोली नेपाल पुलिस क्लब र झापा ११ बीच प्रतिस्पर्धा हुने आयोजकले जनाएको छ । रासस

# काठमाण्डुमा रात्रिकालीन बस सेवा शुरु

काठमाण्डु । नयाँ वर्षसँगै काठमाण्डुमा बुधबारदेखि वाइफाइ सेवासहितको रात्रि बस सेवा सुरु गरिएको छ ।

बुधबार रातिदेखि काठमाण्डु महानगरपालिका, ललितपुर महानगरपालिका, चन्द्रागिरी नगरपालिका र बुढानीलकण्ठ नगरपालिकाको भौगोलिक क्षेत्र जोड्ने बस सेवा पुल्चोकबाट सुरु गरिएको हो ।

ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जन, काठमाण्डु महानगरपालिकाका कार्यवाहक प्रमुख सुनिता डङ्गोल, चन्द्रागिरि नगरपालिकाका प्रमुख घनश्याम गिरी र बुढानीलकण्ठ नगरपालिकाका प्रमुख मिठाराम अधिकारीले समन्वय र सहकार्यसम्बन्धी समझदारी पत्रमा हस्ताक्षर गरेर सेवा प्रारम्भ गर्नुभएको हो ।

आज सात वटा बस सञ्चालनमा ल्याइएका छन् । बसमा बस अगाडिको भाग, चालक र यात्रु देखिने गरी चार वटा सिसीटिभी क्यामराबाट निगरानी हुने र नियन्त्रण कक्षबाट त्यसलाई हेर्न सकिने भएकाले गलत क्रियाकलाप गर्ने वा दुर्व्यवहार गर्नेलाई तत्काल नियन्त्रणमा लिन सकिने जनाइएको छ । यात्रुको सुरक्षाका लागि काठमाण्डु महानगरपालिकाले हरेक बसमा एक जना नगर प्रहरी खटाइएको जनाएको छ ।

सेवा प्रारम्भ गर्दै महानगरपालिकाका कार्यवाहक प्रमुख डङ्गोलले रात्रिकालीन सेवालाई दिगो बनाउँदै बिहानी सेवालाई प्रारम्भ गर्ने योजना रहेको बताउनुभयो । "नयाँ वर्ष सुरुआतसँगै महत्त्वपूर्ण निर्णयको कार्यान्वयन भएको छ । विगतको अभ्यासबाट प्राप्त पृष्ठपोषणका आधारमा सेवा दिन्छौँ । हिजोको अभ्यास लगानीको आर्थिक प्रतिफलमा केन्द्रित थियो, आज हामीले आर्थिक प्रतिफलमा होइन, चुस्त र गुणस्तरीय सेवालाई लक्ष्य मानेका छौँ", उहाँले भन्नुभयो ।



**आज सात वटा बस सञ्चालनमा ल्याइएका छन् । बसमा बस अगाडिको भाग, चालक र यात्रु देखिने गरी चार वटा सिसीटिभी क्यामराबाट निगरानी हुने र नियन्त्रण कक्षबाट त्यसलाई हेर्न सकिने भएकाले गलत क्रियाकलाप गर्ने वा दुर्व्यवहार गर्नेलाई तत्काल नियन्त्रणमा लिन सकिने जनाइएको छ ।**

कार्यवाहक प्रमुख डङ्गोलले उपत्यकामा रहेका स्थानीय तहबीच समन्वय गरेर लागत सहभागिताको 'मोडल' बनाउने र अबको योजना भनेको रात्रि सेवालाई दिगो बनाएर बिहानी सेवालाई प्रारम्भ गर्ने रहेको बताउनुभयो ।

ललितपुर महानगरपालिकाका प्रमुख महर्जनले सेवा सञ्चालनका लागि यहाँका स्थानीय तहबीच एकमत रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "सबैको साझा मतका आधारमा आर्थिक साझेदारिता हुँदा नै सेवा दिगो हुन्छ । यस सेवाबाट धेरै नागरिक लाभान्वित हुने भएकाले म निकै उत्साहित छु ।"

चन्द्रागिरि नगरप्रमुख गिरीले थानकोट नाकाबाट दैनिक ५० हजारभन्दा बढी व्यक्ति काठमाडौं आवतजावत गर्ने भएकाले यस सेवालेसहजताथप्नेबताउनुभयो।चन्द्रागिरिका पर्यटकीय स्थानहरूमा काठमाण्डुबाट जान आउन सजिलो हुने भएपछि यसले आर्थिक र सामाजिक क्रियाकलापमा योगदान गर्ने उहाँको विश्वास छ ।

बुढानीलकण्ठ नगरप्रमुख अधिकारीले रात्रि बस सेवा सञ्चालनका विषयमा स्थानीयबासी धेरै खुसी रहेकाले यसलाई विकास र विस्तार गर्दै लैजानुपर्ने बताउनुभयो ।

हाल साझा यातायातसँगको सहकार्यमो सेवा प्रारम्भ गरिएको र आगामी असार मसान्तसम्म सेवाको लागत साझा यातायातले व्यहोर्ने जनाइएको छ । "यस अवधिमा खर्चको विश्लेषण गरेर पालिकाहरूले लागत सहभागिता गर्ने भन्ने छ । यो प्रतिबद्धता महत्वपूर्ण छ", साझा यातायातका अध्यक्ष सुशीलराज प्याकुरेलले भन्नुभयो ।

रात्रिकालीन बस सेवा सञ्चालनका लागि गरिएको पूर्वअभ्यासमा बुढानिलकण्ठदेखि बेलुका ८ बजे छुटेको बस १६ मिनेटमा महाराजगञ्ज चोक पुगेको थियो । लगनखेल पुग्दा ८ बजेर ४६ मिनेट भएको थियो । सवारी चापका कारण बसले जमल क्षेत्रमा केही समय रोकिनुपरेको थियो । थानकोटबाट ८ बजे छुटेको बस २१ मिनेटमा कलङ्की चोक र ४५ मिनेटमा एअरपोर्ट पुगेको थियो ।

बस हरेक रुटका सुरु र अन्तिम बिन्दुबाट गुड्नेछन् अर्थात् दक्षिण रुटमा चल्ने एउटा सवारीसाधन ललितपुरको लगनखेलबाट सुरु भएर पाटन अस्पताल, अल्का, नर्भिक, प्रसूति गृह, ट्रमा सेन्टर, वीर अस्पताल, कान्ति अस्पताल, टिचिङ् अस्पताल, गङ्गालाल हृदय केन्द्र हुँदै बुढानीलकण्ठसम्म पुग्नेछ ।

अर्को बस बुढानीलकण्ठबाट गङ्गालाल अस्पताल, महाराजगञ्ज चोक, पानीपोखरी, लाजिम्पाट, जमल,, थापाथली, पुल्चोक हुँदै लगनखेल पुग्नेछ । नयाँ सडक गेट अर्थात् एनएसी अगाडिबाट एउटा बस छुट्ने छ । यसरी तीन वटा बिन्दुबाट बस गुडेपछि हरेक बस बिसौनीमा २० मिनेटको अन्तरमा बस आइ पुग्नेछ । यो सडकको एकतर्फि दूरी १६ किलोमिटर रहेको छ ।

यसैगरी पूर्वपश्चिम रुटको दूरी २० किलोमिटर छ । यो रुटमा एउटा बस थानकोटदेखि सतुंगल, कलङ्की, कालीमाटी, त्रिपुरेश्वर, सुन्धारा, नयाँ सडक, जमल, भद्रकाली, माइतीघर मण्डला, बानेश्वर, मीनभवन, तीनकुने हुँदै अन्तरराष्ट्रिय विमानस्थलका लागि छुट्नेछ । अर्को बस विमानस्थलबाट तीनकुने, मीनभवन, नयाँ बानेश्वर, बबरमहल, थापाथली, त्रिपुरेश्वर, कालीमाटी, सोल्टीमोड, रविभवन, कलंकी हुँदै थानकोटतर्फ गुड्नेछ ।

नयाँ सडक गेट अगाडि अर्थात् एनएसीबाट एउटा बस थानकोटतर्फ र अर्को बस विमानस्थलतर्फ छुट्ने छ । यसरी चार वटा विन्दुबाट चार वटा बस छुटेपछि हरेक बस बिसौनीमा हरेक २० मिनेटको अन्तरमा बस उपलब्ध हुने जनाइएको छ । रासस

# सम्झौता भएनन् सिँचाइका दश योजना




पर्वत । आर्थिक वर्ष सकिन तीन महिनामात्र बाँकी रहँदा जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय अन्तर्गत सिँचाइसम्बन्धी योजना सम्झौता हुन सकेको छैन ।

चालु आर्थिक वर्षका लागि उपभोक्तामार्फत कार्यान्वयन गर्नेगरी बजेट विनियोजित भएका थिए ।

कार्यालयमार्फत चालु आवमा ७८ वटा सिँचाइ तथा नहर पुनर्स्थापनाका योजनाका लागि गण्डकी प्रदेश सरकारमार्फत रु १० करोड ४२ लाख बजेट विनियोजन भएको थियो । तीमध्ये २४ वटा योजना सम्पन्न भइसकेका छन् भने बाँकी ४४ वटा योजना कार्यान्वयनको चरणमा छन् । बाँकी १० योजना भने सम्झौता नै हुन नसकेको कार्यालय प्रमुख सागर भट्टराईले जानकारी दिनुभयो ।

उहाँका अनुसार सम्बन्धित किसान तथा उपभोक्ता समितिको सहभागिता नहुँदा ती योजना सम्झौता प्रक्रियामै रोकिएका छन् । "सम्झौताका लागि पटकपटक सूचना गर्दा पनि किसान आउनुभएको छैन, यसले गर्दा केही योजना अघि बढ्न सकेका छैनन्", उहाँले भन्नुभयो ।

उहाँका अनुसार सम्झौता प्रक्रियामा सिँचाइ उपभोक्ता समिति गठन तथा दर्ता अनिवार्य हुनुका साथै प्रतिरोपनी एक सय रुपैयाँका दरले रकम जम्मा गर्नुपर्ने प्रावधान छ । गाउँस्तरमा उपभोक्ता समितिमा बस्ने व्यक्तिको अभाव, मूल्यवृद्धिका कारण नागरिकमा चासो घट्नु तथा प्रक्रियागत झन्झटले पनि सहभागिता कम भएको भट्टराईले जानकारी दिनुभयो ।

नेपाल किसान महासङ्घका अध्यक्ष रघुनाथ गौडेलले योजना सम्झौता नहुनुमा किसानमात्र दोषी नभएको बताउनुभयो । "योजनाबारे समयमै पर्याप्त जानकारी नपुग्नु, लागत साझेदारीको स्पष्टता नहुनु र प्रक्रिया जटिल हुनुका कारण किसान अलमलमा परेका छन्", उहाँले भन्नुभयो, "साना बजेटका योजनामा धेरै झन्झट र आर्थिक दायित्व हुँदा किसानको आकर्षण घटेको छ ।"

उहाँका अनुसार पछिल्लो समय बढ्दो महँगी, कामदार अभाव र कृषि पेसाप्रति घट्दो रुचिले पनि किसानलाई योजना प्रक्रियामा सक्रिय हुन कठिन भएको छ । "किसानलाई सहज बनाउनेगरी नीतिगत सुधार र सचेतना आवश्यक छ, नत्र यस्ता योजना कागजमै सीमित हुने जोखिम रहन्छ", गौडेलले थप्नुभयो ।

कार्यालयका अधिकांश योजना रु पाँच लाखदेखि रु ३५ लाखसम्मका छन् । बजेट आकार सानो हुनु र कामदार अभावका कारण कार्यान्वयनमा पनि चुनौती देखिएको छ ।रासस

# हेटौँडा सिमेन्ट उद्योग पूर्ण क्षमतामा सञ्चालन गर्न माग




बागमती । आर्थिक सङ्कट व्यहोर्दै आएको हेटौँडा सिमेन्ट उद्योग नियमित सञ्चालन गर्न माग गरिएको छ ।

रुग्ण उद्योगहरूलाई पुनः सञ्चालनमा ल्याउने सरकारले तयारी गरेपछि आर्थिक सङ्कटका कारण कहिले बन्द हुने र कहिले खुल्ने नियति सो उद्योगले भोग्दै आएको छ। सरकारले बन्द उद्योग सञ्चालन गर्ने घोषणा गरेकाले विभिन्न समस्यासँग जुध्दै अएको हेटौँडा उद्योग पनि नियमित र पूर्ण क्षमतामा सञ्चालन गर्न माग गरिएको हो ।

सिमेन्ट उद्योगलाई पुनः नियमित कसरी सञ्चालन गर्न सकिन्छ भने विषयमा सांसद प्रकाश गौतमले प्राथमिकता दिएको छ। हेटौँडा सिमेन्ट उद्योगको समस्या समाधान गरी नियमित सञ्चालनका लागि सङ्घीय र बागमती प्रदेश सरकारसँग पहल गरिरहेको उहाँले बताउनुभयो ।

"हेटौँडा सिमेन्ट उद्योगलाई पुनः कसरी नियमित रूपमा सञ्चालन गर्न सकिन्छ भने विषयमा प्रधानमन्त्री र उद्योगमन्त्रीसँग पनि कुरा गरेको छु", सांसद गौतमले भन्नुभयो, "यसै विषयमा केही दिनअघि बागमती प्रदेशका मुख्यमन्त्रीसँग पनि छलफल गरेको छु, उहाँहरूले पनि सकारात्मक आश्वासन दिनुभएको छ ।" उद्योगका कर्मचारीहरूसँग पनि यस विषयमा अन्तर्क्रिया गरेको छु, सबैबाट राम्रै सुझाव आएको छ", उहाँले भन्नुभयो ।

"उद्योग चलाउन सकिने सम्भावना देखिन्छ, उद्योग रुग्ण हुनुमा व्यापारिकभन्दा पनि सरकारी भएपछि सेवामूलक, तलबमात्र खाने बाटो बनाएको जस्तो मात्रै देखिन्छ", उहाँले भन्नुभयो, "उद्योगमा हुँदै आएको राजनीतिक हस्तक्षेप, आन्तरिक रूपमा हुने भ्रष्टाचार रोक्न सकियो र नयाँ व्यवस्थापन टिम बनाउन सकियो भने उद्योग चलाउन सकिने सम्भावना देखिन्छ ।" त्यसैका लागि म प्रयास गरिरहेको छु, छिट्टै सकारात्मक परिणाम आउन सक्नेमा विश्वास्त छु, उहाँको कथन छ ।

उद्योग प्रशासनका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ मा गत भदौको १९ देखि २४ गतेसम्म पाँच दिनमात्र उद्योग सञ्चालन भएको छ। सो अवधिमा दुई हजार ५०० टन क्लिङ्कर र करिब ३० हजार बोरा सिमेन्ट उत्पादन भएको उद्योगका निमित्त महाप्रबन्धक डा शिवनारायण साह बताउनुभयो ।

गत चैत १३ गतेदेखि उद्योगले पुनः क्लिङ्कर उत्पादन प्रक्रिया सुरु गरे पनि कच्चा पदार्थ नहुँदा पुनः रोकिएकोछ । अघिल्लो महिनामा कोइला खरिदका लागि बोलपत्र आह्वान गरिए पनि पुरानो बक्यौता रकम तिर्न नसक्दा कोइला आउन नसकेकाले एकदुई दिनमा पुनः उद्योग बन्द हुने निमित्त प्रमुख डा साहको भनाइ छ । "अहिले मौज्दात रहेको कच्चा पदार्थबाट क्लिङ्कर उत्पादन हुँदैछ, क्लिङ्करबाट सिमेन्ट उत्पादन गरेर प्याकिङ हुन्छ", निमित्त महाप्रबन्धक साहले भन्नुभयो, "अबको एकदुई दिनमा उत्पादन ठप्प हुन्छ, तर नियमित खर्च जस्ताको त्यस्तै छ", डा साहले भन्नुभयो, "उद्योगको उत्पादन बन्द भए पनि कर्मचारीहरूको तलबभत्ता दिनै परेको छ, केही इन्धन खर्च र समान्य मर्मत खर्च भइरहेकै छ।" जसका कारण उद्योगमा आर्थिक समस्या त बढ्दै जाने कुरा त भइनै हाल्यो, उहाँले भन्नुभयो ।

"उद्योग दैनिक सञ्चालन भयो भने कम्तीमा दैनिक एक सय २० टन कच्चा पदार्थ कोइलाको आवश्यक पर्छ", उहाँले भन्नुभयो, "तर त्यो पनि छैन र कोइलाको पुरानो भुक्तानी भइनसकेकाले तत्काल कोइला आउने सम्भावना पनि छैन ।" यसबाहेक आर्थिक समस्याका कारण कर्मचारीले अतिरिक्त समयमा गरेको कामको भुक्तानी पनि गर्न सकिएको छैन भन्नुभयो ।

सो उद्योगमा एक सय ६६ जना स्थायी, दैनिक ज्यालादारीका एक सय र ५२ जना सुरक्षाकर्मी गरी तीन सय १८ जना जनशक्ति कार्यरत छन् । आर्थिक समस्याकै कारण विद्युत् प्राधिकरणको लामो समयदेखि महसुल बुझाउन नसकिँदा अहिले बक्यौता थपिएको छ । "विद्युत् उपभोग त गरियो तर महसुल बुझाउन सकिएन", उहाँले भन्नुभयो, "अहिले ठ्याक्कै कति महसुलको बक्यौता बुझाउन बाँकी भने भन्न नसकिए पनि करिब ३०/४० करोड जति बक्यौता बाँकी छ होला ।" त्यसैले पनि विद्युत् प्राधिकरणसँग नियमित विद्युत् आपूर्ति गरिदिनुस् भन्न सकिने अवस्था नरहेको उहाँको कथन छ ।

विसं २०३३ मा हेटौँडाको लामसुरेमा स्थापना भएको उक्त उद्योगले २०४३ सालदेखि सिमेन्ट उत्पादन सुरु गरेको थियो । अहिले उपकरण पुरानो भइसकेको र राम्ररी उत्पादन गर्न सक्ने अवस्थामा नरहेको प्राविधिकहरूको भनाइ छ। रासस


# लुङ्गिनका किसान व्यावसायिक सुन्तला खेतीमा आकर्षित

भोजपुर । यहाँको हतुवागढी गाउँपालिका-२ लुङ्गिनका किसानहरू पछिल्लो समय व्यावसायिक सुन्तला खेतीतर्फ आकर्षित हुन थालेका छन् ।

परम्परागत अन्नबालीमा निर्भर रहेका यहाँका किसानहरू आम्दानी बढाउने लक्ष्यसहित फलफूल खेतीतर्फ उन्मुख भएका हुन् ।

लुङ्गिन क्षेत्रको हावापानी र माटो सुन्तला खेतीका लागि उपयुक्त मानिएकाले यहाँ सुन्तला खेती विस्तार हुँदै गएको स्थानीय किसान शम्भु राईले बताउनुभयो । उहाँका अनुसार विगतमा घरायसी प्रयोजनका लागि सीमित रूपमा गरिँदै आएको सुन्तला खेती हाल व्यावसायिक रूपमा विस्तार हुन थालेको छ ।

किसानलाई व्यावसायिक खेतीतर्फ आकर्षित गर्न हतुवागढी गाउँपालिकाले विभिन्न अनुदान तथा प्राविधिक सहयोग कार्यक्रम सञ्चालनसमेत सञ्चालन गर्दै आएको छ । सुन्तलाका बिरुवा वितरण, बगैँचा व्यवस्थापन तालिम, मलखाद तथा रोग व्यवस्थापनसम्बन्धी सहयोगले किसानलाई थप हौसला मिलेको राईको भनाइ छ ।



हतुवागढी-२ लुङ्गिनका वडाध्यक्ष बिचारी थापाले फलफूल खेतीमार्फत किसानको आयआर्जन बढाउने लक्ष्यसहित सुन्तला खेतीलाई प्राथमिकतामा राखिएको बताउनुभयो । किसानलाई प्रोत्साहन गर्न वडाको बजेटमा नर्सरीसमेत विस्तार गरिएको र वडाले समयसमयमा सुन्तला, एभोकार्डो, कागतीका बिरुवासमेत वितरण गर्दै आएको उहाँले जानकारी दिनुभयो ।

"यहाँ सुन्तला उत्पादन हुने स्थानलाई पकेट क्षेत्र घोषणा गरेर खेती विस्तारमा जोड दिइएको छ । यहाँका वालिङ, साक्सिराङ, दितेनी क्षेत्रमा सुन्तलाको बढी उत्पादन हुने गरेको छ । त्यसैले किसानलाई उन्नत जातका बिरुवा उपलब्ध गराउनुका साथै प्राविधिक सहयोग दिँदै आएका छौँ", वडाध्यक्ष थापाले भन्नुभयो, "यसले किसानलाई व्यावसायिक उत्पादनतर्फ उन्मुख बनाएको छ। नर्सरी स्थापना गरेर किसानलाई बिरुवा वितरण गर्दै आएका छौँ ।"

स्थानीय कृषक प्रशुराम राईका अनुसार सुन्तला खेतीबाट राम्रो आम्दानी हुन थालेपछि किसानहरू यसतर्फ आकर्षित भइरहेका छन् ।

आफ्नो बारीमा हाल १५० बोट हारहारी सुन्तला रहेको उहाँले बताउनुभयो । "अन्नबालीभन्दा सुन्तलाबाट बढी आम्दानी हुने देखिएको छ", राईलेले भन्नुभयो, "यसले हाम्रो जीवनस्तर सुधारमा सहयोग पुगेको छ । त्यसैले यस क्षेत्रका किसानले व्यावसायिक सुन्तला खेती गर्दै आएका छौँ ।"

गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत महेश निरौलाले लुङ्गिन क्षेत्र फलफूल खेतीका लागि उपयुक्त भएकाले सुन्तला खेतीलाई प्राथमिकतामा राखिएको बताउनुभयो । "यहाँको हावापानी र माटो सुन्तलाका लागि निकै उपयुक्त छ", उहाँले भन्नुभयो, "यसलाई व्यावसायिक रूपमा विस्तार गर्ने योजना छ ।"

गाउँपालिका अध्यक्ष प्रेमकुमार राईले सुन्तला खेतीमार्फत किसानलाई आत्मनिर्भर बनाउने लक्ष्य रहेको बताउनुभयो । फलफूल खेतीको माध्यमबाट किसानको आयस्तर सुधार गर्ने लक्ष्यले भूगोलअनुसार फलफूल खेतीमा जोड दिएको उहाँले बताउनुभयो ।

"स्थानीय उत्पादन बढाउँदै किसानको आयस्तर उकास्ने हाम्रो उद्देश्य हो । फलफूल खेतीलाई अझ व्यवस्थित र व्यावसायिक बनाउँदै लैजाने योजना बनाएका छौँ", अध्यक्ष राईले भन्नुभयो ।

स्थानीय तहको सहयोग, उपयुक्त हावापानी र बजारको पहुँचका कारण लुङ्गिन क्षेत्र सुन्तला उत्पादनको उदीयमान केन्द्रका रूपमा विकास हुँदै गएको छ। रासस

# मल्कवाङमा खानेपानीको पहुँच पुग्यो

म्याग्दी । धवलागिरि गाउँपालिका-५ मल्कवाङमा 'एक घर, एक धारा'सहितको खानेपानी आयोजना निर्माण भएको छ।

कुल रु ५४ लाख ३६ हजार ४२ को लागतमा निर्माण भएको आयोजनाबाट ८९ वटा धारामार्फत घरघरमा खानेपानी वितरणको व्यवस्था मिलाइएको हो। ८६ निजी घर, विद्यालय, स्वास्थ्यचौकी र वडा कार्यालयमा मिटरसहितको निजी धारा जडान गरेर खानेपानी वितरण गरिएको उपभोक्ता समितिका अध्यक्ष रासबहादुर छन्त्यालले जानकारी दिनुभयो ।

उहाँका अनुसार नेवा संस्थाको रु २६ लाख ९९ हजार ८४, गाउँपालिकाको रु १९ लाख २५ हजार १११ लगानी भएको योजना निर्माणका लागि उपभोक्ताले रु एक लाख ५७ हजार ९३० नगद लगानी र रु छ लाख ५३ हजार ९१७ बराबरको श्रमदान गरेका छन् ।



मल्कवाङमा यसअघि सार्वजनिक धारामार्फत खानेपानी वितरण हुने गरेको थियो । आँगनकै धारामा नियमित स्वच्छ खानेपानी आपूर्ति भएपछि समयको बचत र झन्झट हटेको छ। धवलागिरि गाउँपालिका-५ को मल्कवाङ, मलम्पार र भेडिखाल्टा टोलका एक सय ८५ घरमा निजी धारा जडान गरेर खानेपानी सुविधा विस्तार गरिएको वडाध्यक्ष अमर छन्त्यालले बताउनुभयो। रासस

# राजस्व चुहावट रोक्न भन्सार नाकामा कडाइ

झापा । राजस्व चुहावट नियन्त्रणका लागि सशस्त्र प्रहरी बलले पूर्वीनाका काँकडभिट्टालगायत भन्सार नाकामा कडाई गर्न थालेको छ।

सीमावर्ती क्षेत्रका बासिन्दा खाद्यवस्तु, लत्ताकपडा र अन्य घरायसी प्रयोजनका सामान खरिद गर्न भारतीय सीमावर्ती बजार धाउने प्रवृत्तिले स्थानीय बजार सुस्ताएका र मुलुकले राजस्व गुमाइरहेको गुनासोपछि यहाँ कडाई गरिएको हो ।

यहाँ सशस्त्र प्रहरी बलले मेचीनगर, भद्रपुर, गौरीगञ्ज र कचनकवललगायत सीमा नाकामा रु एक सयभन्दा बढी मूल्यको सामान भारतबाट ल्याउँदा अनिवार्य भन्सार महसुल बुझाउन आग्रह गरिरहेको छ । भन्सार महसुल नुबुझाए कानुनबमोजिम कारबाही अघि बढाइने भन्दै सूचित गर्ने काम पनि भइरहेको सशस्त्र प्रहरी बल नेपाल नं २ गण हेडक्वार्टर झापाका सूचना अधिकारी मदन रसाइलीले बताउनुभयो । गृह मन्त्रालयको निर्देशनअनुसार राजस्व चुहावट नियन्त्रण गर्न सीमा क्षेत्रमा सचेतनामूलक कार्यक्रम सुरु गरिएको उहाँले बताउनुभयो ।



सीमानाकाबाट हुने अवैध आयात र राजस्व चुहावट रोक्न सशस्त्र प्रहरीले देशैभरका नाकामा झापामा जस्तै निगरानी बढाइरहेको जनाइएको छ। रासस

# सात करोडमा बन्यो जिल्ला प्रशासन कार्यालय नवलपरासी भवन

नवलपरासी । पश्चिम नवलपरासीको जिल्ला प्रशासन कार्यायलले आजदेखि आफ्नै भवनबाट सेवा दिन सुरुआत गरेको छ ।

प्रमुख जिल्ला अधिकारी दीपकराज नेपालले पुरानो भवनलाई भत्काएर सोही ठाउँमा नयाँ भवन तयार गरिएको जानकारी दिनुभयो ।

तीन वर्षदेखि निर्माणाधीन प्रशासन कार्यालयले उद्योग वाणिज्य सङ्घ नवलपरासीको भवनबाट सेवा दिँदै आएको थियो।

विसं २०७९ चैतमा भवन निर्माणका लागि ठेक्का पाएको कम्पनीले २०८१ को पुस मसान्तसम्म काम सक्नुपर्ने थियो । तर विभिन्न कारणले ठेकेदारले काम सम्पन्न गर्न नसकेपछि चालु आर्थिक वर्षभित्र निर्माण सम्पन्न गर्नेगरी निर्णय भएपछि ठेकेदारले २०८२ चैत २६ गते औपचारिक रूपमा हस्तान्तरण गरेको प्रजिअ नेपालले बताउनुभयो । सुविधासम्पन्न तीनतले भवन रु सात करोड ८७ लाख ९२ हजारको लागतमा निर्माण सम्पन्न भएको हो । रासस

# तीन महिनादेखि कर्मचारीको तलब बांकी




**टुडे समाचारदाता**

जनकपुरधाम । रौतहट र सर्लाही कार्यक्षेत्र रहेको पर्यटन विकास कार्यालय कर्मचारीको तीन महिनाको तलब बांकी रहेको छ । लामो समयदेखि कार्यालय प्रमुखको आधिकारिकता टुंगो नलाग्दा कर्मचारीले तीन महिनादेखि तलब पाउन नसक्दा कार्यालयबाट प्रवाह हुने सेवा पूर्ण रूपमा प्रभावित भएको छ ।

मधेश प्रदेश सरकारले कार्यालय प्रमुखको टुंगो नलगाउँदा यहाँ कार्यरत कर्मचारीले माघदेखि तलब पाउन सकेका छैनन् भने विकास-निर्माणका कामसमेत रोकिएका छन् । आर्थिक वर्ष समाप्त हुन तीन महिना मात्र बाँकी रहँदा पनि कार्यालयको एउटा पनि योजना सञ्चालन हुन सकेको छैन ।

मधेश प्रदेश सरकारद्वारा रौतहटमा स्थापित पर्यटन विकास कार्यालयको आर्थिक वर्ष २०८२/०८३ मा हालसम्मको पुँजीगत खर्च शून्य रहेको छ । कार्यालयको कुल बजेट ७८ करोड ६० लाख रुपियाँ रहेकामा हालसम्म चालु शीर्षकतर्फ ६६ लाख ११ हजार रुपियाँ मात्र खर्च भएको छ ।

योजना सञ्चालन हुन नसक्दा बजेट फ्रिज हुने सम्भावना बढेको कार्यालयका लेखापाल अरविन्द कुमार यादवले जानकारी दिए । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, जनकपुरधामले मनपरी सरुवा गरेपछि कार्यालय लथालिङ्ग भएको स्थानीय सरोकारवालाहरूको गुनासो छ ।

गत माघ २ गते निमित्त प्रमुख सचिव रामकुमार महतोले कार्यालय प्रमुखको जिम्मेवारीमा रहेका लेखा अधिकृत आठौँ राजेश काफ्लेलाई काज फिर्ता गर्दै उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयमा कार्यरत रा.प. तृतीय श्रेणीका इन्जिनियर कमलेश कुमार मिश्रलाई कामकाजमा खटाएदेखि नै कार्यालयको सेवा प्रवाह रोकिएको हो ।

सरुवा गरेको दुई दिन नबित्दै निमित्त प्रमुख सचिव महतोले नै काफ्लेको काज फिर्ता कार्यान्वयन नगर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेश र पर्यटन विकास कार्यालय, गौरलाई पत्राचार गरेको थियो ।

उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका अनुसार मिश्र आधिकारिक कार्यालय प्रमुख रहेको तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार काफ्ले नै आधिकारिक कार्यालय प्रमुख रहेको बताइएपछि प्रदेश लेखा इकाई कार्यालय, रौतहटले कार्यालयको आर्थिक कारोबार बन्द गरिदिएको छ । आधिकारिकता नटुंगिएसम्म आर्थिक कारोबार बन्द रहने प्रदेश लेखा इकाई कार्यालयका प्रमुख नवीन दासले बताएका छन् ।

यसैबिच, संघ सरकारका इन्जिनियर रहेका मिश्रलाई गत चैत २४ गते संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जिल्ला समन्वय समितिको कार्यालय, सोलुखुम्बुमा सरुवा गरेको छ । आर्थिक वर्षको अन्त्यतिर कार्यालय प्रमुखविहीन बनाएर प्रदेश सरकारले बेथितिको नमुना प्रस्तुत गरेको स्थानीयको आरोप छ ।

मधेश प्रदेश सरकारका कामु प्रमुख सचिव कमलप्रसाद भट्टराईले सबै दोषारोपण उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका सचिव जयकुमार घिमिरेलाई थुपार्ने र सचिव घिमिरेले सबै दोष निमित्त प्रमुख सचिव भट्टराईमाथि थुपार्ने गरेकाले निष्कर्ष निस्कन सकेको छैन ।

# बजेट आभावमा सडक अलपत्र



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकार मन्त्री पिच्छे दलीय आस्थाको आधारमा एउटै आयोजनाको नयाँ ढंगले सुरुवात गर्दा गत चार वर्षदेखि एक निर्वाचन क्षेत्र ५ किलोमीटर सडक निर्माण योजनाको धनुषामा ७ वटा सडक अझै अलपत्र रहेका छन् ।

मधेश प्रदेश सरकारले आवश्यक बजेट उपलब्ध नगराउंदा तत्कालिन मुख्यमन्त्री लालबाबु यादव नेतृत्व सरकारको पालामा गौरवको आयोजना भनी भौतिक पूर्वाधार विकास मन्त्री जितेन्द्र सोनलले आ.व. २०७८/०७९ मा एक निर्वाचन क्षेत्र ५ किलोमीटर सडक अभियान अन्तर्गत धनुषाको ८ प्रादेशिक निर्वाचन क्षेत्र मध्ये ७ वटा सडक चार वर्षदेखि अलपत्र छन् ।

प्रदेशको आठ निर्वाचन क्षेत्र मध्ये रहेका धनुषा ४ (क) को जमुनियाँ-बनिनियाँ-हारसर सडक मात्र सम्पन्न हुन सकेको पूर्वाधार विकास कार्यालय छ । बनिनियाँ-देउरी, देउरी-बसहिया, बसहिया-ठेरा, ठेरा-लक्ष्मीनिया, लक्ष्मीनिया-कटैया, कटैया-मुसहरी तथा मुसहरी-मुख्य सडक जोड्ने सडक अधूरा रहेका रहेका छन् । ती सबै सडक योजना बजेट अभावकै कारण अघि बढ्न नसकेको पूर्वाधार विकास कार्यालय धनुषाले जनाएको छ ।

सरोकारवाला निकायका अनुसार प्रदेश सरकारले समयमै बजेट निकासा नगर्दा ठेक्का प्रक्रिया प्रभावित भएको र निर्माण कार्य ठप्पजस्तै बनेको छ । “बजेट सुनिश्चित नभएसम्म काम अगाडि बढाउन सक्ने अवस्था छैन,” पूर्वाधार विकास कार्यालयका सूचना अधिकारीले बताए ।

तत्कालिन मन्त्री जितेन्द्र सोनलले ल्याएको योजना अलपत्र अवस्थामा रहेकै बेला नेकपा एमालेबाट भौतिक मन्त्री बनेका सरोज यादवले चालु आर्थिक वर्षमा एक निर्वाचन क्षेत्र ५ किलोमीटर सडक भन्ने नयाँ योजना ल्याएको छ । यी योजनामा अहिले काम भइरहेको छ भने पछिल्ला योजनाहरु बारे सरकार मौन छन् ।

स्थानीयवासीले भने सडक निर्माणमा भएको ढिलाइप्रति असन्तुष्टि जनाउँदै आएको छ । वर्षौंदेखि सडक स्तरोन्नतिको अपेक्षा गरिए पनि योजना अधुरै रहँदा आवतजावतमा समस्या भोग्नुपरेको उनीहरूको गुनासो छ । वर्षायाममा हिलो र सुख्खा समयमा धुलोका कारण दैनिक जीवन कष्टकर बनेको स्थानीयको भनाइ छ ।

पूर्वाधार विकास कार्यालयले उपलब्ध गराएको तथ्यांक अनुसार मन्त्री सोनलले ल्याएको योजनामा धनुषा जिल्लाको निर्वाचन क्षेत्रका ८ सडकका लागि ५ करोड ५५ लाख २६ हजार ३४१ रुपैया बजेट छुटयाएको थियो । निर्माण व्यवसायी ठेकेदारलाई अहिलेसम्म ८९ लाख ७१ हजार ८२९ रुपैया मात्र भुक्तानी गरिएको छ । अहिले ४ करोड ६५ लाख ५४ हजार ५१२ रुपैया भुक्तानी गर्न बांकी रहेको छ । भुक्तानी बांकी रहेको देखाइएको रकम अहिले धैरै काम गर्न बांकी नै रहेको छ ।

लागि प्रदेश सरकार चालु आ.व.मा मन्त्री सोनलको योजनामा मात्र एक करोड रुपैया उपलब्ध गराएको छ । जस पक्षले भने बजेट व्यवस्थापन प्रक्रियामा रहेको जनाउँदै निकासा भएपछि निर्माण कार्य तीव्र पारिने दाबी गरेको छ । तर हालसम्मको अवस्थाले सडक पूर्वाधार विकासमा प्रदेश सरकारको प्राथमिकता र कार्यान्वयन क्षमतामाथि प्रश्न उठाएको छ ।

# धनुषामा ११० मुद्दा दर्ता

**टुडे समाचारदाता**

जनकपुरधाम । चैत महिनामा जिल्ला प्रहरी कार्यालय धनुषामा विभिन्न प्रकारका ११० वटा अपराधका मुद्दा दर्ता भएको छ ।

जिप्रका धनुषाद्वारा जारी प्रेस विज्ञप्ति अनुसार चैत महिनाभरि सबैभन्दा बढी संगठित तथा आर्थिक अपराध सम्बन्धी ५० मुद्दा दर्ता भएका छन् । त्यस्तै सामाजिक अपराध ४३, सवारी ज्यानसम्बन्धी १०, आत्महत्या २४, चोरी ७, ज्यानसम्बन्धी ५ तथा महिला तथा बालबालिकासम्बन्धी ३ मुद्दा दर्ता भएको उल्लेख छ ।

प्रहरीका अनुसार जघन्य तथा गम्भीर अपराधतर्फ कर्तव्य ज्यानका १, हातहतियारका १ र मानव बेचबिखनका ३ मुद्दा दर्ता भएका छन्। आर्थिक अपराधअन्तर्गत बैंकिङ कसुरका २३, जुवातासका ११ र मुद्रा सम्बन्धी केही मुद्दा गरी कुल ५७ घटना दर्ता भएको जनाइएको छ ।

चालु मुद्दामध्ये धनुषामा १०९ वटा मुद्दा फस्र्यौट गरिएको छ, जसले प्रहरीको अनुसन्धान तथा कारबाही प्रक्रियामा सक्रियता देखाएको छ । सार्वजनिक चासोका मुद्दाअन्तर्गत ९४ वटा पेण्डिङ्ग मुद्दामा ९५ फछ्र्यौट भएको छ । फैसला कार्यान्वयनतर्फ ६५ वटा मुद्दा कार्यान्वयन गरिएको छ । यस क्रममा २७ वर्ष ८ महिना २८ दिन कैद सजाय तथा करिब ८ लाख ३८ हजार रुपैयाँ जरिवाना असुल गरिएको प्रहरीले जनाएको छ ।

# जिप्रका रौतहटको निरीक्षण

**टुडे समाचारदाता**

रौतहट । मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुरधामका प्रमुख डिआईजी गोबिन्द थपलियाले जिल्ला प्रहरी कार्यालय रौतहटको अनुगमन तथा निरीक्षण गरेका छन् ।



बुधवार निरिक्षण गर्दै डिआईजी थापालियाले प्रहरी संयन्त्रलाई कुनै पनि राजनीतिक प्रभावमा नपरी कानुनअनुसार जनताको सेवा गर्न निर्देशन दिएका छन् ।

निरीक्षणपछि प्रहरी प्रमुख एसपी सिताराम रिजालसहित कार्यरत प्रहरी कर्मचारी र मातहत इकाई प्रमुखहरूलाई सम्बोधन गर्दै उनले “सत्य, सेवा, सुरक्षण” को मूल मन्त्रलाई व्यवहारमा उतार्न जोड दिए। डिआईजी थपलियाले व्यावसायिकता, निष्पक्षता र अनुशासनलाई केन्द्रमा राखेर काम गर्न निर्देशन दिएका हुन् ।

निरीक्षणका क्रममा उनले विशेषगरी सीमावर्ती जिल्ला रौतहटमा बढ्दो तस्करी र अपराधिक गतिविधिप्रति गम्भीर चासो व्यक्त गरेका थिए ।

जिल्ला प्रहरी प्रवक्ता डिएसपी विष्णु प्रदीप बस्यालका अनुसार डिआईजी थपलियाले तस्करी नियन्त्रणलाई उच्च प्राथमिकतामा राख्न र संगठित अपराधमाथि कडा निगरानी गर्न निर्देशन दिएका छन् । उनले “कुनै नेता वा दलको प्रभावमा नपर्नु” प्रहरीलाई स्वतन्त्र रूपमा काम गर्न सुझाव दिएका थिए ।

डिआईजी थपलियाको रौतहट भ्रमण र निर्देशनले प्रहरी संगठनलाई स्पष्ट मार्गनिर्देशन दिएको छ। तर यसको वास्तविक प्रभाव भने आगामी दिनमा देखिने प्रहरीको कार्यशैली र परिणामले निर्धारण गर्नेछ । राजनीतिक दबाब, तस्करी र अपराधिक गतिविधिबीच सन्तुलन मिलाउँदै कानुनको शासन कायम गर्न सक्नु नै अब रौतहट प्रहरीका लागि मुख्य परीक्षा बनेको छ ।

# राजश्व अनुसन्धान कार्यालयमा आगलागी

**टुडे समाचारदाता**

बारा । बाराको जीतपुर सिमरा उपमहानगरपालिका-१ पथलैयास्थित राजश्व अनुसन्धान कार्यालयमा विद्युत् सर्टका कारण आगलागी हुँदा कार्यालय प्रमुखको कार्यकक्ष पूर्णरूपमा नष्ट भएको छ ।

मंगलबार राति करिब १२ बजे भएको उक्त आगलागीले कार्यालयको दोस्रो तल्लामा रहेको प्रमुख डिल्लीराज लेखकको कार्यकक्षमा ठूलो क्षति पुऱ्याएको हो। प्रारम्भिक अनुसन्धानअनुसार विद्युत् सर्टकै कारण आगो लागेको अनुमान गरिएको प्रहरीले जनाएको छ ।

आगलागीका कारण कार्यकक्षभित्र रहेका ल्यापटप, एसी, फर्निचरलगायतका सम्पूर्ण सामग्री जलेर नष्ट भएका छन् । कार्यालय सुरक्षामा खटिएका सुरक्षाकर्मीले कोठाबाट धुवाँ निस्किएको देखेपछि तत्काल अन्य कर्मचारीलाई जानकारी गराएका थिए। त्यसपछि कर्मचारी र सुरक्षाकर्मीको संयुक्त प्रयासमा फायर एक्स्टिङ्गुइजर प्रयोग गरी आगो नियन्त्रणमा लिइएको थियो ।

कार्यालय प्रमुख डिल्लीराज लेखकले आगलागीबाट कार्यकक्षमा रहेका सबै सामग्री क्षति पुगेको पुष्टि गर्दै क्षतिको विस्तृत विवरण संकलन भइरहेको बताए । यस्तै, जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक बिजयराज पण्डितले पनि विद्युत् सर्टकै कारण आगलागी भएको प्रारम्भिक निष्कर्ष रहेको जानकारी दिँदै कुल क्षतिको मूल्याङ्कन प्रक्रिया जारी रहेको उल्लेख गरे ।

# क्रिप्टो कारोबार आरोपमा तीन पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । काठमाडौमा एक अर्ब रुपैयाभन्दा बढीको क्रिप्टो कारोबारको जालो फेला परेको छ । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले १५ लाख ३० हजार रुपैयाँ नगदसहित पक्राउ परेका एक व्यक्तिबाट सुरु भएको अनुसन्धानपछि करिब १ अर्ब ३६ करोड रुपैयाँभन्दा बढीको कारोबारको जालो फेला पारेको हो ।



गत ६ चैतमा नेपालगञ्ज उपमहानगरपालिका-२० सम्झना चोकका ३१ वर्षीय नरेश रेउलेलाई सामाखुसीबाट पक्राउ गरेको थियो । क्रिप्टो कारोबारसम्बन्धी सूचनाका आधारमा उनलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार रेउलेले क्रिप्टो कारोबार गर्न इच्छुक व्यक्तिहरूलाई आपसमा सम्पर्क गराउने र त्यसबापत कमिसन लिने गरेको प्रारम्भिक बयान दिएका छन् । उनीमार्फत अनुसन्धान अघि बढ्दै जाँदा ललितपुर नख्खुकी ३२ वर्षीया दिप्ती पोखरेलसम्म प्रहरी पुगेको थियो । पोखरेललाई १५ लाख ३० हजार रुपैयाँ नगदसहित सामाखुसी क्षेत्रबाट पक्राउ गरिएको हो ।

उनै पोखरेलमार्फत भारतीय नागरिक प्रवेश अली भन्ने एसके बसिर इकबाललाई एकान्तकुनाबाट पक्राउ गरेपछि प्रकरणको मुख्य जालो खुल्न थालेको प्रहरीले जनाएको छ । इकबालले “बिनान्स” नामक क्रिप्टो ट्रेडिङ अकाउन्टमार्फत यूएसडी कारोबार गर्ने गरेको पाइएको छ ।

उनको ‘अकाउन्ट हिस्ट्री’ अनुसार हालसम्म करिब १ अर्ब ३६ करोड ८० लाख रुपैयाँभन्दा बढीको कारोबार भएको अपराध अनुसन्धान कार्यालयले जनाएको छ ।

प्रहरीका अनुसार इकबाल विगत २८ वर्षदेखि नेपालमा बस्दै आएका थिए र उनले सामाखुसीमा “अली बाबा सर्भिसेस” नामक कम्पनी सञ्चालन गर्दै आएका थिए। सोही कम्पनीमार्फत उनले अन्य व्यक्तिहरूलाई पनि क्रिप्टो कारोबारमा संलग्न गराएको पाइएको छ ।

अनुसन्धानमा अनिल घिमिरे नामका अर्का व्यक्तिको समेत संलग्नता रहेको देखिएको प्रहरीले जनाएको छ । हाल उनी फरार छन् । पक्राउ परेका नरेश रेउले पहिले पनि बैंकिङ कसुर, वैदेशिक रोजगार तथा हुण्डीसम्बन्धी मुद्दामा संलग्न रहेको प्रहरीको भनाइ छ ।

प्रकरणमा संलग्न तीन जनाविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेको छ । उनीहरूमाथि अभौतिक मुद्रा (क्रिप्टो) र हुण्डीसम्बन्धी कसुरमा कारबाही अघि बढाइएको छ । मुद्दामा करिब १ अर्ब ३६ करोड ८० लाख रुपैयाँ बिगो मागदाबी गरिएको छ भने अदालतमा बयान र थुनछेक बहस जारी रहेको जनाइएको छ।

# यात्रुको चाप घट्यो




**टुडे समाचारदाता**

बारा । सिमरा-काठमाडौं हवाई मार्गमा पछिल्ला दिनमा यात्रुको चाप घटेको छ । हवाई इन्धनको मूल्य वृद्धि भएसँगै टिकट दर बढेपछि यस रुटमा यात्रु संख्या तीव्र रूपमा घटेको नागरिक उड्डयन कार्यालय सिमराले जनाएको छ ।

अघिसम्म दैनिक ५ देखि ६ सयसम्म यात्रु आवतजावत गर्ने उक्त रुटमा अहिले करिब २ सय यात्रु मात्र सीमित भएका छन् । भाडा करिब १ हजार १ सय रुपैयाँले बढेपछि सिमराबाट काठमाडौं जान ५ हजार ५ सय ५० रुपैयाँ र काठमाडौंबाट सिमरा आउन ५ हजार १ सय ५० रुपैयाँ तिर्नुपर्ने भएको छ ।

यात्रु अभावका कारण उडानहरू पूर्ण क्षमतामा सञ्चालन हुन सकेका छैनन्। करिब १५ मिनेटको उडानमा समेत जहाजहरू आधाभन्दा कम यात्रुसहित उडिरहेका छन्। काठमाडौंबाट सिमरा आउने उडानमा करिब २५ जना र सिमराबाट फर्किने क्रममा झन्डै ३० जना मात्र यात्रु हुने गरेको तथ्यांकले देखाएको छ । बुद्ध एयर सिमरा कार्यालयका प्रमुख सुरेश रेग्मीका अनुसार पछिल्ला दुई सातामा उडानको औसत अकुपेन्सी ५० प्रतिशतमा झरेको छ । उनका अनुसार जेनजी आन्दोलनपछि यात्रु संख्या घट्न थालेको हो भने पछिल्लो भाडा वृद्धिले मध्यम वर्गका यात्रुहरूलाई थप प्रभावित पारेको छ। सिमरा विमानस्थल मुख्यतः पथलैया-वीरगञ्ज औद्योगिक करिडोरसँग जोडिएका व्यापारिक तथा राजनीतिक यात्राका लागि प्रयोग हुँदै आएको थियो। तर नयाँ सरकार गठनसँगै राजनीतिक गतिविधि कम हुँदा यात्रु संख्या घट्न थप प्रभाव परेको देखिन्छ। यता, सडक मार्गको सहज विकल्पले पनि हवाई यात्रामा कमी ल्याएको छ ।

सिमरा-काठमाडौं दूरी सडकमार्गबाट करिब चार घण्टामै पार गर्न सकिने भएकाले महँगो भाडाबाट बच्न धेरै यात्रुहरू स्थलमार्ग रोज्न थालेका छन् । ट्राभल व्यवसायीहरूका अनुसार नियमित हवाई यात्रुहरू समेत अहिले सडक यात्रा तर्फ आकर्षित भएका छन् ।

हाल सिमरा विमानस्थलबाट बुद्ध एयरले मात्र एटीआर-७२ जहाजमार्फत दैनिक पाँच उडान सञ्चालन गरिरहेको छ । अन्य यति एयर, श्री एयरलाइन्स, सौर्य एयरलाइन्स र नेपाल एयरलाइन्सले भने यस रुटमा सेवा स्थगित गरिसकेका छन् ।

# सीमामा कडाई, ३ हजार सशस्त्र प्रहरी परिचालन

टुडे समाचारदाता

जनकपुरधाम । भारतीय सीमावर्ती क्षेत्रमा सुरक्षा व्यवस्था मजबुत बनाउन सशस्त्र प्रहरी बलले ठूलो संख्यामा जनशक्ति परिचालन गरेको छ भने भीड नियन्त्रणसम्बन्धी नयाँ कार्यविधि ल्याउने तयारी गरेको छ ।

सशस्त्र प्रहरीका प्रवक्ता तथा नायब महानिरीक्षक विष्णुप्रसाद भट्ट का अनुसार हालसम्म २७ जिल्लाबाट करिब २ हजार २०० सुरक्षाकर्मी सीमाक्षेत्रमा खटाइएको छ । यो संख्या केही दिनमै बढाएर करिब ३ हजार पुऱ्याइने उनले जानकारी दिए ।

झापादेखि कञ्चनपुरसम्मका २७ तराई जिल्लामा २४ सै घण्टा गस्ती गर्नेगरी सुरक्षा बल परिचालन गरिएको छ। आवश्यकता अनुसार पहाडी जिल्लाबाट समेत थप जनशक्ति झिकेर सीमाक्षेत्रमा स्थायी रूपमा तैनाथ गर्ने तयारी भइरहेको छ । सशस्त्र प्रहरीले दीर्घकालीन रूपमा १० देखि १२ हजार थप जनशक्ति आवश्यक पर्ने माग पनि अघि सारेको छ ।

यसैबीच, भीड नियन्त्रणमा सशस्त्र प्रहरीलाई प्रारम्भिक चरणमै नखटाउने गरी नयाँ नीति तयार भइरहेको बुझिएको छ । सुरुवातमा नेपाल प्रहरी ले मात्र सम्झाउने, लाठीचार्ज, अश्रुग्यास तथा पानीको फोहोरा प्रयोग गर्नेछ भने अवस्था



नियन्त्रण बाहिर गएपछि मात्र सशस्त्र प्रहरी परिचालन गरिने प्रस्तावमा भनिएको छ ।

दुवै सुरक्षा निकायबीच समन्वय र जिम्मेवारी स्पष्ट बनाउन यस्तो कार्यविधि तयार गरिएको बताइएको छ, जुन हाल गृह मन्त्रालय मा छलफलमा रहेको छ । सरकारले सशस्त्र प्रहरीलाई सीमासुरक्षासँगै औद्योगिक तथा रेलवे सुरक्षामा समेत विस्तार गर्ने योजना अघि बढाएको छ ।

साथै बोर्डर आउट पोस्ट (बीओपी) संख्या ४२५ पुऱ्याउने प्रस्ताव गरिएको छ, जबकि हाल देशभर २६० बीओपी मात्र सञ्चालनमा छन् । दंगा नियन्त्रणका लागि कीर्तिपुर स्थित नीलबाराही गणलाई विशेष दंगा नियन्त्रण गणका रूपमा रूपान्तरण गरिएको छ ।

यसैशीच प्रहरी प्रशासनले सीमावर्ती क्षेत्रमा अप्रत्यासित रूपमा सक्रियता बढाएको छ । तस्करी तथा अवैध कारोबार नियन्त्रणभन्दा पनि सीमावर्ती क्षेत्रमा सर्वसाधारणलाई प्रत्यक्ष असर पर्ने गरी चेकजाँच कडाइ गरिएको गुनासो बढ्न थालेको छ । सीमावर्ती सहरबाट खरिद गरेर ल्याइने सामानमाथि समेत निगरानी तीव्र बनाइएको छ ।

यसैक्रममा पर्सा प्रहरीले अवैध रूपमा सञ्चालन भइरहेका भारतीय नम्बर प्लेटका सवारीसाधनमाथि विशेष चेकिङ अभियान सुरु गरेको छ । जिल्ला ट्राफिक कार्यालय पर्सा र वडा प्रहरी कार्यालय बिर्ताको संयुक्त आयोजनामा सञ्चालन गरिएको उक्त अभियानले सीमाक्षेत्रमा सवारी आवागमनलाई लक्षित गरेको हो ।

बुधबार दिउँसो ४:०० बजेदेखि ५:३० बजेसम्म छपकैया प्रहरी बिट अगाडि रहेको सडक खण्डमा सञ्चालन गरिएको चेकिङका क्रममा सवारीसाधनहरूलाई रोकि-रोकि कागजात जाँच गरिएको जिल्ला ट्राफिक प्रहरीले जनाएको छ ।

अभियानका क्रममा करिब ४० वटा मोटरसाइकल, स्कुटर तथा कारहरूको जाँच गरिएको थियो। तीमध्ये ११ जना चालकसँग सवारी दर्ता प्रमाणपत्र (आरसी बुक), ब्लु बुक लगायत आवश्यक कागजात नभएको र इन्ट्री समेत नगरिएको पाइएपछि उनीहरूलाई नियन्त्रणमा लिई जरिवाना गरिएको जिल्ला ट्राफिक कार्यालय पर्साका प्रमुख युवराज कटवालले जानकारी दिए ।

वडा प्रहरी कार्यालय बिर्ताका प्रमुख विक्रम सुवेदीका अनुसार भारतबाट ल्याइएका केही इलेक्ट्रिक स्कुटरहरू बिना नम्बर प्लेट सञ्चालन भइरहेको समेत फेला परेको छ। ती सवारीसाधनका चालकलाई भने सम्झाई-बुझाई गरेर छाडिएको उनले बताए ।

प्रहरी प्रशासनले कागजातविहीन तथा नियमविपरीत सञ्चालन भइरहेका सवारीसाधनमाथि आगामी दिनमा पनि निरन्तर कडाइका साथ चेकिङ अभियान सञ्चालन गरिने जनाएको छ । यद्यपि स्थानीयवासीले भने यस्तो कडाइले दैनिक जीवनयापनमा असहजता बढाएको भन्दै सन्तुलित कार्यान्वयनको माग गरेका छन् ।


## सम्पदा जोगाऔं, पहिचान बचाऔं

- ऐतिहासिक, साँस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं ।
- सम्पदा क्षेत्रमा फोहोर नगरौं ।
- पुरातात्विक तथा धार्मिक स्थलहरुमा तोडफोड वा क्षति नपुऱ्याऔं ।
- स्थानीय संस्कृति, परम्परा र मूल्य-मान्यताको सम्मान गरौं ।
- सम्पदा क्षेत्रको संरक्षणसम्बन्धी नियम तथा निर्देशनहरुको पालना गरौं ।
- पर्यटक तथा आगन्तुकहरुलाई सम्पदाको महत्व बारे जानकारी गराऔं ।
- अनधिकृत निर्माण तथा अतिक्रमणबाट सम्पदालाई जोगाऔं ।
- पुराना सम्पदाहरुको मर्मत-सम्भार र संरक्षणमा समुदायको सक्रियता बढाऔं ।

सम्पदा जोगाउनु हाम्रो कर्तव्य हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड


**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८